सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ पुस २०८१, मंगलबार (7 Jan 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २६१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

अर्बौं बक्यौता ढुकुटीमा ल्याउन खोज्दा उल्टै सरकारको तारो

कुलमान हटाउन फेरि अर्को प्रयास

यसअघि पदबाट हट्न बाध्य पार्ने नियतसहित तीनपटक 'विवरण' मागेको ऊर्जा मन्त्रालयले यसपटक 'तपाईंको नियुक्ति किन अन्त्य नगर्ने ?' भनेर धम्कीपूर्ण भाषामा स्पष्टीकरण सोधेको छ। जब कि यस्तो स्पष्टीकरण मन्त्रिपरिषद्ले मात्रै सोध्न सक्छ।

- कुलमान घिसिङ विद्युत् प्राधिकरणको नेतृत्वमा आएपछि दैनिक १८ घण्टासम्मको लोडसेडिङ अन्त्य गरेर देशलाई उज्यालो बनाए। ३४ अर्ब ६१ करोड नोक्सानीमा रहेको प्राधिकरणलाई ५६ अर्बभन्दा धेरै सञ्चित नाफामा पुऱ्याए। वार्षिक करिब १२ अर्ब आम्दानी हुने गरी चुहावट घटाए। विद्युत्को बजार भारतदेखि बंगलादेशसम्म विस्तार गरे। ५८ प्रतिशत नागरिकमा सीमित विद्युत् पहुँच ९९ प्रतिशतमा पुऱ्याए।

अहिले लोडसेडिङका वेला प्रिमियम शुल्कमा उद्योगहरूले प्रयोग गरेको अर्बौं विद्युत् बक्यौता उठाएर सरकारी ढुकुटीमा ल्याउने अभियानमा छन्। तर, उद्योगीहरूको पक्षपोषणमा लागेको सरकार बक्यौता उठाउन सहयोगी बन्नुको सट्टा जसरी हुन्छ कुलमानलाई हटाउन लागिपरेको छ। त्यही शृंखलाअन्तर्गत सोमबार चौथोपटक धम्कीपूर्ण स्पष्टीकरण सोधेको छ।

• कुलमान घिसिङ भन्छन्–

मन्त्रालयबाट स्पष्टीकरण सोधिएको पत्र प्राप्त भएको छ, तोकिएको अवधिभित्रै जवाफ पठाउँछु।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

लोडसेडिङका वेला उपभोग गरेको बिजुलीको अर्बौं महसुल वर्षौंसम्म नतिरेका उद्योगीको पक्षपोषण गर्दै आएको सरकारले उल्टै बक्यौता उठाउन खोज्ने विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई तारो बनाएको छ। उनलाई हटाउने नियतसहित ऊर्जा मन्त्रालयले सोमबार धम्कीपूर्ण स्पष्टीकरण सोधेको छ। यसअघि पदबाट हट्न बाध्य पार्ने गरी 'विवरण' माग्दै आएको मन्त्रालयले यसपटक 'तपाईंको नियुक्ति किन अन्त्य नगर्ने ?' भनेर स्पष्टीकरण सोधेको छ। ऊर्जामन्त्री दीपक खड्काको निर्देशनमा मन्त्रालयका सचिव सुरेश आचार्यको हस्ताक्षरमा स्पष्टीकरणपत्र काटिएको हो। जब कि मन्त्रिपरिषद्बाट नियुक्त कार्यकारी निर्देशकलाई यस्तो स्पष्टीकरण मन्त्रिपरिषद्ले मात्रै सोध्न सक्छ।

• कुलमानलाई 'ह्युमिलियट' गर्न प्राधिकरणमै आफ्नो कार्यकक्षसमेत स्थापना गरेका ऊर्जामन्त्री दीपक खड्काले विनासन्दर्भ स्पष्टीकरण सोध्दै सात दिनभित्र जवाफ मागेका छन्

पदीय मर्यादाविपरीत कार्य गरेको र असहयोगी भूमिका खेलेको आरोप लगाउँदै कुलमानलाई सात दिनभित्र चित्तबुझ्दो स्पष्टीकरण पेस गर्न भनिएको छ। नौ बुँदामा सोधिएको स्पष्टीकरणको चित्तबुझ्दो जवाफ नआए थप कारबाही अघि बढाउने धम्की दिइएको छ। पत्र कुलमानकहाँ पुगिसकेको छ।

घिसिङले मन्त्रालयबाट स्पष्टीकरण सोधेको पत्र प्राप्त भएको बताए। उनले तोकिएको अवधिभित्र जवाफ पठाउने पनि बताए। 'मन्त्रालयबाट स्पष्टीकरण सोधिएको पत्र प्राप्त भएको छ, तोकिएको अवधिभित्रै जवाफ पठाउँछु,' उनले भने।

पछिल्लो समय प्राधिकरणको केन्द्रीय कार्यालयमै आफ्नो कार्यकक्ष बनाएर प्राधिकरण नेतृत्वमाथि दबाब बढाउँदै आएका मन्त्री खड्काले आफ्नै मनमौजीमा 'अवैध' जाँचबुझ समिति गठन गरेर त्यसको आर्थिक बोझ पनि प्राधिकरणमाथि थुपार्ने निर्णय गरेपछि कुलमानले उक्त माइन्युटमा लिखित असहमति (नोट अफ डिसेन्ट) जनाएका थिए। यस घटनाबाट थप रुष्ट बनेका खड्काले 'नोट अफ डिसेन्ट'को प्रसंगसमेत उठाएर कुलमानमाथि स्पष्टीकरण सोधेका छन्।

'तालुक मन्त्रालयले डेडिकेटेड फिडर र ट्रंकलाइन महसुल विवाद समाधान गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को निर्देशनबमोजिम गठन गरेको प्राविधिक जाँच समितिलाई आवश्यक सहयोग उपलब्ध गराउने एजेन्डामा तपाईंजस्तो सरकारबाट नियुक्त कार्यकारी

» पृष्ठ २ मा क्रमशः

दुई महिनाअघि नै जारी भएको थियो कांग्रेस सांसद राईविरुद्ध पक्राउ पुर्जी

तर, गृहको निर्देशनमा योजनाबद्ध रूपमा अभियोगपत्रबाटै नाम गायब

नवराज मैनाली/नयाँ पत्रिका

दुई अर्ब ६५ करोड हिनामिना भएको काठमाडौंको कालीमाटीस्थित स्वर्णलक्ष्मी सहकारी ठगी प्रकरणमा कांग्रेस केन्द्रीय सदस्य तथा सांसद माया राईलाई बचाउन गृह प्रशासनले योजनाबद्ध काम गरेको भेटिएको छ। सहकारीकी पूर्वसहसचिव राईविरुद्ध दुई महिनाअघि नै पक्राउ पुर्जी जारी भएको थियो। तर, मुद्दा दायर गर्ने वेला उनको नाम नै मिसिलबाटै गायब बनाइयो।

सांसदकै स्थायी ठेगाना र तीनपुस्ते नखुलेको भन्दै मुद्दाबाट उन्मुक्ति दिएपछि प्रहरी र सरकारी वकिल कार्यालयको अनुसन्धान तथा अभियोजनमाथि गम्भीर प्रश्न उठेको छ। प्रहरीले महिनौं लगाएर अनुसन्धान गर्दा पनि तीनपुस्ते विवरण प्राप्त नभएको भन्नु आफैंमा शंकास्पद छ। स्रोतहरू भन्छन्, 'उच्च राजनीतिक तहबाट दबाब आएपछि प्रहरी र सरकारी वकिल कार्यालयबाट उनलाई जोगाइएको हो।'

सञ्चालक नै रहेको देखिएपछि सुरुमा काठमाडौं प्रहरीले सांसद राईसहित ४४ जनाको नाममा जिल्ला अदालतबाट पक्राउ पुर्जी लिएको थियो। तर, आइतबार जिल्ला अदालतमा ३९ जनाविरुद्ध मुद्दा दायर हुँदा अभियोगपत्रमा राईको नाम हटाइयो। जब कि उनी सहकारीमा दुई-दुई कार्यकाल सञ्चालक थिइन्। भोजपुर घर भएकी सांसद राई समानुपातिक सांसद हुन्।

काठमाडौं प्रहरीले राईलाई पनि प्रतिवादी बनाउन सिफारिस गरेको दाबी गरेको छ। जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंका प्रमुख सहन्यायाधिवक्ता रामहरि शर्मा काफ्लेले भने तीनपुस्ते नखुलेको अवस्थामा प्रतिवादी बनाउँदा म्याद तामेललगायत समस्या हुने भएकाले तीनपुस्ते खुलाएर ल्याउन प्रहरीलाई निर्देशन दिएको दाबी गरे।

कांग्रेस सांसद माया राई

तर, शर्माको दाबी तर्कसंगत देखिँदैन। किनभने अभियोगपत्रमा तीनपुस्ते नखुलेका कारण राईविरुद्ध मुद्दा नचलाइएको भन्ने विषय उल्लेख नै छैन। तीनपुस्ते नखुलेका ६ जनाको नाम रहेकामा राईको नाम त्यहाँबाट पनि हटाइएको छ। अझै गम्भीर विषय त के छ भने अभियोगपत्रको विवरणअनुसार थप अनुसन्धान गर्ने सूचीमा समेत राईको नाम राखिएको छैन।

अभियोगपत्रमा भनिएको छ, 'प्रस्तुत मुद्दाका प्रतिवादीहरू यामकुमार नाल्बो, सुरज श्रेष्ठ, पुनमकुमारी चालिसे, मीरा बमजन, सञ्जीव गिरी र सहकारीको रकम अपचलन गर्ने कार्यमा संलग्न रहेको भनिएका प्रचण्डमान प्रधानसमेतको हकमा हालसम्मको अनुसन्धानबाट तीनपुस्तेसहितको यकिन वतन खुल्न नआएको हुँदा र प्रस्तुत स्वर्णलक्ष्मी सहकारी

» पृष्ठ २ मा क्रमशः

सूर्यदर्शन सहकारी मुद्दामा थुनछेक बहस

■ वरिष्ठ अधिवक्ताहरूको दलिल- माथिको आदेशमा प्रक्रियासमेत मिचेर रविविरुद्ध मुद्दा

कास्कीमा **रोहितराज पराजुली**

पोखराको सूर्यदर्शन सहकारी मुद्दामा कास्की जिल्ला अदालतमा जारी थुनछेक बहसमा वरिष्ठ अधिवक्ताहरूले रास्वपा सभापति रवि लामिछानेविरुद्ध 'माथिको आदेश'मा प्रचलित कार्यविधि र प्रक्रियासमेत मिचेर मुद्दा दायर गरिएको दलिल पेस गरेका छन्। लामिछानेको तर्फबाट सोमबार बहस गरेका वरिष्ठ अधिवक्ताद्वय सुशील पन्त र रमण श्रेष्ठले पूरक अभियोग लगाउन जिल्ला सरकारी वकिलको कार्यालयले उच्च सरकारी वकिलको कार्यालयसित राय लिनुपर्ने भए पनि त्यसो नगरी राजनीतिक प्रतिशोध साधेर मुद्दा चलाएको भन्दै प्रश्न उठाए।

'पूरक अभियोग लगाउन जिल्ला सरकारी वकिलको कार्यालयले उच्च सरकारी वकिलको कार्यालयसित राय लिनुपर्छ,' वरिष्ठ अधिवक्ता पन्तले भने, 'तर, त्यसो नगरिनु राजनीतिक प्रतिशोध हो।' गत ६ असोजमा छविलाल जोशीलाई पक्राउ गरेपछि त्यसको ९० दिन (५ पुस) भित्र मुद्दा बुझाउनुपर्ने भए पनि ९० दिन कटेर ७

रवि लामिछानेको तर्फबाट सोमबार बहस गरेका वरिष्ठ अधिवक्ताद्वय सुशील पन्त र रमण श्रेष्ठ

■ इजलासमा रमण श्रेष्ठको दलिल

सर्वोच्च अदालतले दुर्गा प्रसाईंको केसमा दूषित मनसाय देखिएको भन्दै रिहा गर्ने आदेश दिएको थियो, यो मुद्दामा पनि नियत कलुषित छ। चल्दै नचल्ने मुद्दा राज्यले चलाइसक्यो। अब थुनामा राख्ने बहस गर्नु र आदेश दिनु अनर्थ हुनेछ। उनलाई आवश्यक परेका वेला बोलाउने गरी छाड्नुपर्छ।

पुसमा बल्ल मुद्दा दायर गर्नु पनि बदनियत भएको उनको तर्क छ।

लामिछाने र उनको नयाँ दलप्रति पुराना शक्तिहरूले 'थ्रेट फिल' गरेका कारण

» पृष्ठ २ मा क्रमशः

मिलेमतोको विवादपछि ५० लाख इ-पासपोर्ट छाप्ने टेन्डरको म्याद थप

■ राहदानी विभागले पासपोर्ट छपाइका लागि १३ मंसिरमा अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गर्दै २८ पुससम्म आवेदन दिने म्याद तोकेकोमा थपेर २९ माघसम्म पुऱ्याएको छ

करिब १२ अर्ब रुपैयाँको टेन्डर आह्वानमा अमूक कम्पनीलाई फाइदा पुग्ने गरी बोलपत्रमा पूर्वसर्तहरू राखेको भन्दै सार्वजनिक खरिद अनुगमन कार्यालय तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी

नयाँ पत्रिका

५० लाख पासपोर्ट छपाइका लागि टेन्डर आह्वान गरेको राहदानी विभागले टेन्डरको म्याद एक महिना थपेको छ। विभागले पासपोर्ट छपाइका लागि १३ मंसिरमा अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गर्दै २८ पुससम्म आवेदन दिने म्याद तोकेकोमा थपेर २९ माघसम्म पुऱ्याएको छ। विभागले आफ्नो वेबसाइटमा आइतबार सूचना प्रकाशन गर्दै समय थपेको जानकारी दिएको छ।

करिब १२ अर्ब रुपैयाँको पासपोर्ट छपाइको टेन्डर आह्वान गर्दा विभागले अमूक कम्पनीलाई फाइदा पुग्ने गरी बोलपत्रमा पूर्वसर्तहरू राखेको भन्दै सार्वजनिक खरिद अनुगमन कार्यालय तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ। त्यसपछि विभागले म्याद एक महिना थपेको हो। विभागले आवेदन परेका कम्पनीहरूको प्राविधिक प्रस्ताव ३० माघको दिउँसो २ बजे खोल्नेछ।

अहिले फ्रान्सको कम्पनी आइडिमियाले पासपोर्ट छपाइ गर्दै आएको छ। प्रतिस्पर्धामा जाने रुचि गरेका कतिपय अन्तर्राष्ट्रिय कम्पनीहरूले आइडिमियालाई नै पुनः टेन्डर दिने गरी सर्तहरू राखिएको भन्दै संशोधनका लागि माग गर्दै आएका छन्। आइडिमियाले हालसम्म

» पृष्ठ २ मा क्रमशः

कर्नर किक

• रवि मिश्र

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ मधेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा भ्रष्टाचार

नक्कली कागजातका आधारमा सम्झौता गरेर एक करोड भुक्तानी, प्रदेश सचिवसहित आठविरुद्ध मुद्दा

सुवास भट्ट/नयाँ पत्रिका

नक्कली कागजातका आधारमा कार्यक्रम सम्झौता गरी एक करोड रुपैयाँ भुक्तानी गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रदेश सचिवसहित आठजनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारका अनुसार आर्थिक वर्ष ०७९/८० मा मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट सञ्चालित सहकार्यमा आधारित कृषि, पशुपक्षी तथा मत्स्य विकास कार्यक्रममा भ्रष्टाचार भएको हो। सरकारी अनुदान रकम हिनामिना गर्ने दूषित मनसायका साथ योजनाबद्ध रूपमा काम गरिएको अख्तियारको दाबी छ।

भ्रष्टाचारमा संलग्न भएको आरोपमा अख्तियारले मुद्दा दायर गरेका कर्मचारीमा मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयकी तत्कालीन सचिव डा. नम्रता सिंह, मन्त्रालयकै तत्कालीन वरिष्ठ कृषि अर्थविज्ञ तथा कृषि ज्ञानकेन्द्र धनुषाका तत्कालीन कार्यालय प्रमुख शंकरप्रसाद साहलगायत छन्। सिंह हाल लुम्बिनी प्रदेशकी बहालवाला कृषिसचिव हुन् भने साह मधेशकै कृषि मन्त्रालयमा ११औं तहका कर्मचारी हुन्।

मन्त्रालयकै कृषि प्रसार अधिकृत अमरचन्द्र मण्डल, सहलेखापाल ब्रजेशकुमार साह तथा युवरानी मत्स्य तथा कृषि फर्म प्रालि र त्यसका अध्यक्ष लक्ष्मीनारायण यादवलाई पनि अख्तियारले

» पृष्ठ २ मा क्रमशः

प्रतिवादीहरू

- **डा. नम्रता सिंह**, तत्कालीन सचिव (हाल लुम्बिनीमा कृषिसचिव)
- **शंकरप्रसाद साह**, वरिष्ठ कृषि अर्थविज्ञ तथा कृषि ज्ञानकेन्द्र धनुषाका तत्कालीन कार्यालय प्रमुख
- **अमरचन्द्र मण्डल**, कृषि प्रसार अधिकृत
- **ब्रजेशकुमार साह**, सहलेखापाल
- **लक्ष्मीनारायण यादव**, अध्यक्ष, युवरानी मत्स्य तथा कृषि फर्म प्रालि
- **रञ्जितकुमार अधिकारी**, तत्कालीन पशु चिकित्सक
- **अविनाशकुमार झा**, कृषि प्रसार अधिकृत
- **विकासकुमार साह**, कृषि विकास निर्देशनालयका तत्कालीन कृषि अर्थविज्ञ

प्रतिवादीविरुद्ध जनही एक करोड रुपैयाँको बिगोदाबी

डा. नम्रता सिंह

अख्तियारको दाबी

- सरकारी अनुदान रकम हिनामिना गर्ने दूषित मनसायका साथ योजनाबद्ध रूपमा काम गरिएको अख्तियारको दाबी
- प्रतिस्पर्धामा संलग्न नै नरहेको फर्मलाई सूचीमा समावेश गरी छनोट, बैंक ग्यारेन्टीविनै सम्झौता
- सम्झौताको तीन दिनपछि ३२ हजार घटीको नक्कली बैंक ग्यारेन्टी स्वीकार, सामान खरिदको भन्सार प्रज्ञापन नै नक्कली

लाभग्राही फर्मले नै पेस गरेको प्राविधिक स्पेसिफिकेसन र लागत अनुमान स्वीकृत गरेको दाबी

- स्थलगत अध्ययन र प्राविधिक टोलीले गम्भीर कैफियत औंल्याउँदा पनि भुक्तानीको टिप्पणी पेस, कानुनविपरीत एक करोड रुपैयाँ भुक्तानी

■ अब फराकिलो र एकैखाले फुटपाथ

फुटपाथ विस्तार भइरहेको वसन्तपुर क्षेत्र।

नक्साल, गौशाला, वसन्तपुर, बुद्धनगर क्षेत्रमा इँटा आकारको आयताकार ब्लक (पेभर्स) बिछ्याउन पुरानो फुटपाथ भत्काइएको छ। काठमाडौं महानगरपालिकाले ६ कुने ब्लकको सट्टा पेभर्स बिछ्याउन थालेको हो। फराकिलो र एकैखाले फुटपाथ बनाउने जिम्मा एसियन कंक्रिटोले पाएको छ, उसले जर्मन प्रविधि भित्र्याएको हो। न्युरोड, रत्नपार्क, सिंहदरबार क्षेत्र, पुतलीसडकदेखि अनामनगर र बागबजार क्षेत्रमा पेभर्स बिछ्याइसकिएको छ। काठमाडौं महानगरका प्रवक्ता नवीन मानन्धरले महानगरका धेरै क्षेत्रका फुटपाथमा पेभर्स बिछ्याउने र मर्मतको काम भइरहेको बताए।

तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

दुई महिनाअघि...

पृष्ठ १ बाट क्रमशः

संस्थाबाट ठुलो मात्रामा कर्जा रकम लिई हालसम्म पनि नतिर्ने मानिसहरू शम्भु गुरागाईं, ओमप्रकाश गुरुङ, लक्ष्मीप्रसाद पौडेल, उमेश गुरुङ, दीपेशकुमार पुन, भीमबहादुर तामाङ, पुष्पा राईसमेतका व्यक्तिहरू र प्रस्तुत मुद्दामा अन्य कोही कसैको संलग्नता रहेको भन्ने पछि खुली आएका बखत संगठित अपराध निवारण ऐन, २०७० को दफा २२ एवं मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ बमोजिम कारबाही गरिनेछ।'

गीतेन्द्रबाबु (जिबी) राईको समूहले सञ्चालन गरेको स्वर्णलक्ष्मी सहकारीबाट दुई अर्ब ६५ करोड रुपैयाँ हिनामिनाको आरोपमा आइतबार जिल्ला अदालतमा ३९ जनाविरुद्ध मुद्दा दर्ता भएको छ। यसलगत्तै, सांसद राईलाई उन्मुक्ति दिइएकोबारे सोमबार नयाँ पत्रिकामा समाचार प्रकाशन भएपछि काठमाडौं प्रहरीले उनीमाथिको अनुसन्धानबारे छलफल थालेको छ। नयाँ पत्रिकासँग कुरा गर्दै उनले आफू सो सहकारीमा आबद्ध भएको, तर रकम हिनामिनामा संलग्न नभएको दाबी गरेकी छिन्।

सहरकारीकै दस्ताबेजअनुसार राई सो सहकारीको दुईपटक सञ्चालक भएकी थिइन्। आर्थिक वर्ष ०७३/७४ मा, कल्पनाकुमारी श्रेष्ठ अध्यक्ष, देवेन्द्रबाबु राई उपाध्यक्ष, गीतेन्द्रबाबु राई सचिव, सविना आलेमगर कोषाध्यक्ष तथा यामकुमार नाल्बो, राजु बराल र राई सदस्य थिए। पछि ०७४/७५ देखि ०७५/७६ मा उनी सहसचिव हुँदा कल्पनाकुमारी श्रेष्ठ अध्यक्ष, देवेन्द्रबाबु राई उपाध्यक्ष, दीपक लामा सचिव, रविना आलेमगर कोषाध्यक्ष तथा भक्तबहादुर भोलन र प्रदीप लामा सदस्य थिए। त्यति वेलादेखि नै गैरकानुनी रूपमा कर्जा प्रवाह हुँदा सहकारी धराशायी भएको अनुसन्धानमा देखिए पनि अन्य सञ्चालकलाई मुद्दा चलाउँदा उनलाई अनुसन्धानबाहिर राखिएको छ।

प्रारम्भिक अनुसन्धानमा उनको संलग्नता देखिएपछि प्रहरीले अदालतबाट पक्राउ पुर्जी लिएको थियो। तर, पछि अभियोगबाट नाम हटाउनुलाई अनुसन्धानको अस्वाभाविक पक्ष मानिएको छ। अर्कोतर्फ सहकारीका सञ्चालकले उन्मुक्ति पाउँदा सहकारीबाट पैसा गएको कम्पनीका सञ्चालकलाई भने मुख्य आरोपीका रूपमा अनुसन्धान गरी मुद्दा दायर गरिएको छ। प्रहरीको यो अनुसन्धान र कारबाही प्रक्रियामाथि लगातार प्रश्न उठेका छन्।

सहकारीलाई २० करोड तिर्नुपर्नेसमेत अनुसन्धानबाहिर

सहकारी संस्था बचत रकम दुरुपयोगसम्बन्धी संसदीय विशेष छानबिन समितिले औंल्याएका व्यक्तिमाथि समेत प्रहरीको अनुसन्धान अगाडि बढेको छैन। समितिको प्रतिवेदनअनुसार स्वर्णलक्ष्मी सहकारीलाई उमेश गुरुङले २० करोड १७ लाख ४७ हजार तिर्नुपर्ने देखिन्छ, त्यस्तै पुष्पराज पौडेलले आठ करोड ७६ लाख, प्रमोद खनालले ६ करोड २० लाख, दीपेश पुनले चार करोड चार लाख र भीमबहादुर तामाङले दुई करोड ४२ लाख तिर्नुपर्नेछ। उनीहरूमध्ये पौडेललाई मात्र प्रतिवादी बनाइएको छ। त्यस्तै, कामद सहकारीलाई तीन करोड ९७ लाख दिइएको विषयमा पनि अनुसन्धान हुन सकेको छैन। स्वर्णलक्ष्मी सहकारीबाट पैसा लैजाने मुख्य व्यक्तिहरूमाथि नै अनुसन्धान हुन नसक्दा पीडितहरूले पैसा फिर्ता पाउनेमा आशंका व्यक्त गरेका छन्। सिद्धार्थ विद्यासदन हाइस्कुलले पनि सहकारीलाई सात लाख तीन हजार तिर्न बाँकी छ। तर, सो स्कुललाई पनि प्रतिवादी बनाइएको छैन।

माथिको आदेशमा...

पृष्ठ १ बाट क्रमशः

सहकारीमा संलग्न नै नहुँदा पनि मुद्दा लगाइएको दाबीसमेत पन्तले गरे। मूल अभियोगमा पूरक मुद्दा थपे पनि थप तथ्य प्रमाण भने नथपिएको भन्दै उनले लामिछानेलाई थुनामा राख्नुपर्ने आधार नै नरहेको तर्क गरे।

'पहिलो अभियोगपत्रमा जे-जति प्रमाण थिए, दोस्रो र तेस्रोमा त्योभन्दा बढी फ्याक्ट केही छैन। यसअघि नै अभिलेख भइसकेको दस्ताबेजका आधारमा नयाँ-नयाँ मुद्दा सिर्जना गरियो, तर, नयाँ मुद्दाका लागि चाहिने नयाँ तथ्य, प्रमाण भने केही छैनन्,' इजलासमा पन्तले भने, 'पुर्पक्षका लागि थुनामा राख्न तत्काल प्राप्त प्रमाणले कसुरदार देखिनुपर्‍यो, प्रमाण नभए विश्वास र मनासिब आधार देखिनुपर्‍यो, नभए तारिखमा छोड्नुपर्‍यो। मुद्दा लगाउनुपर्ने आधार नै नभएकाले थुनामा राख्ने/नराख्ने भन्ने बहस नै गर्नुपरेन।'

सहकारीबाट रकम ल्याएर सबै पैसा मासे, खाएको भनिए पनि गोर्खा मिडिया र सूर्यदर्शन सहकारीबिच ३० करोड लगानी गर्ने सहमति नै भएको कागज प्रस्तुत गर्दै वरिष्ठ अधिवक्ता पन्तले गोर्खा मिडियामा भएको ४४ करोडको सम्पत्ति बेचेर पीडितलाई दिने प्रयास किन गरिएन भन्ने प्रश्न उठाए। उनले गोर्खा मिडियाको सबै आर्थिक कारोबार जिबी ग्रुप अफ कम्पनिजबाट नियन्त्रित हुन्थ्यो भन्ने बयान धेरैको रहेको सम्झाउँदै लामिछाने र गोर्खा मिडियाबिच भएको सम्झौतामा लामिछानेको जिम्मा न्युज र प्रोडक्सनसम्बन्धी मात्र हुने र जनशक्ति व्यवस्थापन पनि न्युज र प्रोडक्सनको मात्रै हुने लेखिएको तथ्य प्रस्तुत गरे।

ऋणको किस्ता तिर्न रवि लामिछानेले चेक काटेको भनिएकोमा २१ चेकमध्ये ६ वटा मात्र उनी त्यहाँ कार्यरत हुँदाको रहेको भन्दै वरिष्ठ अधिवक्ता पन्तले बाँकी उनी आउनुअघि र कम्पनी छाडिसकेपछिको भएको तथ्य पेस गरे। उनले अभियोगपत्रमा आफूअनुकूल हुने मितिलाई विक्रम संवत्मा र अनुकूल नहुनेलाई इस्वी संवत्मा राखिएको भन्दै यसमा बदनियत खुलस्त झल्किएको बताए। उनले उक्त सबै मितिलाई आफूले नेपालीमा परिवर्तन गरेर भिडाएर हेरेको भन्दै त्यसको प्रतिसमेत इजलासमा बुझाएका छन्।

सूर्यदर्शन सहकारीबाट तीन करोड चानचुन रकम आएको भनेर दाबी गरिए पनि सम्पत्ति शुद्धीकरणमा चाहिँ २७ करोड बिगो कायम गरिएकोमा पनि आपत्ति जनाउँदै उनले भने, 'सात लाख बचत हुनेलाई २७ करोड बिगो कसरी भयो ?' बैंक स्टेटमेन्टमा भएका कारोबारलाई मात्र आधार बनाउँदा यस्तो भएको भन्दै अभियोजन पक्षले कति सम्पत्ति बढे, बढाएको भन्नेबारे छानबिन नै नगरेकोमा पनि पन्तले प्रश्न उठाए।

वरिष्ठ अधिवक्ता श्रेष्ठले पनि प्रचलित कार्यविधिसमेत पालना नगरी उच्च सरकारी वकिलको कार्यालयको राय नलिनुले मुद्दा बदनियतपूर्ण रूपमा ल्याइएको पुष्टि हुने तर्क गरे। रवि लामिछानेलाई मुद्दामाथि मुद्दा लगाउने दूषित मनसाय देखिएकाले अदालतले रिहा गर्न आदेश दिनुपर्ने माग गरे। 'सर्वोच्च अदालतले दुर्गा प्रसाईंको केसमा दूषित मनसाय देखिएको भन्दै रिहा गर्ने आदेश दिएको थियो, यो मुद्दामा पनि नियत कलुषित छ,' उनको दाबी छ।

लामिछानेलाई थुनामा राख्नुपर्ने कुनै आधार नरहेको भन्दै उनले रिहाइको माग गरे। 'चल्दै नचल्ने मुद्दा राज्यले चलाइसक्यो। अब थुनामा राख्ने बहस गर्नु र आदेश दिनु अनर्थ हुनेछ। उनलाई आवश्यक परेका वेला बोलाउने गरी छाड्नुपर्छ,' इजलासमा उनले जोड दिए।

तत्कालीन प्रधानमन्त्री प्रचण्ड, संसदीय विशेष छानबिन समितिका संयोजक सूर्य थापा, प्रहरी महानिरीक्षक वसन्त कुँवरलगायतले लामिछाने सहकारी ठगीमा संलग्न नरहेको बताएको भिडियो पनि उनले ल्यापटपबाटै इजलासमा देखाए। उनले अगाडि भने, 'रविले जिबीलाई सिकायो भन्ने तर्क गलत हो। जिबीले रविका कारण टिभी खोलेको प्रमाण छैन,' उनले भने। अभियोजन पक्षले संगठित अपराध र सामूहिक अपराधको फरक छुट्याउन नसकेको आरोप पनि श्रेष्ठको छ। त्यस्तै, अर्का अधिवक्ता सुरेन्द्र थापाले सूर्यदर्शन सहकारीका ६४१ ऋणी भए पनि ऋण असुलीको प्रक्रिया किन सुरु नगरिएको भन्दै प्रश्न उठाए।

कुलमान हटाउन...

पृष्ठ १ बाट क्रमशः

निर्देशकले नै नोट अफ डिसेन्ट लेखी नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा २५ को उल्लंघन हुने गरी सरकारको निर्देशनको अवज्ञा गर्नुभएको छ,' स्पष्टीकरणको चौथो नम्बरमा उल्लेख छ।

प्रा.डा. अरविन्दकुमार मिश्रको संयोजकत्वमा गठित तीन सदस्यीय समितिको आर्थिक दायित्व प्राधिकरणले लिने प्रस्ताव मन्त्री खड्काले ४ पुसमा बसेको प्राधिकरण सञ्चालक समिति बैठकमा पेस गरेका थिए। तर, प्राधिकरणले यसअघि उद्योगीहरूलाई दिएको महसुल बिललाई संसदीय समितिदेखि अदालतसम्मले अनुमोदन गरिसकेकाले पुनः जाँचबुझ गर्न समिति गठन गर्नु स्वार्थलक्षित अवैध कदम भएको भन्दै कुलमानले 'नोट अफ डिसेन्ट' जनाएका थिए। ढिला गरी माइन्युट तयार गरेर १६ पुसमा हस्ताक्षर गर्दा कुलमानले 'नोट अफ डिसेन्ट' लेखेका थिए। यसैलाई एउटा वहाना बनाएर मन्त्री खड्काले कुलमानलाई पदमुक्त गर्ने चेतावनीको भाषामा स्पष्टीकरण सोधेका छन्। जब कि प्राधिकरणको सञ्चालक समिति बैठकमा फरक मत राख्ने अधिकार प्राधिकरण ऐनले नै दिएको छ। ऐनको दफा १५ को उपदफा ४ मा बैठकमा बहुमतको राय मान्य हुने उल्लेख छ। 'समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने सञ्चालकले निर्णयात्मक मत दिनेछ,' ऐनमा भनिएको छ।

मन्त्री खड्काले यसअघि २२ असोज, १३ कात्तिक र मंसिर तेस्रो साता चेतावनीकै शैलीमा कुलमानसँग विभिन्न विवरण मागेका थिए। शाब्दिक रूपमा स्पष्टीकरण नाम नदिए पनि ती दुवै स्पष्टीकरण नै थिए। कुलमानले आफूसँग मागिएका विवरण र जवाफ उपलब्ध गराएका थिए। तर, त्यसमा चित्त नबुझेको बहाना कोट्याउँदै मन्त्री खड्काले अहिले स्पष्टीकरण सोधेका छन्।

स्पष्टीकरणको ३ र ४ नम्बर बुँदामा लेखिएको छ, 'तपाईंले २२ असोज ०८१ को पत्रमार्फत यस मन्त्रालयले माग गरेका ट्रान्सफर्मर खरिदमा व्यापक अनियमितता भएको गुनासोलगायतका १५ बुँदे विवरणहरू तोकिएको समयभित्र उपलब्ध गराउनुभएन र पछि ४ मंसिर ०८१ को पत्र साथ सोमध्येका विवरणहरू उपलब्ध गराउँदा पनि अधिकांश विवरणहरू आफैँमा अपूरो र वास्तवमा खोजे/मागेभन्दा बाहिर गई गोलमटोल रूपमा जवाफ प्रस्तुत गर्नु भई यस मन्त्रालयको भूमिकालाई नजरअन्दाज गर्नुभयो। त्यस्तै, तपाईंलाई मन्त्रालयको १३ कात्तिकको पत्रमार्फत विभिन्न ६ बुँदाहरूको विषयमा स्पष्ट पार्न निर्देशन दिइएकोमा तपाईंले सत्यतथ्य लुकाई वस्तुनिष्ठ, यथार्थपरक जवाफ नपठाई केवल औपचारिकता मात्र निर्वाह गर्ने ढंगको असन्तुलित जवाफ र असम्बन्धित कागजात/विवरण पठाउनुभयो।' स्पष्टीकरणमा मन्त्रालयले नै खुलाएअनुसार २२ असोजमा मागिएका विवरण कुलमानले ४ मंसिरमै बुझाएका रहेछन्। जुन अवधि डेढ महिनाभन्दा धेरै भइसक्यो। तर, मन्त्रालयले अहिले आएर जवाफमा चित्त नबुझेको भन्दै स्पष्टीकरण मागेको छ। जब कि चित्त नबुझे तत्कालै थप प्रस्टीकरण सोध्नुपर्थ्यो। यसले कुलमानमाथि मन्त्री खड्काले 'नोट अफ डिसेन्ट'को प्रतिशोध साँधेको स्पष्टै झल्किन्छ।

मन्त्री खड्का मात्रै होइन, प्रधानमन्त्री केपी ओली नै कुलमानलाई प्राधिकरण नेतृत्वबाट निकालेर महसुल नतिरेका उद्योगीको पक्षमा निर्णय गर्ने योजनामा छन्। तर, देशलाई लोडसेडिङमुक्त गर्दै प्राधिकरणलाई नाफामा लगेका कुलमानलाई सीधै कारबाही गर्दा सार्वजनिक आलोचना थेग्न नसक्ने डर उनीहरूलाई छ। यसका लागि विभिन्न बहानामा दबाब बढाएपछि कुलमान आफैँ राजीनामा दिने अवस्थामा पुग्ने उनीहरूको अनुमान छ। तर, कुलमान भने मन्त्रिपरिषद्ले नियुक्त गरेकाले मन्त्रिपरिषद् बाटै पदमुक्त हुने निर्णय भए मात्र छाड्ने कानुनी स्पष्टतामा अडिग छन्।

सरकारको शतप्रतिशत स्वामित्व रहेको प्राधिकरणको कार्यकारी निर्देशकमा कुलमानलाई २५ साउन ०७८ मा सरकारले नियुक्त गरेको छ। मन्त्रिपरिषद्कै निर्णयबाट उनी दोस्रोपटक प्राधिकरण कार्यकारी निर्देशक नियुक्त भएका थिए। उनको कार्यकाल २४ साउन ०८२ मा सकिँदै छ। तर, प्राधिकरणमा एक कुशल व्यवस्थापकको हैसियत बनाएका उनको कार्यकाल सकिन सात महिना मात्रै बाँकी रहँदा पनि सरकार भने योजनाबद्ध रूपमा हटाउने योजनामा छ। सत्ताको साथ पाएका ३५ उद्योगले प्राधिकरणलाई अझै सात अर्ब बक्यौता बुझाएका छैनन्।

स्पष्टीकरणमा प्रतिशोध देखिने आधार

तेस्रो वर्षको कार्यसम्पादन मूल्यांकनमा ५० प्रतिशतभन्दा कम अंक प्राप्त गरेको अवस्थामा उक्त सम्झौता रद्द गरी सेवाबाट हटाउन सिफारिस गर्न सकिने चेतावनीसहित कुलमानलाई स्पष्टीकरण सोधिएको छ। ऊर्जा मन्त्रालयकै कार्यसम्पादन मूल्यांकनमा कुलमानले ०७८/७९ मा ९४.२३ प्रतिशत र ०७९/८० मा ९८.९४ प्रतिशत अंक प्राप्त गरेका उनलाई ०८०/८१ को मूल्यांकनमा नियोजित रूपमा ५० प्रतिशतभन्दा कम अंक दिएर पदबाट हटाउने प्रपञ्च सरकारको छ। तर, यस्तो ५० प्रतिशतभन्दा कम अंक पनि दुईपटकसम्म आएमा मात्र नियुक्त रद्द हुन सक्ने कार्यसम्पादन सम्झौतामा उल्लेख छ। तर, कार्यसम्पादन मूल्यांकन नै नियमसंगत नभएको प्रमाणले यसमा प्रतिशोधको आधार भेटिन्छ।

कार्यसम्पादन मूल्यांकनका लागि पहिला मूल्यांकन समिति बनाउनुपर्छ। उक्त समितिले विवरण मागेर कार्यसम्पादन मूल्यांकन गर्छ। तर, ऊर्जा मन्त्रालयले अहिलेसम्म समिति बनाएर कुलमानसँग विवरण मागेको छैन। १३ कात्तिकको पत्रबाट मन्त्रालयले नै विवरण मागेको थियो। ४ मंसिरमा जवाफ लेख्दै कुलमानले तोकिएको प्रक्रिया र ढाँचामा यथाशीघ्र कार्यसम्पादन विवरण उपलब्ध गराउने लिखित जानकारी गराएका थिए। तर, त्यसका लागि मन्त्रालयले अझै समन्वय गरेन।

मन्त्रालयले २२ असोज र १३ कात्तिकमा मागेको विवरण पेस नगरेको आरोप पनि कुलमानमाथि लगाएको छ। तर, अधिकांश विवरण मन्त्रालयमा डेढ महिनाअघि नै पेस गरिसकेका छन्। विवरण नपुगेको भए त्यतिवेलै थप कारबाही अघि बढाउनुपर्नेमा अहिले आएर स्पष्टीकरण सोध्नुलाई नियतको रूपमा हेरिएको छ।

ट्रान्सफर्मर खरिदमा अनियमितता गरेको गुनासो आएको भनेर पनि मन्त्रालयले कुलमानलाई स्पष्टीकरण सोधेको छ। धेरै ट्रान्सफर्मर स्टकमा राखेको आरोप स्वयं प्रधानमन्त्री केपी ओलीले नै गत ६ भदौमा संसद् को रोस्टमबाटै लगाएका थिए। तर, विद्युत् व्यवस्थापनका लागि प्राधिकरणलाई मासिक दुई सयदेखि तीन सयसम्म ट्रान्सफर्मर चाहिन्छ। यो खरिद गर्ने प्रक्रिया पूरा गर्न नै डेढ वर्ष लाग्छ। त्यसैले स्टकमा नराखिए कुनै ठाउँमा ट्रान्सफर्मर बिग्रिए तत्काल व्यवस्थापन गर्न सकिँदैन। यो चुनौती व्यवस्थापन गर्न प्राधिकरणले न्यूनतम एक वर्षलाई पुग्ने ट्रान्सफर्मर राख्नुपर्छ। तर, यसलाई अनियमिततासँग जोडेर सरकारले कुलमानमाथि प्रतिशोध साधेको देखिन्छ। सरकारले ट्रान्सफर्मर खुला ठाउँमा राखिएको विषयलाई पनि अनियमिततासँग जोडेको छ। तर, ट्रान्सफर्मर पोलमा खुला ठाउँमै राखिने भएकाले घामपानीमा पनि २५ वर्षसम्म टिक्ने क्षमताको हुने र खुला ठाउँमै स्टोर गर्न सकिने प्राधिकरणले बताउँदै आएको छ।

मन्त्रालयले डेडिकेटेड फिडर र ट्रंकलाइन महसुल विवाद समाधान गर्न भन्दै मन्त्रीले गठन गरेको प्राविधिक जाँच समितिको आर्थिक दायित्व प्राधिकरणले लिने भनेर गरेको निर्णयमा कुलमानले 'नोट अफ डिसेन्ट' लेखेको विषयलाई पनि स्पष्टीकरणको विषय बनाएको छ। प्रा.डा. अरविन्दकुमार मिश्रको संयोजकत्वमा गठित तीन सदस्यीय समितिको आर्थिक दायित्व प्राधिकरणले लिने प्रस्ताव मन्त्री खड्काले ४ पुसमा बसेको प्राधिकरण सञ्चालक समिति बैठकमा पेस गरेका थिए। तर, प्राधिकरणले यसअघि उद्योगीहरूलाई दिएको महसुल बिललाई संसदीय समितिदेखि अदालतसम्मले अनुमोदन गरिसकेकाले पुनः जाँचबुझ गर्न समिति गठन गर्नु स्वार्थलक्षित अवैध कदम भएको भन्दै कुलमानले 'नोट अफ डिसेन्ट' जनाएका थिए। ढिला गरी माइन्युट तयार गरेर १६ पुसमा हस्ताक्षर गर्दा कुलमानले 'नोट अफ डिसेन्ट' लेखेका थिए। जब कि प्राधिकरणको सञ्चालक समिति बैठकमा फरक मत राख्ने अधिकार प्राधिकरण ऐनले नै दिएको छ। यसैलाई आधार बनाएर पदबाट हटाउने चेतावनी दिनुमा प्रतिशोध भेटिन्छ।

यसअघि तीनपटक मागेका थिए विवरण

ऊर्जामन्त्री खड्काकै दबाबमा यसअघि पनि मन्त्रालयले कुलमानसँग तीनपटक अनावश्यक विवरण उपलब्ध गराउन ताकेता गरेको थियो। यो ताकेता स्पष्टीकरणकै शैलीमा थियो। २२ असोजमा मन्त्रालयले विभिन्न १५ विषयमा विगत चार वर्षदेखिका विवरणहरू मागेको थियो। त्यसका लागि १५ दिन समय दिइएको थियो। त्यस्तै, १३ कात्तिकमा थप ६ बुँदे विवरण मागिएको थियो। त्यसका लागि सात दिनको समय दिइएको थियो। त्यस्तै, मंसिर तेस्रो साता पनि ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् परियोजना सञ्चालन गर्न नसकेकोलगायतको विषयमा तीनबुँदे जानकारी मागेको थियो। त्यसका लागि पनि सात दिनको समय दिएको थियो।

छानबिन समिति संयोजकले नै गरेका थिए बहिष्कार

सरकारले कुलमानलाई हटाउने योजनासहित ६ मंसिरको मन्त्रिपरिषद्बाट छानबिन समिति नै बनाउने मौखिक निर्णय गरेको थियो। प्राधिकरणमा भएका अनियमिततालगायतका विषयमा छानबिन गर्ने भन्दै पूर्वन्यायाधीश हरिकुमार पोखरेलको संयोजकत्वमा छानबिन समिति बनाउने सहमति उक्त मन्त्रिपरिषद्मा भएको थियो। तर, त्यही बहानामा कुलमानलाई निलम्बन गर्ने वा राजीनामा दिन बाध्य गराउने सरकारको योजना थियो। यो थाहा पाएपछि संयोजक छानिएका पूर्वन्यायाधीश पोखरेलले समितिमा बस्न अस्वीकार गरे। त्यसपछि कुलमान हटाउने सरकारको योजना असफल भयो। मन्त्रिपरिषद्ले उक्त निर्णय माइन्युट नै गरेन।

धितो लिलाम विक्रि सम्बन्धि ३५ दिने अत्यन्त जरूरी सूचना

मिति : २०८१।०९।२३

यस संस्थाबाट कर्जा लिन हुने तपशिलका तपाई ऋणीले ऋण लिदा गर्नु भएको शर्तनामा अनुसार संस्थालाई बुझाउनु पर्ने किस्ता, साँवा, ब्याज हर्जना बुझाउन संस्थाले पटक पटक मौखिक, लिखित एवं राष्ट्रिय दैनिक नयाँ पत्रिकामा पटक पटक सार्वजनिक सूचना प्रकाशित गर्दा पनि कर्जा रकम साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुर नतिरि नबुझाई संस्था संग गर्नु भएको सर्तनामा उलंघन गर्नु भएकाले पुन: यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। सो समय सिमा भित्र संस्थामा सम्पर्क राखी सो मिति सम्मको साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुर र रकम चुक्ता गरि आफ्नो धितो फुकुवा गरि लिनु होला। अन्यथा ३६ औं दिनका दिन सुरक्षण बापतको धितो लिलाम गरिने भएकाले तपशिलको सर्त बन्देजको परिधी भित्र रही धितो सकार गरि लिन इच्छुक खरिदकर्ताहरुलाई सहभागी हुन सूचित गर्दछु साथै धितो लिलाम विक्रिबाट संस्थाको लेना रकम असुल उपर नभएमा सहकारी तथा बित्तिय संस्थाको प्रचलित नियम अनुसार ऋणी तथा जमानी कर्ताहरुको अन्य चल अचल, जाय जेथा श्री सम्पत्ती बाट समेत असुल उपर गरिने बेहोरा ऋणी तथा जमानी कर्ता सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

तपशिल

ऋणीको ३ पुस्ते विवरण	धितोको विवरण	जमानी	ऋणीको फोटो
१. **नाम:-रबिन कुमार लामा** २. बाबु:-कर्ण बहादुर लामा ३. बाजे:-पेम्बा लामा ४. ठेगाना:-काठमाडौं-६, बौद्ध	साविक नाल्दुम बालुवापाटी-६, हाल मण्डनपुर नगरपालिका-१, जिल्ला:- काभ्रेपलान्चोक वडा कि.नं. क्षेत्रफल ६ १७४७ ६-०-०-० (रोपनी) ३०५२.४४ व.मि. ६ २४५४ ४-०-२-२ (रोपनी) ३०५४.८४ व.मि. (उल्लेखित क्षे.फ.ले चर्चेको लिगलाग समेत)	नाम:-सिमोना जिरेल नाम:श्रीलाल तामाङ नाम:-रोशन तामाङ	

धितो लिलामका सर्त बन्देजहरुः

१. धितो लिलामको वोलपत्र फर्म संस्थाको कार्यालय चावहिलबाट नि:शुल्क उपलब्ध हुनेछ।
२. वोल पत्रमा आफुले लिन चाहेको धितो के कति रकममा खरिद गरि लिन चाहेको हो सो रकम अंक र अक्षर दुवैमा स्पष्ट लेखिएको हुनु पर्दछ र सो रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी वापत संस्थाको माछापुच्छ्रे बैंक चावहिल शाखा को खाता नं. ०४७००२७२१४०००१२ मा जम्मा गरेको सकल भौचर नै बोलपत्रको साथ समावेस गरी पेश गर्नु पर्नेछ साथै धरोटीमा जम्मा रकमको ब्याँज दिईने छैन।
३. लिलाम बिक्रि हुने धितोको आबश्यक कागजातहरु हेर्न र थप जानकारी लिन चाहनु हुने महानुभावहरुले संस्थाको कार्यालय चावहिलमा सम्पर्क राख्नु सक्नु हुनेछ।
४. लिलाम विक्रिमा रहेको धितो सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थालाई सकार गरि लिनु पर्ने छ।
५. सबै भन्दा बढी कवोल गर्नेको वोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार संस्थामा सुरक्षित रहने छ।
६. लिलाममा राखेको धितो सम्पत्ति नामसारी वा दा.खा. रजिष्ट्रेसन गर्दा लाग्ने सम्पुर्ण दस्तुर र सकार गरी लिने व्यक्ति स्वयंले वेहोर्नु पर्ने छ।
७. ०८१ माघ २८ गते देखि वोलपत्र दाखिला गर्ने क्रम सुरु भई ३० गते पुरा हुनेछ। ०८१ फाल्गुन १ गते विहिबार बोलपत्र खोलिने छ।
८. रित नपुगेको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

शुभ विहानी बचत तथा ऋण सहकारी संस्था लि.
चावहिल-७, काठमाडौं
फोन : ०१-४५६३१२४

साधारणसभा स्थगित सम्बन्धी सूचना

यस बी.पी. स्मृति सामुदायिक सहकारी अस्पताल लि.को १७ औं वार्षिक साधारण सभा २०८१ पौष २७ गते शनिवार हुने भनिएकोमा विशेष कारणवश हाललाई स्थगित गरिएको छ। अर्को मिति पछि जानकारी गराईने छ।

उमेशजंग रायमाझी
अध्यक्ष

भुलसुधार

मिति २०८१/९/२२ गते नयाँ पत्रिका दैनिकमा प्रकाशित **नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना** शिर्षकको सूचनामा **प्रकाशित मिति २०८१/९/२२** गते हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

महालक्ष्मी नगरपालिका
४ नं. वडा कार्यालय
इमाडोल, ललितपुर
बागमती प्रदेश, नेपाल

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

कामि बुढाको नातिनी, चन्द्र बहादुर बुढाको छोरी लुम्बिनी प्रदेश बाके जिल्ला खजुरा गाउँपालिका वडा नं. ९ मा बस्ने मनमति पुनले यस शाखामा बचत खाता नं. १९५१५२४०३००७५१ संचालन गर्दै आउनु भएकोमा मिति २०७८/१२/१३ मा निज खातावाला मनमति पुन को निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने जोख बहादुर पुन मगरले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक मनमति पुन को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदावी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र आफ्नो स-प्रमाण दावी गर्न यस बैंकको नेपालगंज शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL
नेपालगंज शाखा कार्यालय
फोन : ०८१-४१५१२५

मिलेमतोको...

पृष्ठ १ बाट क्रमशः

५१ लाख इ-पासपोर्ट छापिसकेको छ। ०७६ फागुनदेखि आइडिमिया कम्पनीले इ-पासपोर्ट छाप्दै आएको छ। विभागले आइडिमियासँग सुरुमा २० लाख इ-पासपोर्ट छपाइका लागि सम्झौता गरेको थियो भने दुईपटक भेरिएसनका क्रममा ३१ लाख छाप्ने सम्झौता छ। विभागका एक अधिकारीका अनुसार पासपोर्ट आगामी कात्तिकसम्म पुग्नेछ भने त्यसअघि नै नयाँ टेन्डरमार्फत छपाइ सुरु भइसक्नेछ।

अन्य कम्पनीहरूले सबैलाई खुला र नियमसंगत प्रतिस्पर्धा गर्ने अवसरका लागि अनुरोध गरेपछि सार्वजनिक खरिद अनुगमन कार्यालयले राहदानी विभागलाई २१ पुसमा चिठी लेखेर उनीहरूको जायज माग सम्बोधन गर्न अनुरोध गरेको थियो। विभागले दुईवटा प्याकेजमा टेन्डर आह्वान गरेको छ। पाँच वर्षका लागि पासपोर्ट छपाइका लागि कम्पनी छनोट गर्न टेन्डर आह्वान भएको छ।

नक्कली कागजातका...

पृष्ठ १ बाट क्रमशः

प्रतिवादी कायम गरेको छ। यी प्रतिवादीविरुद्ध जनही एक करोड रुपैयाँको बिगोदाबी अख्तियारले गरेको छ। त्यस्तै, मन्त्रालयका तत्कालीन पशु चिकित्सक रञ्जितकुमार अधिकारी, कृषि प्रसार अधिकृत अविनाशकुमार झा र कृषि विकास निर्देशनालय तथा तत्कालीन कृषि अर्थविज्ञ विकासकुमार साहलाई पनि अख्तियारले प्रतिवादी कायम गरेको छ।

कृषि मन्त्रालयको सहकार्य प्रस्तावमा आधारित कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमका लागि वरिष्ठ कृषि अर्थविज्ञ साहको संयोजकत्वमा प्रस्ताव छनोट समिति गठन भएको थियो। समितिले कृषि ज्ञान केन्द्र र भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र महोत्तरीबाट प्राप्त प्रस्तावहरूको सूची बनाउने गरी ५ पुस ०७९ मा निर्णय गरेको थियो। सूचनामा निर्धारित समयभित्र प्रस्ताव पेस नगर्ने कुनै पनि फर्म, कम्पनी वा व्यक्ति मन्त्रालयको सहकार्य प्रस्तावमा आधारित कार्यक्रमका लागि सहभागी हुन नपाउने कानुनी प्रावधान थियो।

तर, समितिले सूचीमा समावेश हुन नसकेको, निर्धारित समयमा प्रक्रियामा संलग्न नै नरहेको युवरानी मत्स्य तथा कृषि फर्म प्रालि औरही- ३, महोत्तरीलाई सहभागी गराउनु भनी तोकआदेश गरिदियो। प्रस्तावहरूको सूचीमा समावेश गर्नै नमिल्ने उक्त फर्मलाई सूचीमा समावेश गर्ने निर्णय पनि समितिबाट भयो। एक-आपसमा मिलेमतो गरी युवरानी मत्स्य तथा कृषि फर्मको एउटा मात्र प्रस्तावका लागि १० माघ ०७९ मा पुनः बैठक बसी म्यादपछि प्राप्त हुन आएको युवरानी मत्स्य तथा कृषि फर्मको प्रस्तावसमेत प्रारम्भिक सूचीमा समावेश गर्ने गरी छनोट गरिएको थियो। लाभग्राही फर्मले नै पेस गरेको प्राविधिक स्पेसिफिकेसन र लागत अनुमान स्वीकृत गरेको दाबी अख्तियारको छ। यसैका आधारमा फर्म र मन्त्रालयबिच २९ चैत ०७९ मा कार्यक्रम सम्झौता भयो।

दुई पक्षबिच भएको सम्झौतामा दोस्रो पक्ष अर्थात् फर्मको दायित्व रकम एक करोड ४७ लाख ८४ हजार रुपैयाँ थियो। उक्त दायित्वबराबरको बैंक ग्यारेन्टी प्रथम पक्ष अर्थात् मन्त्रालयसमक्ष पेस गरेपछि खरिद प्रक्रिया अगाडि बढाउने सम्झौतामा उल्लेख थियो। यसअनुसार फर्मले स्पेसिफिकेसन मन्त्रालयमा पेस गर्‍यो। तर, मन्त्रालयले स्पेसिफिकेसनको लागत अनुमानलाई कुनै तुलना वा चेकजाँच नै नगरी स्वीकृत गरिदियो।

१३ महिनाको म्याद भएको ११ लाख ३२ हजारको बैंक ग्यारेन्टीसहित सम्झौता गर्न आउन मन्त्रालयले पत्राचार गरेको थियो। तर, बैंक ग्यारेन्टीविना नै १० असार ०८० मा सम्झौता नै भयो। सम्झौता गरेको मितिभन्दा ३ (तीन) दिनपछि ११ लाख रुपैयाँको बैंक ग्यारेन्टी फर्मले पेस गर्‍यो। तर, बैंकबाट जारी भए-नभएको यकिन नै नगरी ३२ हजार घटीको नक्कली बैंक ग्यारेन्टीलाई नै स्वीकार गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ।

अनुदान रकम भुक्तानीका लागि सामान खरिद गरेको दुई करोड २६ लाख रुपैयाँको बिललगायतका कागजात युवरानी मत्स्य तथा कृषि फर्मले १५ असार ०८० मा पेस गरेको थियो। पेस गरेको बिलमा भ्याट रकम अस्वाभाविक रूपमा कम उल्लेख भएको देखिएको छ। भुक्तानीका लागि निवेदन पेस गरेको मितिभन्दा पछाडिको मिति १८ असार ०८० र १९ गतेको भन्सार प्रज्ञापनपत्रहरू पेस गर्दासमेत स्वीकार गरेको देखिएको छ।

शंकरप्रसाद साहसमेतको भ्रमण टोलीले स्थलगत भ्रमण गरी पेस गरेको भ्रमण प्रतिवेदनमा फर्म अनुगमन गर्दा दाना उद्योग विस्तारका लागि आवश्यक मेसिनहरू जडान गरिरहेको, तर ती यकिन गर्न सकिने अवस्थामा नरहेको व्यहोरा उल्लेख छ। प्राविधिक स्पेसिफिकेसनको भेरिफिकेसन रिपोर्टमा पनि कतिपय उपकरणमा क्षमता नपुगेको उल्लेख थियो। बैंक ग्यारेन्टीविना नै सम्झौता गरी आफैँले गरेको सम्झौताअनुसारको सम्पूर्ण कार्य सम्पन्न नहुँदै कार्य सम्पन्न प्रतिवेदनसमेत तयार गरियो। यसपछि २२ असारमा अनुदान रकम भुक्तानीका लागि टिप्पणी पेस गरिएको थियो। यसैका आधारमा भुक्तानी आदेश स्वीकृत गरेर २३ असारमा अग्रिम आयकर कट्टा गरी ९६ लाख ६९ हजार ३३६ रुपैयाँ भुक्तानी गरेको देखिएको अख्तियारको दाबी छ।

लाभग्राही फर्मले अनुदानमा प्राप्त हुने मेसिनरी औजार तथा उपकरण खरिद नै नगरी पहिला नै खरिद गरेको सामानलाई अनुदान लिने उद्देश्यले भन्सार प्रज्ञापनपत्रको मिति र निर्यातकर्ताको विवरण सच्याएको अख्तियारको आरोप छ।

दिपायल सिलगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

सिलगढी, डोटी

बोलपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०९/२३

यस कार्यालय अन्तर्गत तपशिलमा उल्लेखित निर्माण कार्यहरुको लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकोले निम्न निर्माण कार्यहरुको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिन २०८१/१०/२४ गतेको दिउँसो १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यलयको वेवसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्ने सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

S. N.	Contract No	Description of Work	Estimated amount (Excluding VAT and contingencies)	Bid security	Cost of bidding document	Last date and time of bid submission
1	NCB/DSNP/ WORKS/03/081/082	Construction of cold store center in Dipayal,Doti	65,42,414.39/-	1,63,000.0/-	3,000/-	2081/10/24 BS (2025/02/06AD.) 12:00PM

नोट: BID सम्बन्धित कागजात खरिद गर्दा Local Level Revenue Portal(LLRP), SUTRA Revenue Module र सो को Bank Interface प्रयोग गरि खरिद गर्नुपर्ने छ।

प्रमुख प्रशासकीय अधिकृत

■ दुई ठुला कम्युनिस्ट एमाले र माओवादीका बैठक

नेतालाई गाउँमै पूर्णकालीन बनाउन केन्द्रीय सदस्यहरूको सुझाव

● **राजेन्द्र गौतम**, प्रमुख एमाले प्रचार विभाग

विचारधारात्मक, सैद्धान्तिक, नीतिगत र संगठनात्मक हिसाबले पार्टीमा कुनै मतभेद छैन । सांसद, वडाध्यक्ष, पालिका अध्यक्षलगायतका पदमा पुग्ने आफ्ना व्यक्तिगत स्वार्थ पूरा गर्न तल्लो तहमा ससाना समूह बनाएर गुटबन्दी भइरहेको आभास छ । त्यसलाई निर्मूल गरेर पार्टीलाई एकताबद्ध ढंगले लैजानुपर्छ भन्ने सुझाव बैठकमा आएको छ ।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमाले केन्द्रीय सदस्यहरूले राष्ट्रिय शक्ति निर्माणको लक्ष्य पूरा गर्न केन्द्र र प्रदेश तहका सबै नेताहरूलाई गाउँमै पूर्णकालीन जिम्मेवारीसहित केन्द्रित गर्ने गरी कार्ययोजना बनाउन सुझाव दिएका छन् । जनताले भोगिरहेका दैनिक समस्या र चुनौतीबाट पार्टी नेता र कमिटीहरू टाढिएर बेखबर हुँदा ०८४ को निर्वाचमा बहुमत ल्याएर राष्ट्रिय शक्ति बन्ने योजना पूरा नहुने भन्दै अधिकांश केन्द्रीय सदस्यहरूले त्यस्तो सुझाव राखेका हुन् ।

आइतबारबाट जारी केन्द्रीय कमिटी बैठकमा ९९ जना केन्द्रीय सदस्यहरूले धारणा राखेका छन् । एमालेले केन्द्रीय कमिटी बैठकमा अध्यक्ष केपी ओलीको राजनीतिक प्रतिवेदनसहित चैतसम्म तीनमहिने वडाकेन्द्रित अभियान सञ्चालन गर्नुपर्ने कार्ययोजनासहितको मूल एजेन्डामाथि छलफल चलिरहेको छ । एमालेले पार्टी र जनसंगठनको कामलाई मिसन ८४ केन्द्रित बनाउने प्रयास गर्दै आएको छ । त्यसका लागि संगठन विभागले सदस्यता दोब्बर बनाउनेलगायतको कार्ययोजना केन्द्रीय कमिटीमा राखेको छ ।

अधिकांश केन्द्रीय सदस्यहरूले पार्टीले हरेक बैठकबाट राम्रा कार्ययोजना पास गरे पनि नेताहरू पूर्णकालीन रूपमै गाउँमा केन्द्रित भएर जनतासँग प्रत्यक्ष जोडिएका वर्गीय मुद्दा उठान गरेर समाधानको नेतृत्व नगरेसम्म पार्टी बलियो नबन्ने र त्यसले केन्द्रीय कमिटीले पास गरेको लक्ष्य पनि पूरा नहुने धारणा राखेका हुन् ।

पार्टी नेताहरूमा केन्द्रीकृत मानसिकता रहेको र पार्टी केन्द्रीय कार्यालय र नेतृत्वको वरिपरि मात्रै गोलबन्ध हुने प्रवृत्ति हाबी भइरहेको तथा कामको वस्तुनिष्ठ मूल्यांकनको परिपाटी हराउँदै जाँदा समस्या देखिएको अधिकांश केन्द्रीय सदस्यले धारणा राखेका छन् । अधिकांशले नेताहरूले प्रत्येक गाउँको समस्याअनुसार जनतासँग प्रत्यक्ष सम्बन्ध राखेर शोषण, विभेद, विकासको असमानता, शिक्षा, स्वास्थ्य र रोजगारीसँग जोडिएका समस्या, समुदायगत समस्या, जमिन बाँझो बन्दै गएको समस्या समाधानका लागि नेतृत्व गर्नुपर्ने धारणा राखेका छन् ।

'मूलतः सरकारको प्रभावकारिता र पार्टी निर्माणमा देखिएका समस्याको समाधानमा विशेष जोड छ । नेताको वरिपरि, पार्टी कार्यालय परिक्रमा गर्ने र काम गर्नेबिच भेद हुनुपर्छ भन्ने अधिकांश केन्द्रीय सदस्यहरूबाट सुसंगठित विचार आएको छ,' प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले भने, 'आधारभूत तहबाटै पार्टीलाई बलियो बनाउन, सबलीकरण गर्न, पार्टी र जनताबिचको सम्बन्धलाई सुदृढ गर्न र वडाकेन्द्रित कार्ययोजनालाई प्रभावकारी बनाउन प्रदेश र जिल्ला इन्चार्जका साथै पालिकाको नेतृत्वलाई नीतिगत रूपमै तलै केन्द्रित हुने गरी निर्देशित गरेर परिचालन गर्नुपर्ने अधिकांशको सुझाव आएको छ ।'

कम्युनिस्ट पार्टीले उत्पादकत्व शक्ति वृद्धिका लागि परम्परागत उत्पादन सम्बन्धमा ब्रेक हुने गरी सबैतिर नमुना काम गरेर जनतालाई कृषितिर आकर्षित गर्न ढिलाइ भइरहेको विषयसमेत कतिपयले उठाएका थिए । केन्द्रीय सदस्य कृष्णभक्त पोखरेलले सबै केन्द्रीय नेताहरूले अनिवार्य रूपमा समुदायसँग घुलमिल भएर जनतासँगको सम्बन्ध प्रगाढ बनाउँदै शोषण, विभेद, बाँझो जमिनलगायत शोषणका अनेक रूपका वर्गीय मुद्दाको नेतृत्व लिने गरी पार्टीपंक्तिलाई परिचालित गर्ने गरी कार्ययोजना बनाउनुपर्ने सुझाव दिएको बताए । 'विगतको तुलनामा जनतासँग पार्टीको सम्बन्ध कमजोर बनेको हो कि भन्ने चिन्ता प्रकट भएको छ, त्यसैले अहिलेको युगीन चुनौतीअनुसार समुदायस्तरबाटै वर्गीय मुद्दाको उठान गरेर समाधानका लागि नेतृत्व गर्ने गरी परिचालित हुनुपर्छ भन्ने नै सबैको सुझाव छ,' पोखरेलले भने ।

अर्का केन्द्रीय सदस्य श्यामकुमार बस्नेतले जनतालाई केन्द्रविन्दुमा राखेर स्थानीय तहलाई नै सबल बनाउने गरी पार्टीले कामकेन्द्रित गर्नुपर्ने सुझाव आएको बताए । 'केन्द्रीय कमिटीका सदस्यहरूले आफ्नो विचार राख्ने क्रममा सरकारलाई प्रभावकारी र परिणाममुखी बनाउन, सुशासन र सेवाप्रवाहमा जोड दिन सुझाव दिएका छन् । त्यसैगरी, पार्टीलाई प्रभावकारी, जनआधारित बनाउन सबै नेताहरूलाई पार्टी काममा केन्द्रित गर्नुपर्ने, कार्यकर्ता र जनताका गुनासालाई सम्बन्धित ठाउँमै गएर सुन्न, समाधान गर्न विशेष जोड दिएका छन्,' बैठकपछि जारी विज्ञप्तिमा उल्लेख छ ।

केन्द्रीय सदस्यहरूलाई तीन मिनेट सुझाव राख्ने समय दिइएको छ । विगतमा केन्द्रीय सदस्यहरूलाई समूह विभाजन गरेर छलफल गराउने गरेकोमा एमालेले यो बैठकमा सबै केन्द्रीय सदस्यको सुझाव सुन्ने गरी व्यक्तिगत रूपमै समयको व्यवस्था मिलाएको छ । अध्यक्ष ओलीसहित सबै पदाधिकारी केन्द्रीय सदस्यको सुझाव सुनेर बैठकमा बसेका छन् । समयभित्र सुझाव राखेर बोल्न छुटेका विषयमा थुप्रै केन्द्रीय सदस्यहरूले बहस नोट कमिटीमार्फत पनि सुझाव राखेका छन् ।

पार्टी अध्यक्षलाई पनि श्रम र उत्पादनमा जोड्न माग

● **अग्नि सापकोटा**, उपाध्यक्ष एवं प्रवक्ता, माओवादी

अध्यक्षसहित सबै नेता-कार्यकर्ता श्रम र उत्पादनमा जोडिनुपर्छ । कम्तीमा महिनामा तीनपल्ट अध्यक्ष पनि जोडिनुपर्छ । माओवादीलाई ऐतिहासिक अवसर प्राप्त भएको छ । यसलाई गुम्न दिनुहुँदैन । त्यसका लागि सबैभन्दा मुख्य सर्त पार्टी एकताबद्ध हुनुपर्छ भन्ने सबैको जोड छ ।

प्रेम गौतम/नयाँ पत्रिका

माओवादीका केन्द्रीय सदस्यहरूले अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पनि श्रम र उत्पादनमा जोडिनुपर्ने सुझाव दिएका छन् । राजधानीमा जारी आठौँ केन्द्रीय समितिको छैटौँ बैठकको दोस्रो दिन सोमबार अध्यक्ष प्रचण्डले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमाथि छलफलमा भाग लिँदै सदस्यहरूले अध्यक्षसहित सबै नेता-कार्यकर्ता श्रम र उत्पादनसँग जोडिनुपर्ने सुझाव दिएका हुन् ।

'अध्यक्षसहित सबै नेता-कार्यकर्ता श्रम र उत्पादनमा जोडिनुपर्छ । कम्तीमा महिनामा तीनपल्ट अध्यक्ष पनि जोडिनुपर्छ,' केन्द्रीय सदस्यहरूको भनाइ उद्धृत गर्दै उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले भने । नेता-कार्यकर्तालाई उत्पादनसँग जोड्दै आम्दानीसमेत पारदर्शी गर्ने प्रस्ताव प्रचण्डले गरेका थिए । नेता-कार्यकर्ताको सम्पत्ति विवरण मात्रै नभएर परिवारको पनि पेसा स्पष्ट खुलाउनुपर्ने प्रस्ताव प्रस्तुत भएको थियो । नेता रणेन्द्र बराइलीले 'पैतृक सम्पत्ति पनि नभएका, कुनै जागिर वा पेसा व्यवसाय पनि नभएका नेताहरूले महल कसरी ठड्याए ? यसको पनि छानबिन हुनुपर्छ' भन्ने प्रश्न उठाएका छन् ।

नियमित महाधिवेशन कि विशेष महाधिवेशन भन्नेमा सदस्यहरू विभाजित भएका छन् । एक केन्द्रीय सदस्यका अनुसार सोमबार बोल्ने ८० मध्ये ५३ सदस्यले महाधिवेशनबारे मौनता साधेका छन् भने १८ जना विशेष महाधिवेशनको पक्षमा खुलेका छन् । नौजनाले मात्रै नियमित महाधिवेशनको पक्षमा धारणा राखेका छन् । विशेष महाधिवेशनमा जाने कि नियमित महाधिवेशनमा भन्ने विषयमा प्रचण्डले राय मागेका थिए । ओनसरी घर्ती, झक्कु सुवेदी, सुदन किराँती, हिमाल शर्मा, इन्द्र आङ्वोहाङ, सचिन रोका, कुमारी राई, महेन्द्र पासवान, सरिता महर्जन, सुरेशकुमार राईलगायत १८ जनाले विशेष महाधिवेशनमा जानुपर्ने बताएका छन् । तत्काल महाधिवेशनको मिति तोकेर जानुपर्नेमा उनीहरूको जोड छ ।

विशेष महाधिवेशन नभई नियमित महाधिवेशनमा जानुपर्ने धारणा राख्नेहरूमा राजन दाहाल, चित्रबहादुर श्रेष्ठ, शैलेन्द्र घिमिरे, विमल अधिकारी, शंकर अधिकारीलगायत नौजना छन् । उनीहरूले नियमित महाधिवेशनबाटै अगाडि बढ्नुपर्ने सुझाव दिएका छन् । पार्टीले तोकेका विभिन्न अभियान सकिएपछि महाधिवेशनको मिति तोकेर जानुपर्ने उनीहरूको तर्क छ । महाधिवेशनबारे केही नबोल्नेको संख्या भने उल्लेख्य छ । ५३ जना नेताले महाविधेशनबारे केही नबोलेको एक केन्द्रीय सदस्यले बताए ।

उपराष्ट्रपति नन्दबहादुर पुन राजनीतिमा आउनुहुन्न भन्नेमा सुदन किराँतीसहित तीनजना र आउनुपर्छ भन्नेमा देवेन्द्र पौडेलसहित दुईजना सदस्य देखिएका छन् । 'उपराष्ट्रपतिजस्तो सम्मानित पदमा बसिसकेको नेतालाई सक्रिय राजनीतिमा ल्याउने काम नगरौँ । पदीय गरिमा घटाउने काम नगरौँ,' किराँतीको भनाइ उद्धृत गर्दै एक नेताले भने । पौडेललगायतले भने संविधान र कानुनले राजनीतिमा आउने बाटो नछेकोको भन्दै उपराष्ट्रपति सक्रिय राजनीतिमा आउन सक्ने बताएका छन् । 'कानुनले छेकेको छैन । सक्रिय राजनीति गर्ने इच्छा हुँदा रोक्ने कुरा हुँदैन । उपराष्ट्रपति सक्रिय राजनीतिमा आउन सक्नुहुन्छ,' पौडेलको भनाइ उद्धृत गर्दै अर्का नेताले भने ।

अधिकांशले नेताको जीवनशैली खुला किताबको पानाजस्तो पारदर्शी हुनुपर्ने, उच्च नैतिक चरित्र र सबैको विश्वास जित्ने खालको हुनुपर्नेमा जोड दिएका छन् । दण्डहीनताको अन्त्य गरिनुपर्नेमा पनि सदस्यहरूले जोड दिएका छन् । काँठक्षेत्रका सदस्यले काँठक्षेत्रमा पनि अभियान चलाउनुपर्ने सुझाव दिएका छन् । १ फागुनदेखि एक महिना हुलाकी राजमार्गलाई आधार बनाएर तराई-मधेश जागरण अभियान र अर्को एक महिना पूर्व-पश्चिम राजमार्गलाई आधार बनाएर अभियान सञ्चालन गर्ने प्रस्ताव गरिएको थियो । सदन र सडक दुवै मोर्चालाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता पनि सदस्यहरूले औँल्याएका छन् ।

ससुरालीको जग्गा विवादमा मोहीलाई तर्साउन पूर्वउपरथी पाण्डेले सेना र गाडीको दुरुपयोग गरेको आरोप

कास्कीमा **रोहितराज पराजुली**

पूर्वउपरथी विज्ञानदेव पाण्डेले ससुरालीको जग्गा विवादमा मोहीलाई तर्साउन सेना र गाडी दुरुपयोग गरेको आरोप लागेको छ । पश्चिम पृतनाको बा१झ ६६८९ नम्बरको गाडी र बर्दीधारी तीन सैनिकसहित पोखरा-३० पावरहाउसस्थित जग्गा रहेको स्थानमा आएका पाण्डेले आफूहरूलाई धम्काएको मोहीले बताएका छन् ।

पूर्वउपरथी पाण्डे गत ३ पुसमा साला सुमन रायमाझी र सैनिक जवानहरूसँगै ४५ रोपनी क्षेत्रफलमा फैलिएको विवादित जग्गामा पुगेका थिए । जग्गाको चार-पाँच फन्को लगाएपछि उनले मोहीले बनाएका अस्थायी घर डोजर लगाएर भत्काइदिने र जग्गा नदिने भन्दै धम्क्याएको पीडितहरूको भनाइ छ । पाण्डेका ससुरा ख्यामबहादुर रायमाझी भने जग्गामा नगई सेनाको गाडीमै बसेका थिए । सेनासहित आएर मोहीलाई धम्काउन थालेको थाहा पाएपछि जम्मा भएका स्थानीयले प्रतिवाद गरेका थिए । त्यसपछि पाण्डे दिउँसो करिब ४:३० बजेतिर त्यहाँबाट फर्किएका थिए ।

■ के हो जग्गा विवाद ?

मुक्तिबहादुर रायमाझीका नौ छोरा थिए । पाँचौं नम्बरका छोरा ख्यामबहादुर रायमाझी पूर्वउपरथी पाण्डेका ससुरा हुन् । मुक्तिले ०२७ मा छोराहरूलाई अंशबन्डा गरिदिएका थिए । हाल विवादमा रहेको जग्गा गेहेन्द्रबहादुर, झपटबहादुर र हेमबहादुरको भागमा परेको थियो । अन्य दाजुभाइले अन्यत्रको जग्गा लिए । अंशबन्डा गर्दा जग्गा २७ रोपनी थियो । ०३२ को नापीमा समेत सो जग्गा उनीहरू तीनजनाको नाममा गएको थियो । पछि छुट रहेको १८ रोपनी जग्गा ०४१ मा त्यसमा गाभेर ४५ रोपनी पुगेको थियो । त्यसमध्ये २१ रोपनी जग्गा अर्को भाइ ध्रुवलाई दिने सहमति गेहेन्द्र, झपट र हेमबहादुरबिच भएको थियो । छुट जग्गाको लालपुर्जा भने ०६६ मा मात्र बन्यो । लालपुर्जा बनेसँगै पाण्डेका ससुरा ख्यामबहादुरले ०६६ मै १८ रोपनी जग्गा अंशबन्डाको भन्दै अदालतमा मुद्दा हाले ।०२७ मा अदालतले अंशबन्डा भएको २७ रोपनी र पछिको १८ रोपनी जग्गालाई एकै मेलोमा राखेर आठ भाइले भागबन्डा गर्ने फैसला गरिदिएको थियो । ०२७ मा अंशबन्डा भएर अर्को जग्गा लिइसकेको र आफ्नो हकभोग नलाग्ने जग्गामा मुद्दा हालेका ख्यामबहादुरको पक्षमा अदालतको फैसला आएपछि ससुरालीको जग्गामा शक्ति देखाउन पाण्डे मोहीलाई तर्साउन गएका हुन् ।

०२७ मा अंशबन्डा हुनुअघि नौ दाजुभाइमध्येका झपटबहादुरले ०२२ मा अम्मरबहादुर मल्ल ठकुरीलाई जग्गामा खेती र संरक्षणका लागि ल्याएर राखेका थिए । अम्बरबहादुरको ०५४ मा मृत्यु भएपछि उनका पाँच छोराहरूले हाल सो जग्गामा खेतीसँगै रेखदेख गर्दै आएका छन् । ०४८ मा जग्गाधनी रायमाझी दाजुभाइले उनीहरूलाई एक रोपनीका दरले जग्गा दिने भनेर कागजसमेत गरेका थिए । पछि उनीहरूको सहमतिमा अम्मरबहादुरका पाँचमध्ये चार छोराले टिनले छाएर घर बनाए ।

झपटबहादुरका छोरा भरतका अनुसार सुरुमा जग्गा खेती गर्नसमेत नमिल्ने अवस्थामा थियो । बुबाले अम्मरबहादुरलाई ल्याएर राखेपछि जग्गाको संरक्षणसँगै खेतीपाती गर्न सुरु भएको बताए । उनीहरूलाई पहिला भनेअनुसार जग्गा दिएर मात्र दाजुभाइले भागबन्डा गर्नुपर्ने भनाइ ख्यामबहादुरबाहेक अन्य दाजुभाइको छ । तीन वर्षअघि अदालतले आठजनाले भाग लगाएर खानू भन्ने निर्णय गरे पनि अंशबन्डा गर्दा सो जग्गा तीनजनाको मात्र रहेकाले काका ख्यामबहादुरले यो जग्गामा कतैबाट पनि दाबी गर्न नमिल्ने भरतको भनाइ छ । पाँच मोहीमध्येका एक कर्णबहादुर मल्लले आफूले यसअघि कहिल्यै नदेखेको र नचिनेको मान्छे एकैपटक सेना लिई आएर आफूहरूलाई तिमीहरूले जग्गा पाउँदैनौँ, घरमा डोजर लगाइदिन्छु, यहाँबाट छाड भन्दै धम्क्याउने काम गरेको बताए ।

पूर्वउपरथी पाण्डेले आफू ससुराली जग्गामा गएको बताए । '८२ वर्षीय ससुराले जाऔँ भनेपछि गएको हुँ । मैले ससुराको जग्गामा जान पनि नपाउने भन्ने छ ? ३७ वर्ष सेनामा जागिर खाएँ, निवृत्त भएपछि सेनाको गाडी चढ्न नपाउने भन्ने कहाँ लेखेको छ ?' प्रतिप्रश्न गर्दै नयाँ पत्रिकासँग उनले भने ।

दुरुपयोग गरेको भए छानबिन हुन्छ

● **सहायक रथी गौरवकुमार केसी**, सूचना अधिकारी, नेपाली सेना

पूर्वसैनिक अधिकृतहरूले गाडी सुविधा पाउँदैनन् । कसैले आफ्नो कामका लागि गाडी सहयोग मागे दिने चलन छ । त्यस दिन पाण्डेले पोखरास्थित पश्चिम पृतनाबाट गाडी सहयोग चाहियो भनी माग्नुभएको रहेछ । उहाँले आफूलाई गाडी सहयोग चाहियो भनी अनुरोध गरेपछि पृतनाले कार्यालय प्रयोजनका लागि प्रयोग गर्ने गाडी दिएको रहेछ । उहाँले गाडी कहाँ लिएर जानुभयो त्यो भने हामीलाई जानकारी छैन । यदि उहाँले गाडीसँगै सैनिक लगेर दुरुपयोग गरेको भए छानबिन हुन्छ ।

बरन्डाका २२ उपसचिवलाई सामान्य प्रशासनले तोक्यो जिम्मेवारी

काठमाडौं/ बरन्डामा रहेका २२ उपसचिवलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जिम्मेवारी तोकेको छ । मन्त्रालयले सोमबार बरन्डामा रहेकासहितका उपसचिवलाई विभिन्न मन्त्रालय, निकाय र स्थानीय तहमा सरुवा र कामकाजमा खटाइएको छ । सामान्यमा हाल ३५ जना उपसचिव बरन्डामा छन् । उपसचिवलाई जिम्मेवारीविहीन बनाइएकोबारे आइतबार नयाँ पत्रिकाले समाचार प्रकाशित गरेको थियो । समाचारपछि सोमबार प्रधानमन्त्री कार्यालयले तीन दिनभित्र जिम्मेवारी तोक्न मन्त्रालयलाई निर्देशन दिएको थियो । प्रधानमन्त्री कार्यालयको निर्देशनपछि मन्त्रालयले सोमबार बरन्डाका उपसचिवलाई जिम्मेवारी तोकेको हो । अझै बाँकी रहेका उपसचिवलाई जिम्मेवारी तोक्ने गरी मंगलबार निर्णय गरिने मन्त्रालयले जनाएको छ ।

सोमबार जिम्मेवारी तोकिएका उपसचिवमा हरिप्रसाद अर्याल, राजेन्द्रप्रसाद पौडेल, भूपेन्द्र पाण्डेय, प्रेरणा महर्जन, निर्माणकुमार कार्की, ज्ञानराज लम्साल, विमला महत, राजेन्द्रबहादुर अर्याल, दुर्गा बन्जाडे, बाबुराम खनाल, पूर्णिमा उपाध्याय, सिर्जना थपलिया, राम आचार्य, तेजनारायण यादव, ठाकुरप्रसाद तिवारी, ओमप्रकाश महतो, रचिन्द्र डंगोल, धर्मानन्द जोशी, रामप्रसाद ज्ञवाली, मुकुन्द शर्मा, जगदीश पराजुली, घनश्याम भुसाललगायत छन् । त्यस्तै, बरन्डाबाहेकका छविलाल नेपाली, रोशनीदेवी कार्की, खेमराज उपाध्याय, पर्वप्रसाद सापकोटा, मोतीराम सापकोटा, भोजराज श्रेष्ठ, विजय राना र टेकप्रसाद पुलामीको पनि जिम्मेवारी तोकिएको छ ।

काठमाडौंसहित सात जिल्लाका सिडिओ फेरिए

ऋषिराम तिवारी

गृह मन्त्रालयले १२ जना सहसचिव तथा उपसचिवको सरुवा गरेको छ । सरुवामा काठमाडौंसहितका सात जिल्लाका सिडिओ फेरिएका छन् । काठमाडौंको सिडिओमा गृह मन्त्रालयका ऋषिराम तिवारीलाई खटाइएको छ । धर्मेन्द्र मिश्रलाई सुनसरी, गोगनबहादुर हमालको कैलाली, तुलसीबहादुर श्रेष्ठ सर्लाही, इन्द्रदेव यादव मोरङ, गोपालकुमार अधिकारी झापा र सावित्रा पुनलाई सल्यानमा सिडिओ बनाइएको छ । काठमाडौंका सिडिओ जयनारायण आचार्यको गृह मन्त्रालयमा सरुवा भएको छ । उनको शैक्षिक प्रमाणपत्र नक्कली भएको भनेर सर्वोच्च अदालतले हालै एक फैसलामा बोलेपछि उनी विवादमा परेका थिए । मोरङका सिडिओ प्रेमप्रसाद भट्टराई, झापाका बन्धु बाँस्तोला र सुनसरीका रामचन्द्र तिवारीको गृह मन्त्रालयअन्तर्गत सरुवा भएको छ ।

राजदूत श्रेष्ठ, तुलाधर र तिम्सिनालाई नियोकको सम्मान

काठमाडौं/ राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)ले नवनियुक्त नेपाली राजदूतत्रय प्रा. कपिल श्रेष्ठ, सुम्निमा तुलाधर र डा. नेत्रप्रसाद तिम्सिनालाई सम्मान गरेको छ । आइतबार राजधानीमा आयोजित विशेष समारोहमा लामो समयसम्म सामाजिक आन्दोलन र मानव अधिकारको क्षेत्रमा क्रियाशील रहेर नयाँ जिम्मेवारी निर्वाह गर्न गइरहेको भन्दै नियोकले सम्मान गरेको हो । प्रा. श्रेष्ठलाई सरकारले दक्षिण अफ्रिकाको राजदूत नियुक्त गरेको छ । महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशील तुलाधरलाई सरकारले डेनमार्कको राजदूत नियुक्त गरेको छ । यस्तै, गैरसरकारी संस्था महासंघ, नेपालका पूर्वअध्यक्ष तिम्सिना मलेसियाको राजदूत नियुक्त भएका छन् ।

अधिकारकर्मी प्रा. श्रेष्ठ नियोकका निवर्तमान अध्यक्ष तथा तिम्सिना र तुलाधर नियोगका सल्लाहकार हुन् । तीनैजनाले केही दिनअघि राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिइसकेका छन् । नियोककी अध्यक्ष स्टेला तामाङले लामो समयसम्म मानव अधिकारको क्षेत्रमा क्रियाशील रहेर नयाँ भूमिका र जिम्मेवारी सम्हाल्न लागेकोमा राजदूत श्रेष्ठ, तुलाधर र तिम्सिनालाई बधाई तथा शुभेच्छा व्यक्त गरिन् ।

राज्यव्यवस्था समिति सभापति खतिवडाले मूल विषय ओझेलमा पारेपछि सदस्यहरूको असन्तुष्टि

अख्तियारसम्बन्धी विधेयक उपसमितिबाट टुंगिसके पनि खतिवडाले अगाडि नबढाएर थन्क्याएको आरोप

■ समितिमा ९२ वटा उजुरी, ५८ वटा दर्ता

समितिमा ९२ वटा उजुरी परेका छन् । ५८ वटा उजुरी प्राप्त भएर सचिवालयमा दर्ता भएका छन् भने ३४ वटा अध्ययनकै क्रममा छन् । आमनिर्वाचनपछि समिति १५ वैशाख ०८० मा गठन भएको थियो । गठनको २१ महिनापछि उजुरीमा छलफल थालेको समितिले सोमबार उजुरी एवं निवेदन समिति सदस्यलाई वितरण गरेको छ । उजुरी कतिपय बेनामे, कतिपय चिठीबाट आएका धेरै रहेको सभापति रामहरि खतिवडाले बताए । उनले उजुरीमाथि आगामी बैठकमा थप छलफल गरिने बताए । 'समिति गठन भएपछि उजुरीहरूको सम्बन्धमा हालसम्म कुनै छलफल भएको थिएन,' सभापति खतिवडाले भने, 'पहिलोपटक समितिमा आएका उजुरीहरू कसरी सुनुवाइ गर्ने र कसरी जाने भनेर छलफल राखिएको हो ।' समिति सदस्यहरूले नागरिकले विश्वास गरेर दिएका उजुरी वर्गीकरण गरेर टुंग्याउनुपर्ने धारणा राखेका थिए । गृहमन्त्री रमेश लेखकले जनताको प्रतिनिधित्व गरेको संस्थाले उजुरी नजरअन्दाज गर्न नमिल्ने बताए ।

कमलराज भट्ट/नयाँ पत्रिका

प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समिति सभापति रामहरि खतिवडाको बैठकका एजेन्डा तय तरिका र बैठक सञ्चालनसम्बन्धी उनको कार्यशैलीलाई लिएर समिति सदस्यहरूले असन्तुष्टि जनाएका छन् । यही विषयमा सोमबारको बैठकमा सभापति र सदस्यहरूबिच भनाभन भयो ।

सभापति खतिवडाले विधेयकका काम रोकेर बैठक उजुरीतिर केन्द्रित गराएपछि सदस्य हृदयराम थानीले असन्तुष्टि जनाए । यही विषयमा उनीहरूबिच बैठकमै जुहारी नै चल्यो । खासगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक उपसमितिबाट टुंगिसके पनि सभापति खतिवडाले अगाडि नबढाएर थन्क्याएको गुनासो थानीले गर्दै आएका छन् । थानी नेतृत्वको उपसमितिले भ्रष्टाचार निवारण र अख्तियारसम्बन्धी दुईवटा विधेयक टुंग्याएर एकसाथ समितिमा पेस गरेको थियो । उपसमितिले नीतिगत भ्रष्टाचारबारे गरेको व्याख्यामा प्रधानमन्त्री केपी ओली असन्तुष्ट छन् ।

१८ पुसमा भ्रष्टाचारसम्बन्धी विधेयक पारित गरेको समितिले भोलिपल्ट निजामती विधेयकमा छलफल चलाएको थियो । तर, सोमबार बैठक अचानक उजुरी वितरणमा केन्द्रित भयो । टुंगिसकेको विधेयक अगाडि बढाउन छाडेर उजुरीतिर लागेपछि सभापतिसँग थानीले असन्तुष्टि जनाए । 'विधेयक अड्केर बसिराखेका छन् । अस्ति एउटा विधेयक धौ-धौ पास गर्‍यौँ, संवैधानिक परिषद्सम्बन्धी विधेयक । संसद्मा गएर सुतेर बसेको छ । अस्ति भ्रष्टाचारको विधेयक पास गर्‍यौँ, जाँदै होला । अर्को अख्तियारको यही छ । मैले त आइसियूमा भन्ने गरेको छु, आइसियूमै यही राज्यव्यवस्थामा सुतिराखेको छ । अरू विधेयक यहाँ लटरम्म छरिएर बसेका छन्,' उनले भने ।

एमाले सांसद कृष्णगोपाल श्रेष्ठले पनि थानीकै पक्षमा बोल्दै सभापतिलाई अबदेखि गल्ती नदोहोर्‍याउन भनेका थिए । 'हाम्रो माननीय हृदयराम थानी । नामै कति मीठो । हृदय भएको माननीज्यू हुनुहुन्छ,' उनले भने ।

समिति सचिवालयका अनुसार उजुरीमा करार नियुक्तिबाट गैरकानुनी रूपमा हटाइएको, टिचिङ अस्पतालमा उपकरण खरिदमा भ्रष्टाचार, क्यापिटल मर्चेन्ट बैंकको घोटालाको शीघ्र छानबिन, पशु ढुवानीमा प्रहरीबाट भएको अवरोध र काठमाडौं महानगरले एकतर्फी गरेको बसस्टपसम्बन्धी निर्णयले मर्का परेको विषय छन् । क्रसर उद्योगको नवीकरण समस्या समाधान, गैरकानुनी काम गर्ने जनप्रतिनिधिलाई कारबाही, जग्गा रोक्का फुकुवाका लागि आवश्यक निर्देशन र शिक्षा मन्त्रालयबाट निजी कलेजमाथि गैरकानुनी रूपमा गरिएको हस्तक्षेप रोकी क्षतिपूर्ति दिलाउनुपर्ने उजुरी छन् ।

ऐन निर्माणसम्बन्धी फैसला कार्यान्वयन, संसद्का महासचिवको नागरिकताको विषय छानबिन गर्नुपर्ने, पारालैंगिक व्यक्तिको लैंगिक पहिचानसम्बन्धी कानुन तर्जुमा गराउनुपर्ने, नेपाल टेलिभिजनभित्र भएको भ्रष्टाचारको छानबिन र झुटो विवरण पेस गरिएको नागरिकता रद्द गर्नुपर्ने उजुरीमा छन् । उजुरीमा सहकारी ठगीमा रवि लामिछानेसँग छलफल गर्नुपर्ने, सहकारी रकम ठगी गर्नेलाई कारबाही, स्काउटको जग्गा कब्जा प्रकरणमा अदालतको आदेश कार्यान्वयन गराइदिनुपर्ने र विद्युत् प्राधिकरणका कार्यकारी प्रमुखलाई झिकाई पीडितलाई उचित न्यायको माग, ६ सयभन्दा बढी होटेललाई लाइसेन्स दिनुपर्ने विषय पनि छन् ।

इतिहास दोहोऱ्याइरहेका शासकहरू

सय वर्षअगाडिका राणाहरूले झैँ अहिलेका शासकले पनि शिक्षाको विकासमा अरुचि देखाउँछन् र कतिपय ठाउँमा त व्यवधान नै गर्छन्

● प्रमिला देवकोटा

अग्रलेख

विन्सटन चर्चिलको इतिहासबारे शासकहरूलाई एउटा सल्लाह छ- इतिहास पढ, इतिहासमा शासन गर्ने कला लुकेको छ । आजको यो लेख नेपालमा विश्वविद्यालयको इतिहासबाट नेपालका समकालीन शासकले के सिके भन्नेमा केन्द्रित छ ।

सन् १९५० मा नेपालमा निम्न माध्यमिक तहका स्कुल ३१०, माध्यमिक तहका ११ र क्याम्पस एउटा मात्र थियो । त्यसको दश वर्षपछि २५ सय प्राथमिक, ३३ सय निम्न माध्यमिक, ११० उच्च माध्यमिक, २५ वटा कलेज र एक विश्वविद्यालय स्थापना भए (फाइनान्सिङ प्राइमरी इजुकेसन इन नेपाल, त्रैलोक्यनाथ उप्रेती) । यति धेरै शैक्षिक संस्था स्थापना हुनुमा नेपालमा ती संस्थाको अभाव थियो । राणाले सत्ता छाड्दा नेपालको साक्षरता दर दुई प्रतिशतभन्दा कम थियो ।

हिन्दु र बौद्ध शिक्षा गुम्बा र मठहरूमा पढाइने भए पनि आधुनिक शिक्षाको जग भने जंगबहादुरले खोलेको स्कुलले सुरु गरेको हो, जसको आजको स्वरूप दरबार हाइस्कुल हो । त्यो स्कुल जंगबहादुरको शिक्षाप्रतिको मोहबाट सुरु भएको थियो । तर, उनको त्यो मोह आफ्ना सन्तान र भाइहरूका लागि मात्र थियो, आमजनताका लागि थिएन । उनी स्कुल खोल्न यति उत्साहित थिए कि परम्परागत शिक्षाको चलनचल्तीविपरीत उनले भारतबाट दुईजना अंग्रेज शिक्षक भित्र्याएर आफ्नो दरबारभित्रको कोठामा स्कुल स्थापना गरे (डा. राजेश गौतम राणाकालीन नेपालको प्रशासनिक, शैक्षिक र सामाजिक सुधारहरू) । त्यति मात्र होइन, जंगबहादुरले त आफ्ना सन्तानलाई बेलायत पढ्न पठाउने प्रयाससमेत गरेका थिए (फाइन्यासिंग इलेमेन्ट्री एजुकेसन इन नेपाल) । १८५३ अक्टोबरमा स्थापना भएको त्यो स्कुलले राणाहरूलाई अन्तर्राष्ट्रियस्तरका नागरिक बनायो । उनका छोरा र भाइहरूलाई अंग्रेजी बोल्न सक्ने शासक बनायो । तर, शिक्षित भए पनि राणाहरूले त्यो विद्यालयका एउटै पाठ्यक्रमबाट विपरीत शिक्षा लिए ।

आमजनताका लागि दरबार हाईस्कुलको ढोका खोलेका वीरशमशेरपछि बनेका प्रधानमन्त्री देवशमशेरको शिक्षामा नागरिकको पहुँचबारे स्पष्ट दृष्टिकोण थियो । शिक्षाबाट देवशमशेरले जंगबहादुरको स्कुलमा पढेर देशभर स्कुल खोल्नुपर्छ भन्ने ज्ञान लिए । कुनै पनि समुदायले पचास विद्यार्थी भेला पार्न सके उनीहरूलाई एकजना शिक्षक उपलब्ध गराइने उनले घोषणा गरेका थिए । तर, उनको उदारवादी नीति राणाशासनका लागि खतरा भएको अर्का शिक्षित चन्द्रशमशेरले बुझेका थिए । उनको त्यो शिक्षा नेपालका जनताका हितमा भन्दा राणा शासनको आयु लम्ब्याउन काम आयो । चन्द्रशमशेरले अंग्रेजी र अरू विषय कलकत्ताबाट पढेका थिए । सरदार भीमबहादुर पाँडेका अनुसार उनी इन्ट्रास म्याट्रिक पास गर्ने पहिलो राणा प्रधानमन्त्री थिए । सन् १९०१ मा उनले देवशमशेरले चार महिनाको अवधिमा खोलेका झन्डै तीन सय स्कुल बन्द गरिदिए (जोन वेल्पटन) ।

तर, त्यसको १७ वर्षपछि सन् १९१८ मा चन्द्रशमशेरले नेपालमा पहिलो कलेज स्थापना गरे, जसको नाम राखियो त्रिभुवन-चन्द्र इन्टरमिडियट कलेज । सरदार भीमबहादुर पाँडेका अनुसार चन्द्रशमशेरको पालामा दरबार स्कुलबाहेक अन्त माध्यमिक स्कुल थिएन । पाटन र भक्तपुरमा एक-एक निम्न माध्यमिक स्कुल भने खुलेका थिए । एकसाथ तीन सय स्कुल बन्द गर्ने चन्द्रशमशेरले नेपालको पहिलो क्याम्पस खोल्नुपर्ने कारणबारे विभिन्न अध्येताले फरक-फरक तथ्य दिएका छन् र ती सबै रोचक छन् । सरदार पाँडेले त्यो कलेज अंग्रेजलाई देखाउन खोलेको दाबी गरेका छन् । कतिपय शिक्षाविद्ले त्रिचन्द्र क्याम्पस अंग्रेजको दबाबमा खोलेको दाबी पनि गरेका छन् । जस्तो, गुणदेव भट्टराईलाई उद्धृत गर्दै राजेश गौतम लेख्छन्- इसं १९१८ मा भारतका तत्कालीन गभर्नर जनरलले साधारण लेख्न र पढ्न नजान्ने कुनै पनि गोरखालीलाई रिकुटेका रूपमा स्वीकार नगर्ने निर्णय गरेका थिए, किनभने अशिक्षित रिकुटेलाई तालिम दिन कठिन पर्थ्यो ।

नेपालमा शिक्षक राखेर पढेका हुनेखानेका परिवारका सदस्यहरू भारत गएर अध्ययन गर्थे । इतिहासविद् वेल्पटनका अनुसार कलेज खोल्नुको वास्तविक कारण नेपालबाट भारत पढ्न जाने युवालाई रोक्नु थियो । वेल्पटनका अनुसार चन्द्रशमशेरले राजा जर्ज पाँचौँलाई बेलायतले भारतीयलाई शिक्षित बनाएको गल्तीले भारतमा स्वतन्त्रता आन्दोलनको चुनौती देखिएको बताएका थिए (अ हिस्ट्री अफ नेपाल)। चन्द्रशमशेरले माध्यमिक तहका स्कुलहरू नै नभएको नेपालमा त्यही गल्ती नदोहोऱ्याउन त्रिचन्द्र क्याम्पस स्थापना गरेका थिए । तथ्यहरूले चन्द्रशमशेरले त्यो क्याम्पस बाध्यतामै खोलेको देखाउँछन् । क्याम्पसको भौतिक संरचनाबारे पाँडे लेख्छन्- बिर्ता र गुठीबाहेक अरू सबै रैकर जमिनको एक पैसा पनि मुआब्जा जमिनधनीलाई नतिरी तिरोको लागतसम्म कट्टा गरी जति पनि जमिन सरकारले अधिग्रहण गर्न सक्ने त्यो राणाकालमा ब्रिटेनको अक्सफोर्ड र क्याम्ब्रिजजस्ता फराकिला क्याम्पस देखेका चन्द्रशमशेरले घण्टाघर र वीर लाइब्रेरीसँग जोडेर दुइटा मस्जिदबिच अटाई-नअटाई पाँच रोपनी माटोको डिलमा त्यो त्रिचन्द्र कलेज निर्माण गर्नुपरेको कारण जानिनसक्नु छ । लक्ष्मीनिवास र हरिहर भवनभन्दा पनि बढी जमिन ओगटेर त्रिचन्द्र क्याम्पस सजिलै बन्न सक्थ्यो ।

> हरेकजसो सरकारले शिक्षामा आमूल परिवर्तन ल्याउने नाममा विभिन्न समिति खडा गर्छन्, तिनले प्रतिवेदन पनि दिन्छन् । तर, कार्यान्वयन गर्ने वेला हाम्रा शासकमा अचानक चन्द्रशमशेर र जंगबहादुर जाग्छन् ।

गणतन्त्रमा शिक्षा : राणाहरूले नेपालको शासन छोड्दा यहाँको साक्षरता दर दुई प्रतिशत मात्रै थियो, जब कि उपनिवेशको नियन्त्रणमा रहेको भारतमा समग्रमा १८ दशमलव ३३ प्रतिशत जनता साक्षर थिए । जसमा पुरुषको संख्या २७ दशमलव १६ र महिलाको ८ दशमलव ८६ प्रतिशत थियो ।

अहिले नेपालमा गणतन्त्र छ । आममानिसबाट राष्ट्रपति बनेका छन्, प्रधानमन्त्री र मन्त्री छन् । उनीहरूको विगत राणाहरूको जस्तो सत्ताका लागि मात्रै मारकाट गरेर आएको विगत छैन, बरु जनताका लागि ज्यान दाउमा राखेको विगत छ । तर, सय वर्षअगाडिका राणाको झैँ अहिलेका शासकले नेपालको शिक्षा विकासमा किन अरुचि देखाउँछन् र कतिपय ठाउँमा त व्यवधान नै गर्छन् ? विश्वविद्यालयका पदाधिकारीदेखि क्याम्पस प्रमुखसम्म दलले बाँडेर लिन्छन् र तिनले त्यहाँको शैक्षिक गुणस्तर बदल्नुबाहेक सबै काम गर्छन् ।

त्रिविका पूर्वउपकुलपति केदारभक्त माथेमा विश्वविद्यालयमा भागबन्डाको राजनीति ०४६ को आन्दोलनलगत्तै सुरु भएको सम्झन्छन् । माथेमा उपकुलपति भएर जाँदा वाममोर्चा र कांग्रेस मिलेर पद बाँडफाँड भइसकेको रहेछ । उनको कार्यकालमा पदमा नियुक्ति दिने समय आउँदा वाममोर्चानिकट प्राध्यापकहरू आएर आफ्नो भागबारे सोधखोज गर्न थाले । म पार्टी हेरेर नियुक्त गर्ने पक्षमा थिइनँ । मैले नमानेपछि उहाँहरू आफैँले राजीनामा दिनुभयो । अनि मैले आफ्नो निर्णय लिएँ र विनाभेदभाव नियुक्त गरेँ,' उनले सम्झिए । तर, पछि एमालेको सरकार बनेपछि उनको कार्यकाल नसकिए पनि उनी आफैँले राजीनामा दिनुपऱ्यो, विश्वविद्यालयमा राजनीति हुँदा ।

त्यसको तीस वर्षपछि यो अवस्था झन् भयावह हुँदै गएको देखिन्छ । अहिलेकी शिक्षामन्त्री विद्या भट्टराईले शिक्षालाई राजनीतिक दलले महत्त्व नै नदिएको गुनासो एक पत्रिकाको अन्तर्वार्तामा गरेकी छिन् । उनको भनाइलाई राज्यका तथ्यहरूले बलियोसँग साथ दिन्छन् । भन्नका लागि नेपालको हालको साक्षरता दर ७७ प्रतिशत हाराहारीमा छ । तर, त्यो रोजगारी सिर्जनामा उत्तिकै कमजोर छ । नेपालको बेरोजगारी झन्डै १३ प्रतिशत छ, हरेक दिन १५ सयको हाराहारीमा बिदेसिने युवाको संख्याका बाबजुद पनि ।

प्रधानमन्त्रीले भर्खरै नेतृत्व गरेको दीक्षान्त समारोहका दीक्षित विद्यार्थीले बजारमा कसरी आफ्नो भविष्य भेट्छन् भन्नेबारे राज्यको कुनै भूमिका र चासो छैन । आफ्ना लागि देशमा आफैँ रोजगारी सिर्जना गर्नु वा बिदेसिनु उनीहरूका अगाडिका विकल्प हुन् । त्यसका लडाइँ र झन्झट त छँदै छन् । तर, त्यसअघि विश्वविद्यालयबाट दीक्षित हुनुसम्ममा अर्को ठुलो लडाइँ छ । त्यो लडाइँ राज्य आफैँले सिर्जना गरेको हो र त्यसको रेखदेख गर्ने दल छन् । संसारभर राजनीतिक क्रान्ति भएका छन् । त्यसमा नेतृत्व गर्ने कतिले सत्ता हातमा आउँदा आममानिसका लागि काम गरेका छन्, कतिले आफ्नो परिवारका लागि मात्रै । नेपालको सन्दर्भमा पछिल्लो दृष्टान्त लागू हुनु अहिलेको पुस्ताको दुर्भाग्य त हो नै, इतिहासको पनि दुर्भाग्य हो । माथेमा हाम्रा नेताका छोराछोरी नपढ्ने भएकाले राज्यका शिक्षण संस्था धराशयी भएको मान्छन् । त्यसमा सत्यता भएको तथ्यलाई कसैले चुनौती दिन सक्दैन ।

सन् १८७७ मा छापिएको हिस्ट्री अफ नेपालमा डेनियल वेट लेख्छन्- जंगबहादुर र केही धनी वर्गसँग आफ्ना बच्चालाई पढाउन कि अंग्रेज वा बंगाली बाबु छन् । त्यहाँ सार्वजनिक रूपमा कुनै शिक्षाको व्यवस्था छैन । हरेक अभिभावकले आफ्नो बच्चा व्यक्तिगत रूपमा पढाउँछ या पण्डितलाई जिम्मा दिन्छ । तल्लो तहकाहरू पूर्णतया शिक्षाबाट वञ्चित छन् ।

अहिलेका शासकसँग आफ्ना छोराछोरीका लागि देश-विदेशमा पढाउन निजी शैक्षिक संस्था उपलब्ध छन् । शिक्षाको स्तर जनताका लागि बदल्नुपर्ने दायित्व कुनै नेताले लिन आवश्यक ठान्दैनन् । राज्यको बेथितिले रुमल्लिएका जनतासँग त्यसको प्रश्न सोध्ने फुर्सद पनि खासै छैन । समकालीन शिक्षाका विषयमा लेखिनुपर्ने कम र राज्यले पढ्नुपर्ने तथ्य धेरै छन् । शिक्षा नीति कार्यान्वयन गर्नुपर्ने विषयमा हाम्रा शासक आफैँलाई राम्रो ज्ञान छ , जंगबहादुर र चन्द्रशमशेरलाई ज्ञान भएझैँ । हरेकजसो सरकारले शिक्षामा आमूल परिवर्तन ल्याउने नाममा विभिन्न समिति खडा गर्छन्, तिनले प्रतिवेदन पनि दिन्छन् । तर, कार्यान्वयन गर्नेवेला हाम्रा शासकमा अचानक चन्द्रशमशेर र जंगबहादुर जाग्छन् । नेपालमा शिक्षाको राजनीतीकरणविरुद्ध लडिरहेका माथेमा अब हैरान भएको सुनाउन थालेका छन् । इतिहासबारे चर्चिलकै भनाइ हामीकहाँ लागू हुन्छ- जसले इतिहासबाट सिक्दैनन्, तिनले त्यसलाई दोहोऱ्याउँछन् । हामीहरू दोहोरिएका राणाबाट शासित छौँ ।

---

३ प्रश्न

कांग्रेस महाधिवेशन दबाब अभियानका संयोजक **गुरुराज घिमिरेलाई**

महाधिवेशन मात्रैका लागि दबाब दिँदा पार्टीमा हुन नसकेका काम त छायामा परे नि ?

हामी पार्टीका सबै आन्तरिक विषयलाई उठाउनेछौँ । महाधिवेशनपछि हुन नसकेका कामका विषय झनै हाम्रो प्राथमिकतामा पर्नेछन् । महाधिवशेन मात्रैको विषयमा हामी केन्द्रित हुँदैनौँ । १४औँ महाधिवेशनपछि हुनुपर्ने काम अस्तव्यस्त छन् । विभागहरू बन्न सकेका छैनन् । भ्रातृसंस्थाका अधिवेशन हुन सकिरहेका छैनन् । अवश्य पनि हामी यी सबै अस्तव्यस्तताका कारणको खोजी र नेतृत्वलाई जवाफदेही बनाउन लागिपर्नेछौँ । पार्टीका सबै आन्तरिक विषयमा हामी पार्टीका साथीसँग अन्तर्क्रिया गर्नेछौँ र केन्द्रीय समितिमा यसबारे जवाफ माग्नेछौँ ।

महाधिवेशनकेन्द्रित सम्पर्क कार्यालयमार्फत दबाब दिन के-के गर्दै हुनुहुन्छ ?

महाधिवेशनका लागि दबाब दिन '१५औँ महाधिवेशनकेन्द्रित सम्पर्क कार्यालय' नै खोलेर हामी आन्तरिक गृहकार्य गरिरहेका छौँ । कतिपय साथी हामीसँगको सम्पर्कमा आउनुभएको छ । महासमिति बैठकले सर्वसम्मत रूपमा ०८२ मै महाधिवेशन गर्ने निर्णय गरेको हो । के कारणले निर्णय कार्यान्वयनमा अवरोध आयो ? भन्नेबारे जवाफ खोजेर जिल्ला र प्रदेश तहसम्म पुगेर साथीहरूलाई बुझाउनेछौँ । छिट्टै उपत्यकाबाहिर अन्तर्क्रिया थाल्दै छौँ ।

नेतृत्वविरुद्ध कस्तो मोडलको दबाब दिने तयारी छ ?

हाम्रो दबाब अभियान पार्टीको गुट विशेषको होइन । नेतृत्वलाई जवाफदेही बनाउने र पार्टीलाई सुधारको बाटामा लानु यसको उद्देश्य हो । हामीले केन्द्रीय समितिलाई वडादेखि प्रदेश तहसम्मको महाधिवेशनको कार्यतालिका ल्याउन दबाब दिनेछौँ । त्यस्तै सदस्यता वितरणलाई पनि समयमै सम्पन्न गर्न दबाब दिनेछौँ । तोकिएकै समयमा महाधिवेशन सुनिश्चित हुने गरी पार्टीलाई दबाब दिँदै छौँ । प्रारम्भिक तयारीविना महाधिवेशनको सुनिश्चितता हुन सक्दैन । त्यसैका लागि हाम्रो दबाब केन्द्रित हुनेछ ।

प्रेरक प्रसंग

देखावटी क्षमायाचना

एक अध्यापकलाई भिक्षु चु लाईको शिक्षामा पटक्कै विश्वास थिएन । त्यसैले, उनले एक दिन चुको अपमान गरे । तर, तिनै अध्यापककी पत्नी भने चुकी भक्त थिइन् । उनले जब आफ्ना पतिले चुको अपमान गरेको सुनिन्, उनी निकै दुःखी भइन् । साथै, उनलाई आफ्ना पतिदेखि रिस पनि उठ्यो । उनले आफ्ना अध्यापक पतिलाई सम्झाइन् र हप्काइन् पनि । अवस्था बिग्रँदै गएपछि पतिले सोधे- त्यसो भए अब के गर्नु ठिक होला त ? उनको जिज्ञासा सुनेपछि पत्नीले चु लाईकहाँ गएर माफी माग्ने सल्लाह दिइन् ।

अध्यापक माफी माग्न त चाहँदैनथे, तर पत्नीको गनगन सुन्नुभन्दा भिक्षुसित माफी माग्नु नै ठिक ठानेर उनी मन्दिरमा पुगे र चु लाईसित मात्र दुई शब्दमा भने- माफ पाऊँ ! तर, चुले भने- म तिमीलाई माफ गर्न सक्दिनँ, जाऊ आफ्नो काम गर । चुले माफी नदिएपछि के गर्दा ठिक होला भनेर अध्यापकले निर्णय गर्न सकेनन् । घर फर्केर उनले यही कुरा पत्नीलाई बताए । पतिको कुरा सुनेपछि पत्नी स्वयं चुको आश्रममा पुगिन् र गुनासो गर्दै भनिन्- मेरा पति आफ्नो गल्तीमा निकै लज्जित हुनुहुन्थ्यो । उहाँ यहाँ हजुरसित माफी माग्न आउनु पनि भएको थियो । तर, हजुरले अलिकति पनि दया देखाउन सक्नुभएन, किन ?

चु लाईले भने- मेरो मनमा तिम्रो पतिप्रति कुनै प्रकारको क्रोध कहिल्यै थिएन, अहिले पनि छैन र भोलि पनि रहनेछैन । तर, तिम्रा पति साँच्चै लज्जित थिएनन् भन्ने मलाई थाहा थियो । यस्तोमा उनलाई मप्रति रिसाइरहन दिनु नै ठिक हुन्छ । उनको क्षमायाचना स्विकार्दा हामीबिचको सम्बन्धमा झुटो मिठास त आउने थियो । तर, यसले तिम्रा पतिको क्रोधलाई झनै बढाउने थियो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कांग्रेसलाई विभाग नचाहिने हो ?

कांग्रेसको विधानअनुसार महाधिवेशन सम्पन्न भएको ६ महिनाभित्र गठन भइसक्नुपर्ने विभाग अर्को महाधिवेशनको चर्चा सुरु भइसक्दा पनि गठन हुन नसक्नु भनेको कांग्रेसलाई आफ्ना विभाग नचाहिएको संकेत हुन सक्छ । जब पार्टीलाई आवश्यक नै थिएन भने उसले यति धेरै विभाग किन गठन गऱ्यो ? आवश्यक भएरै गठन गरेको भए उसले विधानअनुसार विभागलाई नेतृत्वसहित सदस्यहरूको टिम दिन किन आनाकानी गरिरहेको छ ? कांग्रेस नेतृत्वले विभागमा कसैलाई पनि जिम्मेवारी नदिई सबैलाई आशा मात्र देखाउन यो विभागको 'हड्डी' फ्याँकिरहेको त होइन नि ? यति धेरै विभाग आवश्यक नभए त्यसको संख्यामा कटौती गरी चुस्त विभाग बनाउन कांग्रेस नेतृत्वले सक्दैन हो ?

● **अमृता सिवाकोटी**, टेकु, काठमाडौं

उपाध्यक्षलाई कारबाही गर

आफूलाई समयमै लिन नआएको झोँकमा सिराहा जिल्लास्थित विष्णुपुर गाउँपालिकाकी उपाध्यक्ष गीताकुमारी सिंहले पालिकाकै गाडी तोडफोड गरेको समाचार पढियो । यसरी आफूलाई लिन नआएको झोँकमा सरकारी सम्पत्ति तोडफोड गर्नु भनेको गम्भीर घटना हो । सामान्य नागरिकले समेत सरकारी सम्पत्तिको संरक्षण गर्नुपर्छ भने झन् निर्वाचित जनप्रतिनिधिले आफैँले प्रयोग गर्ने सवारी साधन तोडफोड गर्नु निन्दनीय छ । अरूसामु उदाहरणीय बनेर अरूलाई समेत त्यस्तै बन्न प्रेरित गर्नुपर्ने जनप्रतिनिधि नै यसरी तोडफोडमा उत्रिएपछि यसको प्रभाव आमजनतामा कस्तो पर्ला ?

● **शोभा कुइँकेल**
बुटवल-४, रुपन्देही

व्यक्तिकेन्द्रित अध्यादेश

वर्तमान सरकारले व्यक्तिकेन्द्रित अध्यादेश ल्याएर गलत गर्दै छ । एकजना व्यक्तिलाई केन्द्रित गरेर भन्दा पनि समग्र सहकारीबाट पीडित सर्वसाधारणले न्याय पाउने र उनीहरूको डुबेको रकम फिर्ता गराउन सकिने गरी फराकिलो ध्येय राखेर अध्यादेश ल्याउनुपर्ने थियो । त्यति गर्न सकेको भए नेपाली जनताले महसुस गर्न सक्ने स्तरको न्यायको सुनिश्चितता गर्न सकिने थियो । कसैसँग प्रतिशोध साध्नु राज्यका लागि सुहाउने काम होइन । उसले जगेडामा रहेका कर्मचारीलाई काममा खटाएर कर्मचारी व्यवस्थापन गरे हुने नि !

● **मीनप्रसाद दुलाल**
नयाँबस्ती, बनेपा

हवाईभाडा किन घटेन ?

कांग्रेसबाट पहिलोपटक मन्त्री बन्ने केही नेता मन्त्री बन्नुअघि बोलीमा निकै खरो र जुझारु देखिन्थे । उनीहरूको त्यो ऊर्जा र उत्साह देखेरै कांग्रेसले मन्त्रीमा सिफारिस गऱ्यो । उनीहरूबाट आमजनताले पनि निकै आस गरेका थिए । तर, आस गरिएका अनुहारले परिणाम भने सन्तोषजनक दिन सकेनन् । आस गरिएका नयाँ मन्त्रीहरू पर्यटनमन्त्री बद्रीप्रसाद पाण्डे, स्वास्थ्यमन्त्री प्रदीप पौडेल र कृषीमन्त्री रामनाथ अधिकारी तीनैजना उही औसत मन्त्री मात्र पुष्टि भए ।

पर्यटनमन्त्री पाण्डेले न हवाईभाडा घटाउन सके, न त भारतबाट भैरहवा र पोखरा विमानस्थल चलाउन नयाँ हवाई रुटका लागि अनुमति नै लिन सके । उता कृषिमन्त्री अधिकारीले कृषकलाई न समयमै कृषिमल दिन सके न त दुग्ध र उखु किसानलाई नै राहत नै दिन सके । स्वास्थ्यमन्त्री पौडेलले पनि सरकारी अस्पतालको लामो लाइन र स्वाथ्य बिमालाई अहिलेसम्म लिकमा ल्याउन सकेका छैनन् ।

आस गरिएका मन्त्रीहरूले काम देखाउन नसक्दा आमजनता निराश भएका छन् । जसले गर्दा सरकारको प्रभावकारितामै प्रश्न उठेको छ । आस गरिएका तीन मन्त्रीले आफ्नो सक्षमताको परीक्षा दिने वेला आएको छ । यसका लागि जनता भाषण सुन्न होइन, उनीहरूबाट सम्पादन भएका काम देख्न उत्सुक छन् । यिनले गठबन्धनलाई दोष दिएर उम्किने छुट पाउनेछैनन् ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

क्यानडालाई डोनाल्ड ट्रम्पबाट अस्तित्वकै चुनौती

अमेरिकी राष्ट्रपति निर्वाचित डोनाल्ड ट्रम्पले क्यानडालाई वास्तविक देश नभई केवल अर्को अमेरिकी राज्यको संज्ञा दिँदै मजाक बनाएका छन्

देश / विदेश

● स्टेवार्ट प्रेस्ट

राष्ट्रपति निर्वाचित डोनाल्ड ट्रम्पले क्यानडालाई अमेरिकाको ५१औँ राज्य बनाउने आफ्नो विचार फेरि दोहोऱ्याएका छन् । उनले क्यानडाका व्यवसायी केभिन ओ'लिरीको यस्तै व्यहोराको सामाजिक सञ्जाल पोस्टलाई साझा गरेका छन् । ट्रम्पको यो विचारलाई धेरैले मजाकको विषय बनाएका भए पनि क्यानडाका लागि यो पोस्ट संवेदनशील समयमा आएको छ, किनभने लिबरल सरकार क्रिस्टिया फ्रिल्यान्डले अर्थमन्त्री र उपप्रधानमन्त्रीबाट दिएको राजीनामापछि समस्यामा परेको छ । राजीनामा पत्रमा फ्रिल्यान्डले प्रधानमन्त्री जस्टिन ट्रुडोको आलोचना गर्दै ट्रम्पको सम्भावित दोस्रो कार्यकालको चुनौतीको सामना गर्न क्यानडा असुरक्षित रहेको बताएकी छिन् । त्यसमाथि डोनाल्ड ट्रम्पले फ्रिल्यान्डलाई 'विषाक्त' भन्दै ट्रुडो स्वायत्त राष्ट्रका नेता नभई अमेरिकी राज्यको गभर्नरका रूपमा उल्लेख गरेर तनाव बढाएका छन् । उनले एक अर्को पोस्टमा क्यानेडेलीलाई कर र सैन्य सुरक्षामा ठुलो बचत हुने दाबी गर्दै ५१औँ राज्य बन्न सुझाव दिएका छन् ।

आर्थिक एवं लोकतान्त्रिक पतनक्रममा : आगामी क्यानेडेली प्रधानमन्त्रीले ट्रम्पले अघि सारेको मुलुकको अस्तित्वमै संकट खडा गर्ने धम्कीलाई अहिलेको ट्रुडोको लिबरल सरकारले भन्दा प्रभावकारी ढंगले सम्बोधन गर्नुपर्नेछ । ट्रम्पले क्यानडाको स्वतन्त्रतालाई खुला रूपमा अपमानित गर्दै यसको सार्वभौमिकता र पहिचानलाई चुनौती दिइरहेका छन् । अमेरिकामा गाभ्ने उनको धम्कीले क्यानडाको अर्थतन्त्र, लोकतन्त्र र सार्वभौमिकतामाथि निरन्तर चुनौती खडा गरिरहेको छ जसको सामना गर्न स्पष्ट एवं दृढ प्रतिक्रिया आवश्यक छ । ट्रम्पले क्यानेडेली निर्यातमा प्रस्ताव गरेको २५ प्रतिशत करले दुवै देशको अर्थतन्त्रलाई ठुलो क्षति पुऱ्याउन सक्छ र त्यसमाथि क्यानडाको सानो अर्थतन्त्रका कारण यसको प्रभाव थप ठुलो हुनेछ । लोकतान्त्रिक मान्यताप्रति उनको बेवास्ता पनि त्यत्तिकै चिन्ताजनक छ किनभने उनी यी मान्यतालाई सिद्धान्तभन्दा अवरोधका रूपमा हेर्छन् । उनको 'प्रतिशोध यात्रा'मा मिडिया संस्था र तिनका सर्वेक्षक परेका छन् । यी सर्वेक्षकले अमेरिकी चुनावको अन्त्यतिर कमला ह्यारिसले चुनावमा अग्रता लिइरहेकी छिन् भन्ने रिपोर्ट गरेका थिए । पुनः ह्वाइट हाउसमा फर्किएपछि ट्रम्पले विपक्षीलाई दण्डित गर्न सार्वजनिक संस्थाको प्रयोग गर्ने वाचा गरेका छन् । यसले उनलाई आपराधिक कार्यका लागि एकपक्षीय सर्वोच्च अदालतको निर्णयले पनि संरक्षण दिनेछ । लोकतान्त्रिक संस्थाप्रति उनको बेवास्ताले विश्वव्यापी रूपमा लोकतान्त्रिक क्षयीकरणलाई तीव्र बनाएको थियो । दोस्रो ट्रम्प प्रशासनले यी प्रवृत्तिलाई अझै बलियो बनाउने सम्भावना छ र क्यानेडेली राजनीतिमा उनको सम्भावित हस्तक्षेपले गम्भीर चिन्ता उत्पन्न गरिरहेको छ ।

क्यानेडेली सार्वभौमसत्तालाई खतरा : ट्रम्पका अभिव्यक्तिले उनी ती व्यक्तिका लागि कुनै सम्मान राख्दैनन्, जसलाई उनी असहाय मान्छन् र हाल क्यानडा यसमा पर्छ भन्ने बारम्बार देखिन्छ । उनले क्यानडालाई वास्तविक देश नभई केवल अर्को अमेरिकी राज्य भएको संज्ञा दिँदै मजाक बनाएका छन् । यो धम्कीलाई हाँसेर खारेज गर्नु मात्र पर्याप्त हुँदैन । अहिलेसम्म क्यानडाले यसो गर्दै आएको छ, जसले ट्रम्पको भनाइलाई सहीजस्तो बनाउँछ । क्यानडाले आफ्नातर्फको सीमा सम्बन्धमा प्रभावकारी व्यवस्थापन गर्नुको सट्टा सीमामा एक अर्बभन्दा बढी थप खर्च गर्ने वचन दिएको छ । क्यानडाको नेतृत्वले ट्रम्पको धम्कीलाई एक गुन्डाको दादागिरीका रूपमा लिएर खण्डनसमेत गर्न सकेको

तस्बिर : इभान बुच्ची/एपी

छैन । ट्रम्पको भन्सार करसम्बन्धी धम्कीको सामना गर्दा ट्रुडोले अप्रत्यासित रूपमा फ्लोरिडा यात्रा गरेर राष्ट्रपति निर्वाचितलाई भेट्न र क्यानडाको पक्षमा दलिल राख्न गएका थिए । यसक्रममा सामान्य प्रोटोकल (कूटनीतिक संहिता) पालना गरिएको थिएन । यसले ट्रुडोलाई एक अनुग्रह माग गर्ने व्यक्तिका रूपमा प्रस्तुत गऱ्यो न कि सरकार प्रमुखका रूपमा ।

ट्रम्पलाई उपद्र्याहा एवं आक्रामक स्कुले बालकका रूपमा हेरिन्छ, जसले अन्य मुलुकबाटै अमेरिकाको सीमा सुरक्षा गराउन चाहन्छ । जब कि अमेरिकाको सीमा सुरक्षा त्यहाँकै राष्ट्रपतिको दायित्व हो । जवाफ नदिनाले धम्कीलाई थप प्रोत्साहन गर्छ । ट्रुडोले समानताका आधारमा व्यवहार गर्ने वाचा गर्दै गर्दा ट्रम्पले उनलाई ५१औँ अमेरिकी राज्यको गभर्नर भन्दै उपहासका पात्र बनाए । सबैले क्यानडाको जवाफ कुरेर बसेका छन् । इज्जत जोगाउन क्यानडाले आफ्नो सार्वभौमिकता, समृद्धि र मूल्यको रक्षा गर्न दृढ रहनुपर्छ चाहे यसका लागि व्यापार युद्धमै होमिन किन नपरोस् ।

शक्ति असन्तुलन : अमेरिका एक शक्तिशाली राष्ट्र भए पनि एक शताब्दीयता क्यानडा र अमेरिका एक-अर्काका सहयोगी एवं साझेदार बन्दै आएका छन् र साझा मूल्यमा आधारित बलियो सम्बन्ध बनाएका छन् । तर, ट्रम्पले क्यानडाको सार्वभौमसत्तामाथि अमेरिकी शक्तिलाई प्राथमिकता दिनुको अर्थ क्यानडा अमेरिकामा आर्थिक र सैन्य रूपमा निर्भर छ भन्ने हो । तर, अमेरिका एवं क्यानडाबिचको गहिरो सम्बन्ध अमेरिकी सत्ताका लागि पनि सहज छैन । क्यानडाको ओन्टारियो प्रान्तका प्रमुख डग फोर्डले भनेजसरी ऊर्जा निर्यात रोकियो भने यसले अमेरिकाको अर्थतन्त्रलाई क्षति पुऱ्याउन सक्छ । उदाहरणका लागि क्यानेडेली पेट्रोलियममा कर लगाउँदा महँगी बढ्नेछ । यदि अमेरिका क्यानडाको सार्वभौमिकतालाई बेवास्ता गर्छ भने अन्य राष्ट्रलाई पनि जोखिम हुनेछ । विश्वका मुलुकले यस्तो दादागिरीको सामना गर्नका लागि उपाय खोज्नुपर्छ र क्यानडाले आफ्ना मित्र राष्ट्रसँग मिलेर काम गर्नुपर्छ । ट्रम्प पुनः राष्ट्रपति बन्न गइरहेका छन् र क्यानडामा जोसुकै नेतृत्वमा पुगे पनि मुलुकको सार्वभौमिकता जोगाउन तम्तयार रहनुपर्छ ।

(प्रेस्ट ब्रिटिस कोलम्बिया विश्वविद्यालयका राजनीतिशास्त्रका लेक्चरर हुन्)
द कन्भर्सेसनबाट

अन्तरिक्षयात्रामा नासालाई उछिन्दै छ एलन मस्कको स्पेसएक्स

मस्कको स्वामित्वमा रहेको अन्तरिक्ष कम्पनी स्पेसएक्सले पृथ्वीको कक्षमा वैज्ञानिक उपकरण पुऱ्याउने अभियानको लागत झन्डै १० गुणाले घटाइसकेको छ

● रोबिन म्याक्की

म्याक्की अब्जर्भरका विज्ञान तथा वातावरण सम्पादक हुन् ।

१३ अक्टोबरमा विश्वको सबैभन्दा ठुलो र शक्तिशाली रकेट स्टारसिप अमेरिकाको टेक्सासस्थित रकेट प्रक्षेपण केन्द्र (लन्चप्याड)बाट अन्तरिक्षतर्फ उड्यो । रकेटको मुख्य बुस्टर पृथ्वीको सतहबाट ६५ किमि उचाइसम्म पुगेर पुनः फर्किन लाग्यो । फर्किंदा त्यसको वेग ध्वनिको गतिभन्दा तीव्र थियो । विश्वका सबैभन्दा धनी व्यक्ति इलन मस्कको स्वामित्वमा रहेको अन्तरिक्ष कम्पनी 'स्पेसएक्स'ले बनाएको उक्त रकेट पृथ्वीको सतहनजिक आइपुग्यो, यसको बन्द इन्जिन पुनः प्रज्ज्वलित भयो । त्यसपछि त्यो बिस्तारै सात मिनेटअघि टेक्सासको जुन टावरबाट उडेको थियो, सोही टावरमा अवतरण गर्न थाल्यो । अवतरणपछि टावरका दुई सनासोजस्तो भागले विशाल लन्चरलाई बलियोसँग समात्यो । लन्चर पुनः प्रक्षेपण गर्न योग्य अवस्थामा थियो ।

'यो दिनलाई इन्जिनियरिङको इतिहासमा सुनौलो अक्षरले लेखिनेछ,' स्पेसएक्सकी इन्जिनियर केट टिसले भनिन् । प्रतिष्ठित अनुसन्धान जर्नल साइन्सले यस उपलब्धिलाई उत्साहजनक भन्यो । 'यस उपलब्धिले भारी सामान बोक्ने सस्तो रकेटको नयाँ युग सुरु गराउनेछ । अन्तरिक्ष अनुसन्धानको लागतमा धेरै कटौती हुन सक्छ,' जर्नलले गत महिना स्टारसिपको अक्टोबर उडानलाई वर्षको उल्लेखनीय उपलब्धिमध्ये एकको रूपमा चर्चा गर्दै भन्यो ।

अक्टोबरको उडान सफलताअघि नै मस्कको कम्पनीले पृथ्वीको कक्षमा सामान पुऱ्याउने अभियानको लागत झन्डै १० गुणाले घटाइसकेको उक्त जर्नलले खुलासा गरेको छ । र, हालसम्मकै सबैभन्दा शक्तिशाली लन्चर तथा छिटो पुनः प्रयोग गर्न सकिने स्टारसिप पूर्ण रूपमा सञ्चालनमा आएपछि खर्च उत्तिकै दरमा कटौती हुने अपेक्षा गरिएको जर्नलले सोही समय भनेको थियो । स्पेसएक्सको पछिल्लो सफलतामा सबै अन्तरिक्ष इन्जिनियरले उत्साहित छन् । उनीहरू यस वर्षको अन्त्यसम्म स्पेसएक्स प्रयोगमा आउन थालेपछि त्यसलाई प्रत्येक दुई वा तीन हप्तामा प्रक्षेपण गर्न सकिने बताउँछन् ।

स्पेसएक्सले सन् २०२५ मा कुल २५ उडान गर्ने योजना छ, जुन आफैँमा महत्त्वाकांक्षी कार्यतालिका हो । 'इजरायल इन्स्टिच्युट अफ टेक्नोलोजी'अन्तर्गतका एस्ट्रोफिजिसिस्टका प्राध्यापक एहुद बेहारले 'स्पेस डट कम' वेबसाइटलाई बताएअनुसार स्टारसिपले आगामी दिनका लागि सार्वजनिक गरेको तालिका आफैमा ठुलो सफलता हो । वैज्ञानिकका लागि स्टारसिपका स्पष्ट फाइदा छन् । पुनः प्रयोग गर्न मिल्ने लन्चर प्रक्षेपण हुन थालेपछि उडान खर्च घट्ने र अन्तरिक्षमा हाल गर्न नसकिएका महँगा वैज्ञानिक अनुसन्धानसमेत सहज हुने उनीहरूको आशा छ । स्टारसिपको उपलब्धिको यो पक्ष महत्त्वपूर्ण भएको 'साइन्स' जर्नलले आफ्नो सम्पादकीयमा भनेको छ ।



> स्टारसिपसँग मस्कको अपेक्षा वैज्ञानिक अनुसन्धानमा सहयोगी हुनेभन्दा मंगल ग्रहमा मानव बस्ती बसाउने सपनासँग जोडिएको छ । गत सेप्टेम्बरमा उनले स्पेसएक्सले दुई वर्षभित्र मंगल ग्रहमा पहिलो मानवविहीन स्टारसिप मिसन प्रक्षेपण गर्ने घोषणा गरेका थिए ।

पहिले अन्तरिक्ष प्रक्षेपणको असफलताको खतरालाई धेरै नै महँगो ठानिन्थ्यो । त्यसैले नासाका अन्तरिक्ष मिसनमा प्रयोग गरिने सामग्रीको बारम्बार परीक्षण गरिन्थ्यो । यसले मिसनको खर्च झन् बढाइदिन्थ्यो । अब मंगल ग्रहमा ठुलो संख्यामा रोभर पठाउन सकिनेछ, अहिले पठाएको जस्तो एक-दुई मात्र होइन । त्यस्तै, अन्तरिक्षमा विशाल ऐनालाई निश्चित संरचनामा पठाएर माथि आफैँ 'एसेम्बल' हुने व्यवस्था गरेर टेलिस्कोप निर्माण गर्न सकिने भएको छ । त्यस्तो सम्भावनाले रोमाञ्चित बनाउँछ, तथापि मस्कको कम्पनीका अँध्यारा पाटा पनि छन् । पहिलो त स्टारसिपले नासाको आफ्नै रकेट प्रणाली र तथा महँगो 'अन्तरिक्ष प्रक्षेपण प्रणाली (एसएलएस)'लाई नष्ट गर्ने सम्भावना छ । नासाले दशकौँदेखि यस प्रणालीमा काम गर्दै आएको छ । नासाका रकेट एकपटक मात्र प्रयोग गर्न सकिने खालका छन् र प्रत्येक 'एसएलएस प्रणाली'को प्रक्षेपणमा अर्बौं अर्ब डलर खर्च हुन्छ । जबकि मस्कले उनको कम्पनीको रकेट प्रणालीको खर्च एक करोड डलरमा सीमित गर्ने योजना बनाएका छन् । धेरै वैज्ञानिकले स्टारसिपले केही वर्षभित्रै 'एसएलएस प्रणाली'लाई अनावश्यक बनाइदिने भविष्यवाणी गरेका छन् । स्पेसएक्ससँग जोडिएका अर्को समस्या यसका मालिक मस्कको राजनीति हो ।

धेरै वैज्ञानिकले मस्कको दक्षिणपन्थी राजनीति र डोनाल्ड ट्रम्पसँगको उनको घनिष्ट सम्बन्धलाई स्विकार्न सकिरहेका छैनन् । मस्क अमेरिकाको वर्तमान आप्रवासन नीतिको मुखर आलोचक हुन् भने उनी धेरै प्रजातान्त्रिक राजनीतिज्ञलाई घृणा गर्छन् । अहिले आएर ट्रम्पले उनलाई अमेरिकी संघीय बजेटबाट ५०० अर्ब डलर कटौती गर्ने जिम्मेवारी दिएका छन् । खासमा, स्टारसिपसँग मस्कको अपेक्षा वैज्ञानिक अनुसन्धानमा सहयोगी हुनेभन्दा मंगल ग्रहमा मानव वस्ती बसाउने सपनासँग जोडिएको छ । गत सेप्टेम्बरमा उनले स्पेसएक्सले दुई वर्षभित्र मंगल ग्रहमा पहिलो मानवविहीन स्टारसिप मिसन प्रक्षेपण गर्ने घोषणा गरेका थिए । मस्कका अनुसार सो मिसन सफल भएमा त्यसको चार वर्षमा चालक दलसहितको उडान भरिनेछ । ३० वर्षभित्रमा मंगल ग्रहमा मानव बस्ती बनिसक्ने र बसोवास गर्ने मानिसको जनसंख्या १० लाख मानिस पुग्ने परिकल्पना मस्कले गरेका छन् ।

विवादास्पद अर्बपति मस्कको मंगल ग्रहमा बस्ती बनाउने योजनाले धेरैको ध्यान तानेको छ । केहीले मजाक गरेका छन् । पक्कै पनि २२.५ करोड किमि दूरीमा रहेको मंगल ग्रहसम्मको मानव यात्रा निकै कठिन हुनेछ । बिचमा खतरनाक ब्रह्माण्डीय विकिरणबाट गुज्रिएर पानी नभएको ग्रहमा अन्न उब्जाउने उपाय खोज्नु आफैँमा ठुलो चुनौती हो । अझ यस कठिनाइलाई यस ग्रहको न्यून वायुमण्डलीय दबाबले बढाउँछ । त्यहाँ पृथ्वीको समुद्र क्षेत्रको वायुमण्डलीय दबाबको तुलनामा एक प्रतिशतभन्दा कम दबाब छ । पृथ्वीबाट मंगल ग्रहको यात्रा 'एउटा अव्यवस्थित कोठा छाडेर विषाक्त फोहोरको डङ्गुर गए'जस्तो हुने केली र ज्याक वाइनर स्मिथले आफ्नो पुस्तकमा लेखेका छन् । 'ए सिटी अन मार्स : क्यान वी सेटल स्पेस, सुड वी सेटल स्पेस र ह्याभ वी रियल्ली थट दिस थ्रु' नामक सो पुस्तकले सन् २०२४ को 'रोयल सोसाइटी त्रिवेदी विज्ञान पुस्तक' पुरस्कार जित्न सफल भयो । यस्तै तर्क खगोलशास्त्री मार्टिन रिज पनि गर्छन् ।

मार्टिन रिज सुरुदेखि मस्कको मंगल ग्रह अभियानविरुद्ध छन् । 'पृथ्वीबाट ठुलो संख्याका मानिस मंगल जानेछन् भन्ने आशा नगरे हुन्छ । अन्तरिक्षमा गएपछि पृथ्वीको समस्याबाट मुक्ति पाइनेछ भन्ने सोच आफैँमा खतरनाक भ्रम हो । हामीले पहिले यहाँका समस्या समाधान गर्न ध्यान दिनुपर्छ ।

- द गार्जियनबाट

इतिहासमा आज
जनवरी ७

● सन् २०१५

फ्रान्सको राजधानी पेरिसस्थित चर्चित व्यंग्य पत्रिका चार्ली हेब्दोको कार्यालय पसेर अतिवादीले अन्धाधुन्द हमला गरी १२ जनाको हत्या गरे । पत्रिकाले मुस्लिम धर्मगुरु मोहम्मदको अपमान गरेको भन्दै मुस्लिम लडाकुले आक्रमण गरेका थिए ।

- **सन् १६१०** : इटलीका वैज्ञानिक ग्यालिलियो ग्यालिलीले चारवटा तारा बृहस्पतिवरपर घुम्ने नयाँ तथ्य पत्ता लगाए । नांगो आँखाले भन्दा टेलिस्कोपले अझै बढी तारा देखिएको उनको भनाइ थियो ।
- **सन् १९६८** : मानवरहित अमेरिकी अन्तरिक्षयान सर्भेयर-७ प्रक्षेपण । केही दिनपछि उक्त यानले चन्द्रमामा अवतरण गरेको थियो ।
- **सन् १९७९** : भियतनामको फौजले क्याम्बोडियाको राजधानी सहर नोम फेहलाई कब्जा गरेपछि खमेर रुज सरकार ढल्यो ।

विश्व संक्षेप

हमासले बन्धकको अवस्थाबारे जानकारी दिएन : इजरायल

जेरुसेलम/ हमास समूहले सम्भावित आदानप्रदान सम्झौताको पहिलो चरणमा रिहा गर्ने बताएको ३४ जना बन्धकको अवस्था हालसम्म उपलब्ध गराएको छैन । इजरायलले सोमबार उक्त जानकारी दिएको हो । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'इजरायलले अहिलेसम्म सूचीमा रहेका बन्धकको स्थितिबारे हमासबाट कुनै टिप्पणी प्राप्त गरेको छैन ।'

हसिनाविरुद्ध दोस्रोपटक पक्राउ पुर्जी जारी

ढाका/ बंगलादेशको एक अदालतले निर्वासित पूर्वनेतृ सेख हसिनालाई बेपत्ता पारेको आरोपमा दोस्रोपटक पक्राउ पुर्जी जारी गरेको छ । विद्यार्थी नेतृत्वको आन्दोलनले सत्ताच्युत भएपछि गत अगस्टदेखि भारतमा निर्वासित जीवन बिताइरहेकी हसिनाविरुद्ध ढाकाले मानवताविरुद्धको अपराधको अभियोगमा यसअघि पनि पक्राउ पुर्जी जारी गरेको थियो ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

को

शाखा कार्यालयः बालाजु, काठमाण्डौ
फोन नं.: ०१-४३५४१८१

शाखा कार्यालय बालाजु, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/०९/२३ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय बालाजु, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ता समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/११/१३ मा दर्ता नं. २३५३२८/०७६/०७७ कायम भई दर्ता भएको ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ८, लुभु स्थित **मेधाश्री एग्रो मल्टिप्रपोज प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. गज हस्त राईको बुहारी, हिम कुमार राईको पत्नी, ललितपुर जिल्ला, महालक्ष्मी गा.वि.स./न.पा वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **सुधा राई (ना.प्र.प.नं. ६३९०८/१२०४७, ललितपुर)**

२. नर बहादुर राईको नाति, गज हस्त राईको छोरा, ओखलढुंगा जिल्ला, थाक्ले गा.वि.स./न.पा वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **हिम कुमार राई (ना.प्र.प.नं. १५४७६/३०७, ओखलढुंगा)**

धितोमा रहेको सम्पतिको विवरण

१. **सुधा राईको** नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, ईमाडोल गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. १३३ को क्षेत्रफल ११५.६० (व.मी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. **सुधा राईको** नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, लुभु गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. ४८४, ४८६, ४६२, ४६१, ४५८, ४६७ र ४६३ को क्रमश: क्षेत्रफल ४७.६९, ३१.७९, ३३.७८, १२७.१६, ४३.७२, ११.९३ र ७.९५ (व.मी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८१/०९/२३ गते मंगलबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय बालाजु, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८१/०९/२९ गते सोमबार कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८१/१०/०१ गते मंगलबार सार्वजनिक बिदा परेकोले मिति २०८१/१०/०२ गते बुधबार दिउँसो ४:०० बजे यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय बालाजु, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरुलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८१/०९/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसीलमा उल्लिखित ऋणीले उपभोग गर्नु भएको ऋण/ कर्जा निज ऋणीले बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धित सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत/ संस्थागत/धितो जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला । अन्यथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना/बाँकी बक्यौता रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, परिपत्र, सूचना अनुसार सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै सुरक्षण वापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण बाँकी बक्यौता लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ ।

तपसिल

बर्दघाट शाखा, नवलपरासी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
१. प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प.) मा प्रा.फ.द.नं. १०२०/०७७/०७८ अन्तर्गत मिति २०७७/१०/२८ मा दर्ता कायम भएको **शितल सप्लायर्स** फर्म दर्ता ठेगानाः बर्दघाट न.पा. - १४, नवलपरासी स्थायी लेखा नं. ६१५१३७४५६ मिति २०७७/१०/२८ **प्रोप्राइटरः नर्बदा देवी चौधरी गुरौ** **कर्जा शिर्षकः ओभरड्राफ्ट कर्जा**	**नर्वदा देवी चौधरी गुरौ** ना.प्र.नं. ४९३२७ जारी मितिः २०५५/११/२६, जि.प्र.का. नवलपरासी बाबुको नामः सिताराम थारु पतिको नामः अशोक कुमार चौधरी गुरौ ससुराको नामः नारायण गुरौ स्थायी ठेगानाः जमुनीया - ८, नवलपरासी हालको ठेगानाः बर्दघाट न.पा. - १४, नवलपरासी	**अशोक कुमार चौधरी गुरौ** ना.प्र.नं. ४२९७८ जारी मितिः २०५४/०८/०९, जि.प्र.का. नवलपरासी बाबुको नामः नारायण गुरौ बाजेको नामः बसन्त राम गुरौ स्थायी ठेगानाः जमुनीया - ८, नवलपरासी हालको ठेगानाः बर्दघाट न.पा. - १४, नवलपरासी
२. **नर्बदा देवी चौधरी गुरौ** **कर्जा शिर्षकः आवधिक कर्जा**	**ऋणी नर्बदा देवी चौधरी गुरौका लागि शितल सप्लायर्सको संस्थागत जमानत रहेको**	

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	संस्थागत जमानत दिनेको विवरण
३. **किशु थापा** ना.प्र.नं. १८२७ जारी मितिः २०४६/१२/०८ जि.प्र.का. नवलपरासी बाबुको नामः चन्द्र बहादुर थापा बाजेको नामः राम कृष्ण थापा स्थायी ठेगानाः जहदा-३, नवलपरासी हालको ठेगानाः बर्दघाट न.पा.-४, नवलपरासी **कर्जा शिर्षकः ओभरड्राफ्ट, आवधिक तथा घर कर्जा**	**प्रेम थापा** ना.प्र.नं. ४७९९९, जारी मितिः २०५५/०८/१४ जि.प्र.का. नवलपरासी बाबुको नामः तुल बहादुर राना पतिको नामः किशु थापा ससुराको नामः चन्द्र बहादुर थापा स्थायी ठेगानाः जहदा-३, नवलपरासी हालको ठेगानाः बर्दघाट न.पा.-४, नवलपरासी	**पंकज कुमार थापा** ना.प्र.नं. ३६-०१-७५-०१०२४ जारी मितिः २०७५/०२/२० जि.प्र.का. नवलपरासी बाबुको नामः किशु थापा बाजेको नामः चन्द्र बहादुर थापा स्थायी ठेगानाः बर्दघाट न.पा.-४, नवलपरासी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	संस्थागत जमानत दिनेको विवरण
४. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, रामग्राम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा परासी नवलपरासीमा प्रा.फ.र.नं. १२८६/१०८८७ अन्तर्गत मिति २०७४/०९/२६ मा दर्ता कायम भएको **इन्दिरा फर्निचर एण्ड फर्निसिङ्ग** फर्म दर्ता ठेगानाः बर्दघाट न.पा. - ४, नवलपरासी स्थायी लेखा नं. ६०७४०६१२८ मिति २०७४/१०/०८ **प्रोप्राइटरः इन्दिरा तिमिलसिना** **कर्जा शिर्षकः ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**इन्दिरा तिमिलसिना** ना.प्र.नं. ६७८९०, जारी मिति २०६०/०१/३१ जि.प्र.का. नवलपरासी बाबुको नामः रत्नाखर तिमिलसिना पतिको नामः ऋषिराम पौडेल ससुराको नामः चन्द्रदत्त पौडेल स्थायी ठेगानाः जहदा - ३, नवलपरासी हालको ठेगानाः बर्दघाट न.पा. - ४, नवलपरासी	**ऋषिराम पौडेल** ना.प्र.नं. ३८६२०, जारी मिति २०५३/०३/२६, जि.प्र.का. नवलपरासी बाबुको नामः चन्द्रदत्त पौडेल बाजेको नामः शिवलाल पौडेल स्थायी ठेगानाः दाउन्नेदेवी - ८, नवलपरासी हालको ठेगानाः बर्दघाट न.पा. - ४, नवलपरासी

खुमलटार शाखा, ललितपुर

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २६९५८७/०७८/०७९ अन्तर्गत मिति २०७८/०५/११ मा दर्ता कायम भएको **एड्रियन स्टोर प्रा.लि.** कम्पनी दर्ता ठेगाना : ललितपुर म.न.पा.-९, च्यासल, ललितपुर स्थायी लेखा नं. ६१००७२७९६ मिति २०७८/०६/०४ **संचालकहरुः शान्त कुमार श्रेष्ठ र दुर्गा वस्नेत गिरी** **कर्जा शिर्षकः आवधिक तथा फोर्स कर्जा**	**शान्त कुमार श्रेष्ठ** ना.प्र.नं. ६८५६० जारी मितिः २०५१/०६/२४ जि.प्र.का. ललितपुर बाबुको नामः कृष्ण गोपाल श्रेष्ठ बाजेको नामः चन्द्रमान श्रेष्ठ स्थायी ठेगानाः ललितपुर न.पा.-१५, ललितपुर	**दुर्गा बस्नेत गिरी** ना.प्र.नं. २३५४-धादिङ, जारी मितिः २०५०/०२/१४ जि.प्र.का. चितवन बाबुको नामः ज्ञानेन्द्र बहादुर बस्नेत पतिको नामः सुकदेव गिरी ससुराको नामः केवल गिरी स्थायी ठेगानाः रत्ननगर न.पा.-१३, चितवन

ढल्केवर शाखा, धनुषा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
१. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर, धनुषामा प्रा.फ.र.नं. ३२१२/६९२/०६८/६९ अन्तर्गत मिति २०६८/१०/२३ मा दर्ता कायम भएको **कुशवाहा मोटर पार्टस** फर्म दर्ता ठेगानाः ढल्केवर - ३, धनुषा स्थायी लेखा नं. ६००४६१६७० मिति २०६८/१०/२३ **प्रोप्राइटरः मनोज कुमार सिंह** **कर्जा शिर्षकः ओभरड्राफ्ट तथा आवधिक कर्जा** २. **राम दुलारी देवी** **कर्जा शिर्षकः आवधिक कर्जा**	**राम दुलारी देवी** ना.प्र.नं. १७३०९७/१५३ जारी मितिः २०७०/०२/२५, जि.प्र.का. धनुषा बाबुको नामः सत्यनारायण महतो पतिको नामः मनोज कुमार सिंह ससुराको नामः कृष्णदेव महतो कोइरी सिंह स्थायी ठेगानाः वेंगाडावर - २, धनुषा हालको ठेगानाः मिथिला न.पा. -६, धनुषा	**मनोज कुमार सिंह** ना.प्र.नं. १११८५२५३ जारी मितिः २०५६/०४/०९, जि.प्र.का. धनुषा बाबुको नामः कृष्णदेव महतो कोइरी सिंह बाजेको नामः भागवत महतो स्थायी ठेगानाः वेंगाडावर - २, धनुषा हालको ठेगानाः मिथिला न.पा. -६, धनुषा

इटहरी शाखा, सुनसरी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण		
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीमा प्रा.फ.र.नं. ४८०/०६५/०६६ अन्तर्गत मिति २०६५/०४/१४ मा दर्ता कायम भएको **ढकाल सप्लायर्स** फर्म दर्ता ठेगानाः इटहरी न.पा. - ५, सुनसरी स्थायी लेखा नं. ३०१९९०९१६, मिति २०६०/०५/३१ **प्रोप्राइटरः रमेश ढकाल** **कर्जा शिर्षकः ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**कल्पना दाहाल (ढकाल)** ना.प्र.नं. ०६१००५/१५४३९९ जारी मिति २०६७/०६/०८, जि.प्र.का. सुनसरी बाबुको नामः लक्ष्मी प्रसाद दाहाल पतिको नामः रमेश ढकाल ससुराको नामः हरिप्रसाद ढकाल स्थायी ठेगानाः इटहरी - ५, सुनसरी हालको ठेगानाः इटहरी उ.म.न.पा.- ५, सुनसरी	**रमेश ढकाल** ना.प्र.नं. ६५९४३/६६९४३ जारी मिति २०५८/१०/१४, जि.प्र.का. सुनसरी बाबुको नामः हरिप्रसाद ढकाल बाजेको नामः मोहन लाल ढकाल स्थायी ठेगानाः इटहरी - ५, सुनसरी हालको ठेगानाः इटहरी उ.म.न.पा.- ५, सुनसरी	**सुसान ढकाल** ना.प्र.नं. ०६-०१-७७-१०११४ जारी मिति २०७७/१२/२२, जि.प्र.का. सुनसरी बाबुको नामः रमेश ढकाल बाजेको नामः हरिप्रसाद ढकाल स्थायी ठेगानाः इटहरी उ.म.न.पा.- ५, सुनसरी

नोटः ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

संक्षेप

निर्यात प्रवर्द्धन गर्न सरकारले ठोस कदम चाल्नुपर्छ : अध्यक्ष ढकाल

काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले देशको आर्थिक विकासका लागि सरकारले आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनका लागि ठोस कदम चाल्नुपर्ने बताएका छन् ।

नेपाल निर्यात परिषद्को २७औँ वार्षिक साधारणसभा तथा नवौँ निर्यात दिवसका अवसरमा काठमाडौंमा आयोजित कार्यक्रममा बोल्दै उनले देशको आर्थिक विकासका लागि यी दुई विषयमा गम्भीर भएर लाग्नुपर्ने बताएका हुन् ।

'सरकारले आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने नीतिअनुरूप काम गर्नुपर्छ । आयात प्रतिस्थापनका लागि घरेलु उद्योग प्रतिष्ठानलाई कसरी बलियो बनाउन सकिन्छ, त्यसतर्फ ध्यान दिनुपर्‍यो,' उनले भने ।

११ माघदेखि विराट एक्स्पो

मोरङ/ उद्योग संगठन मोरङले आगामी ११ देखि २० माघसम्म विराट एक्स्पो आयोजना गर्ने जनाएको छ । उत्पादक र उपभोक्ताबिच व्यावसायिक अनुभवको प्रत्यक्ष आदान-प्रदानका साथै उद्यमी-व्यवसायीलाई व्यावसायिक सम्बन्धको विकास र नयाँ प्रविधिको पहिचान गर्न सघाउ पुर्‍याउने उद्देश्यले एक्स्पो आयोजना गर्न लागेको आयोजकले जनाएको छ ।

'युवा पलायन वर्तमान समयमा सर्वत्र चासो र चिन्ताको विषय भइरहेको अवस्थामा युवालाई स्वदेशमा नै काम गर्न सक्ने वातावरण तयार गर्न फाउन्डेसनबाटै काम गर्नुपर्छ भन्ने मान्यताका साथ यसपटक आठौं संस्करणको विराट एक्स्पोलाई त्यस प्लेटफर्मका रूपमा प्रयोग गरिनेछ,' आयोजकले विज्ञप्तिमार्फत भनेको छ । एक्स्पोमा दुई सय ६८ स्टल रहनेछन् ।

खत्याडमा रैथाने बिउ प्रदर्शनी

मुगु/ जिल्लाको पश्चिम खत्याडमा स्थानीय रैथाने बिउ प्रदर्शनी मेला लागेको छ । खत्याड गाउँपालिका- ११, रातापानीस्थित थानीय रैथाने बिउ प्रदर्शनी मेला तथा बिउ ऐँचोपैँचो कार्यक्रममा स्थानीय कृषकले आफ्नो खेतमा उत्पादन गरिएका रैथाने कृषि बिउबिजन प्रदर्शनी गरेका छन् ।

खत्याड गाउँपालिका ८, ९, १० र ११ वडाका किसान तथा कृषक समूहहरूले उत्पादन गरेका समुदायमा पाइने चार सय ९० जातका रैथाने बिउ सामग्री प्रदर्शनीमा राखेका छन् । रैथाने बाली लोप हुँदै गएपछि बालीको उत्पादन बढाउन र प्रवर्द्धन गर्ने उद्देश्यका साथ खत्याड गाउँपालिकाको रातापानीमा मेला प्रदर्शनी गरिएको मानव अधिकार तथा वातावरण विकास केन्द्र हेरेन्डेक नेपालका कार्यक्रम प्रबन्धक नमराज रावतले बताए ।

विमानस्थल विस्तारमा ३५ प्रतिशत प्रगति

दुई महिनादेखि राति ८ घण्टा विमानस्थल बन्द गरेर 'ट्याक्सी-वे', ह्यांगर र अन्तर्राष्ट्रिय उडान गर्ने जहाजलाई पार्किङ क्षेत्र निर्माण गरिँदै

नवीन अर्याल/नयाँ पत्रिका

दुई महिनाअघि सुरु भएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको ट्याक्सी-वे विस्तारमा ३५ प्रतिशत प्रगति भएको छ ।

धावनमार्गबाट ७५ मिटर क्षेत्रमा ट्याक्सी-वे निर्माणको काम तीव्र गतिमा भइरहेको नागरिक उड्डयन प्राधिकरण (क्यान) हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाका प्रमुख दीपेन्द्र श्रेष्ठले जानकारी दिए । २३ कात्तिकदेखि दैनिक १० घण्टा (राति १० बजेदेखि बिहान ८ बजेसम्म) उडान-अवतरण बन्द गरेर थालिएको निर्माण कार्यमा असर नपर्ने गरी १९ माघदेखि भने ८ घण्टा मात्र विमानस्थल बन्द गरेर विस्तार कार्य भइरहेको छ ।

धावनमार्गछेउमा भइरहेको निर्माणले उडान-अवतरण जोखिमपूर्ण हुने भएकाले विमानस्थल नै बन्द गर्नुपरेको क्यानले जनाएको छ । १८ चैतसम्म सबै निर्माण कार्य सक्ने लक्ष्य लिइएको श्रेष्ठले जानकारी दिए । 'विस्तारको काम सन्तोषजनक र कार्यतालिकाअनुसार नै भइरहेको छ,' उनले भने, 'तोकिएको समयभित्रै विस्तारको काम सम्पन्न गर्ने लक्ष्य छ ।' अहिले भइरहेको ट्याक्सी-वे विस्तारको काम सकिएपछि त्रिभुवन विमानस्थल ठुलो बनाउने गुरुयोजनाअन्तर्गत २५ प्रतिशत क्षमता अभिवृद्धि हुनेछ ।

सुरुका दिनमा कार्यप्रगति सन्तोषजनक नभए पनि अहिले तीव्रता पाइरहेको श्रेष्ठले बताए । 'माटोमुनिको काम सुरु गर्दा अनिश्चितता थियो, खाडल खन्दा माटोमुनि कहाँ कालो माटो छ, कहाँ पानी छ भन्ने थाहै थिएन,' उनले भने, 'निर्माणका क्रममा खाडल खनिसकेपछि सबै कुरा यकिन भएको छ । जसकारण अहिले काम गर्न पनि सहज छ ।'

हालको निर्माण कार्य सकिएपछि तीन हजार मिटरको धावनमार्ग बढेर ३३ सय मिटर पुग्ने उनले जानकारी दिए । चारवटा ठुला जहाज पार्किङ गर्ने स्थान पनि थपिनेछ ।

ट्याक्सी-वे विस्तारका कारण त्रिभुवन विमानस्थलमा जहाज उडान-अवतरण दैनिक १६ घण्टा मात्रै भइरहेको छ । यसअघि २१ घण्टा (बिहान ६ बजेदेखि राति ३ बजेसम्म) उडान-अवतरण हुने गरेको थियो । बिहान तीन बजेदेखि ६ बजेसम्म तीन घण्टा विमानस्थल बन्द रहन्थ्यो । सुरुमा १० घण्टा विमानस्थल बन्द गरे पनि अहिले आठ घण्टा मात्र बन्द हुँदा यात्रुलाई धेरै सहज भएको क्यानको भनाइ छ ।

नागरिक उड्डयन प्राधिकरण हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाका प्रमुख दीपेन्द्र श्रेष्ठका अनुसार विमानस्थलको उत्तरतर्फ पार्किङ र ट्याक्सी-वे विस्तारअन्तर्गत ४५ प्रतिशत र दक्षिणतर्फ समानान्तर ट्याक्सी-वे विस्तार कार्य ३५ प्रतिशत सकिएको छ । यस्तै, ह्यांगर क्षेत्रको ट्याक्सी-वेमा ३० प्रतिशत र अन्तर्राष्ट्रिय वायुसेवा पार्किङको काम ६५ प्रतिशत सम्पन्न भएको छ ।

● **दीपेन्द्र श्रेष्ठ**
परियोजना प्रमुख, क्यान

विमानस्थलको दक्षिण-पश्चिमतर्फ समानान्तर 'ट्याक्सी वे', उत्तरतर्फको 'इन्टरनेसनल एप्रोन' र विमानस्थलको पूर्वतर्फको 'ह्यांगर एप्रोन'लगायत विस्तारको काममा सन्तोषजनक प्रगति भइरहेको छ ।

खुम्बुमा व्यावसायिक हेलिकोप्टर उडान फुकुवा

सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयले खुम्बु क्षेत्रमा व्यावसायिक प्रयोजनमा हेलिकोप्टर उडान गर्न नदिने निर्णय फिर्ता लिएको छ । सोमबार विज्ञप्ति जारी गर्दै कार्यालयले निकुञ्जको अनुमति लिएर प्रचलित कानुनबमोजिम सुरक्षित तवरले हेलिकोप्टर उडान सुचारु गर्न सबै हेलिकोप्टर कम्पनीलाई अनुरोध गरेको छ ।

यसअघि निकुञ्ज कार्यालयले निकुञ्ज क्षेत्रमा अत्यधिक मात्रामा हेलिकोप्टर उडान तथा अवतरणका कारण निकुञ्जको वन, वातावरण तथा वन्यजन्तुको सुरक्षा तथा वासस्थान संरक्षणमा चुनौती थपिएको भन्दै १ जनवरीदेखि व्यावसायिक रूपमा हेलिकोप्टर उडानमा प्रतिबन्ध लगाएको थियो । नाम्चेभन्दा माथिल्लो भेगमा व्यावसायिक हेलिकोप्टर उडानमा प्रतिबन्ध लगाउन निकुञ्ज कार्यालयलाई खुम्बु पासाङल्हामु गाउँपालिका, स्थानीय युवा समूहलगायतले अनुरोध गर्दै आएका थिए ।

सार्वजनिक यातायात र ढुवानी साधनको भाडादर वृद्धि

महँगीले आक्रान्त उपभोक्ता थप मर्कामा

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले ११ पुसमा दिएका थिए भाडावृद्धिको स्वीकृति

नयाँ पत्रिका

महँगीले आक्रान्त भएका उपभोक्तालाई थप मर्का पर्ने गरी सरकारले सार्वजनिक यातायात र ढुवानीका साधनको भाडा वृद्धि गर्ने निर्णय गरेको छ ।

यातायात व्यवस्था विभागले एक सूचना प्रकाशित गरी सार्वजनिक यातायातको भाडादर ३.३० प्रतिशतले वृद्धि गर्ने निर्णय भएको जनाएको छ । त्यस्तै, ढुवानीका साधनमा पनि तराईको हकमा ०.०५ प्रतिशत र पहाडी बाटोका हकमा ०.८१ प्रतिशत भाडादर समायोजन गर्ने निर्णय गरेको छ । सोमबारबाटै बढेको भाडादर लागू भएको विभागले जनाएको छ ।

ढुवानी भाडामा भएको वृद्धिले अधिकांश वस्तु तथा सेवाको मूल्यवृद्धि गर्न मद्दत गर्नेछ । त्यस्तै, यात्रु भाडा बढ्दा उपभोक्ताको खल्तीमा सोझै असर देखिनेछ । विभागले १७ महिनापछि सवारीसाधनको भाडादर पुनरावलोकन गरेको जनाएको छ । पेट्रोलियम पदार्थ र अन्य शीर्षकमा भइरहेको मूल्यवृद्धिलाई ध्यान दिएर यातायातको भाडादर वृद्धि गरेको विभागको तर्क छ ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले ११ पुसमा भाडादर वृद्धिका लागि स्वीकृति दिएकाले यातायात श्रमिकको पारिश्रमिक, इन्धन, टायर, ब्याज, सञ्चालन खर्च, ह्रासकट्टी, सञ्चालन मुनाफालगायतका सूचकहरूमा देखिएको मूल्यवृद्धिका आधारमा मूल्य समायोजनको निर्णय लिएको विभागको भनाइ छ ।

विभागले अन्तरप्रदेश र लामो रुटमा सञ्चालन हुने सवारीसाधनमा मात्रै भाडादर वृद्धि गरेको पनि जनाएको छ । भाडादर वृद्धि भएपछि काठमाडौं-काँकडभिट्टा १७ सय २५ रुपैयाँ कायम रहेको भाडादर बढेर १७ सय ८२ रुपैयाँदेखि २५ सय ६७ रुपैयाँसम्म पुगेको छ । त्यस्तै, वीरगन्ज-काठमाडौं रुटमा चल्ने मालवाहक सवारीसाधनको भाडादर ३१ हजार चार सय ४६ रुपैयाँ निर्धारण गरिएको छ ।

कति बढ्यो भाडादर ?

● यात्रुवाहक सवारी
३.३०% वृद्धि

● पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारी
०.८१% वृद्धि

● तराईको बाटोमा सञ्चालन हुने मालवाहक सवारी
०.०५% वृद्धि

● **विजय स्वाँर**, अध्यक्ष,
यातायात व्यवसायी राष्ट्रिय महासंघ

ढिलै भए पनि भाडा समायोजन गर्ने निर्णय हुनु स्वागतयोग्य छ । अब प्रचलित कानुनअनुसार नियमित रूपमा भाडादर समायोजन हुनुपर्छ । पेट्रोलियम पदार्थको मूल्यमा हुने परिवर्तनबाहेक विभिन्न १३ सूचकका आधारमा हरेक वर्ष भाडादर समायोजन गर्नुपर्छ । हामीसँग समझदारी गरेको भन्दा डेढ महिना ढिलो गरी भाडादर समायोजन गरियो ।

Pokhara University
Office of the Controller of Examinations
Pokhara-30, Khudi-Dhungepatan, Kaski

Invitations for Sealed Quotation

Date of Publications: 2081/09/23

Pokhara University, Office of the Controller of Examinations invites sealed quotations from duly registered eligible and qualified Nepalese bidders for the Arrangement of Stage, Tents and Chairs. For more details please visit www.pouexam.edu.np. Tel. No.061-504146, 504086, 504087.

SQN	Description	Document Fee in NPR (Non-refundable)	Bid Security Amount in NPR	Bid Purchase last date & time	Bid Submission last date & time	Opening of Bid
05/ 2081/082	The Procurement of complete arrangement of VVIP stage, Tents for around 6000 people and around 4500 chairs on rent for 20th Convocation.	Rs. 1000/-	Rs. 42,000/-	2081/10/08 at office time	2081/10/09 before 12:00 Noon	2081/10/09 2:00 PM

Talkot Rural Municipality
Office of The Rural Municipal Executive
Talkot, Bajhang
Sudurpashchim Provience, Nepal

Invitation for online Electronic Bids

Date of Publication: 2025 January 07
Opening date: 2025 February 06

Talkot Rural Municipality office of the municipal Executive, invites online bid under E-procurement system from eligible bidder for the procurement of following Construction Works. The Bidder can visit the PPMO Website WWW. **Bolpatra.gov.np/egp** for the detail information with public Entity.

Public entity Name Talkot Rural municipality. Contact Number: 9858420845,9849460075

S.N.	Contract ID No	Project Name	Estimated Amount, NRs (Excluding VAT)	Bid Security NRs	Bid Document Fee NRs
1.	TRM-BJH-NCB-03-81/082	Jeula sichai kulo construction Works	8421000	210500	3000
	Bank Name	**Account Name**	**Account Number**	**Office code**	**Remarks**
1.	Everest bank talkot branch	Antarik Rajashow khata Number	07900106200004	801077007	14229 (Rajashow sirsak)
2.	Everest bank talkot branch	Dharauti khhata Number (For Bid Security)	07900106200003	801077007	

Chief Administrative officer

नेपाल सरकार
उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
कोशी तथा बक्राहा नदी व्यवस्थापन आयोजना
मोरगं

निर्माण व्यवसायी श्री जि.वी मेटल क्राफ्ट ईन्डष्ट्रिज एण्ड सप्लायर्स, विरगंजलाई अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८१/०९/२३

यस आयोजना र त्यस जि.वी मेटल क्राफ्ट ईन्डष्ट्रिज एण्ड सप्लायर्स, विरगंज बिच भोजपुर जिल्ला अरुण गा.पा वडा.न ४, कुमलटार Construction of Well, RVT, GI Pipe Delivery System and Installation of Submersible solar Pump, Solar Panel all complete of Kumaltar solar lift Irrigation System Bhojpur Contract ID-KBRMP/Lift/Kumal/2077/078 को निर्माण कार्य गर्न मिति २०७८/०४/३२ गते सम्झौता भएको र पटक पटक गरी अन्तिम पटकलाई मिति २०८०।०९।२१ सम्म (Liquidated Damage सहितको अधिकतम समयसम्म समेत) म्याद थप भएता पनि त्यस निर्माण व्यवसायीवाट भएको प्रतिवद्धता अनुसार निर्माण कार्य सम्पन्न भएको छैन । कार्य सम्पादन जमानत तथा धरौटी रकम जफत गरी ठेक्का सम्झौताको GCC 72.3(i) प्रावधान बमोजिम Liquidated Damage लगाइ काम गराउने प्रयास हुँदा सम्झौताको SCC 72.3(i) बमोजिम २०० दिन अधिकतम समय रहको र उक्त म्याद समेत समाप्त भएको धेरै समय व्यतित हुँदा समेत कार्य अधुरो नै रहेको हुनाले सार्वजनिक खरिद ऐनको दफा ५९, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१(ग) तथा निर्माण व्यवसायी सँग भएको खरिद सम्झौताका प्रावधान बमोजिम ठेक्का अन्त्य गरी कारवाही प्रक्रिया किन नबढाउने ? कारवाही प्रक्रिया अघि नबढाउनु पर्ने कुनै मनासिब कारण भए यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र आयोजनामा प्रमाण पेश गर्नुहुन अनुरोध छ । अन्यथा ठेक्का सम्झौताको शर्त,सार्वजनिक खरिद ऐनको दफा ५९(७), ६३(ग) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१(ग) र नियम १४१ वमोजिम कारवाही प्रकृया अगाडी बढाइने व्यहोरा जानकारी गराईन्छ।

आयोजना प्रमुख

Nepal Investment Mega Bank Limited
Invites Sealed-Bid for Supply of Banknote Processing Machine
(First date of Publication: 7th January, 2025)

Nepal Investment Mega Bank Limited invites sealed-bid from interested dealers and suppliers for supply of Banknote Processing Machine.

Terms and Conditions:

- A copy of Firm/Companies Registration, VAT/PAN and Tax Clearance Certificate to be submitted along with the proposal.
- The bidder should have prior experience of supplying Banknote Processing Machine at least in one A Class Commercial Bank of Nepal.
- A complete set of Request for Proposal (RFP) document with details of work to be carried out can be purchased from General Service Department upon submission of deposit slip for NPR 5,000 (Non refundable) in account number 001093701001 (A/C Payable Sundry Cr. Misc.) from any branch of Nepal Investment Mega Bank Limited.
- The bidders have to submit Bid Bond Guarantee issued by an "A" Class Commercial Bank of Nepal with minimum amount being 5% of the total bid value and valid for minimum 90 days.
- Bid document should be submitted in a sealed envelope addressing General Service Department, Nepal Investment Mega Bank Limited, Durbarmarg, Kathmandu, Nepal latest by 21st January, 2025 by 4:30 PM.
- In case the last date of submission is declared a public holiday, the sealed-bid can be submitted on the next working day. Bid documents sent through courier/mail/fax will neither be accepted nor will they be returned to the sender.

Nepal Investment Mega Bank Limited reserves the right to accept or reject the proposal(s) without declaring any reason whatsoever.

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
Nepal Investment Mega Bank Limited
Durbar Marg, Kathmandu
Phone No. 01-5342530, 01-5328229

उड, फर्निचर तथा होम टेक्सटायल प्रदर्शनी हुँदै

काठमाडौं/ नेपाल उड, फर्निचर तथा होम टेक्सटायल अन्तर्राष्ट्रिय प्रदर्शनी २०८१ हुने भएको छ। मिडिया स्पेस सोलुसन्स प्रालि, फ्युचरेक्स ट्रेड फेयर एन्ड इभेन्ट्स र एक्जिबिसन एन्ड ट्रेड सर्भिसेस इन्डिया (इटिएसआइपिएल)ले संयुक्त रूपमा प्रदर्शनी गर्न लागेका हुन्। फर्निचर, प्लाइवुड, ल्यामिनेट, होम टेक्सटायल, हार्डवेयर, काष्ठसम्बन्धी मेसिनरी तथा औजार, फर्निसिङ, म्याट्रेस, कच्चा पदार्थ तथा उत्पादनसम्बन्धी अन्तर्राष्ट्रिय प्रदर्शनीको दसौँ संस्करण ४ देखि ६ माघसम्म भृकुटीमण्डप काठमाडौंमा हुन लागेको हो।

10th Edition NEPAL WOOD INTERNATIONAL EXPO | HOMETEX NEPAL Home Textile & Home Decor Exhibition | 5th EDITION NEPAL INTERNATIONAL FURNITURE EXPO 2025

प्रदर्शनीमा स्वदेशी तथा विदेशी ख्यातिप्राप्त ब्रान्डका सयभन्दा बढी स्टल रहनेछन्। फर्निचर, प्लाइउड तथा काठ औजारका कम्पनी, ल्यामिनेट, विभिन्न कम्पनीका डिलर, सबडिलर र विक्रेताले काठ व्यवसायसँग सम्बन्धित उत्पादन प्रदर्शनीमा राख्ने आयोजकले जनाएको छ।

यस अन्तर्राष्ट्रिय प्रदर्शनीमा फर्निचर, प्लाइवुड, ल्यामिनेट, होम टेक्सटायल, हार्डवेयर, काष्ठसम्बन्धी मेसिनरी तथा औजार, फर्निसिङ, म्याट्रेस, कच्चा पदार्थ तथा उत्पादन रहने बताइएको छ।

अवलोकनकर्ताले अत्याधुनिक प्रविधि, उन्नत मेसिनरी र नवीन अवलोकन गर्न पाउनेछन्। साथै, फर्निचर निर्माता, किचन मेकर, आरा मिलर, बोर्ड मेकर, फिटिङ र कम्पोनेन्ट निर्माता, व्यापारी, वास्तुविद्, भवन निर्माणकर्ता र इन्टेरियर डिजाइनर आदि सबै क्षेत्रका उन्नत मेसिनरी र नवीन उत्पादन राखिने आयोजकको भनाइ छ। यस प्रदर्शनीले नेपालमा हाल भइरहेको काठ, फनिर्चर र होम टेक्सटायल क्षेत्रको विकासमा टेवा पुऱ्याउने आयोजकको विश्वास छ।

मुक्तिनाथ म्युचुअल फन्ड १ को १.२५ करोड इकाइ नेप्सेमा सूचीकृत

काठमाडौं/ मुक्तिनाथ म्युचुअल फन्ड १ को एक करोड २५ लाख इकाइ नेप्सेमा सूचीकृत भएको छ। मुक्तिनाथ विकास बैंक लिमिटेड कोष प्रवर्द्धक तथा मुक्तिनाथ क्यापिटल लिमिटेड योजना व्यवस्थापक रहेको सामूहिक लगानी कोष मुक्तिनाथ म्युचुअल फन्डअन्तर्गतको मुक्तिनाथ म्युचुअल फन्ड १ नेप्सेमा सूचीकृत भएको हो। प्रतिइकाइ १० रुपैयाँअंकित दरमा सोमबार सूचीकृत भएको कम्पनीले जनाएको छ। इकाइ सूचीकरणसम्बन्धी सम्झौतामा नेपाल स्टक एक्सचेन्ज (नेप्से)का सञ्चालक-प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर कार्की र मुक्तिनाथ क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत कवीन्द्रध्वज जोशीले हस्ताक्षर गरेका छन्। यो योजना बैंकले प्रवर्द्धन गरेको नेपालको पहिलो सामूहिक लगानी कोष रहेको छ।

स्वावलम्बन लघुवित्तले दियो ५० थान कुर्सी

काठमाडौं/ स्वावलम्बन लघुवित्त वित्तीय संस्थाले ज्येष्ठ नागरिकका लागि सहयोग सामग्री हस्तान्तरण गरेको छ। लघुवित्तले पेप्सीकोला काठमाडौंस्थित ज्येष्ठ नागरिक चौतारी नामक संस्थामा ५० थान कुर्सी हस्तान्तरण गरेको हो। संस्थाको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत शाखा कार्यालय चुच्चेपाटीमार्फत उक्त सहयोग सामग्री हस्तान्तरण गरिएको हो।

ज्येष्ठ नागरिक चौतारीकी राधा आचार्य भट्टको अध्यक्षतामा तथा लघुवित्तका नायब महाप्रबन्धक गोविन्द चापागाईंको प्रमुख आतिथ्यतामा उक्त सहयोग हस्तान्तरण गरिएको हो। हस्तान्तरण कार्यक्रममा मन्तव्य राख्दै प्रमुख अतिथि गोविन्द चापागाईंले सहयोग सामग्रीको उचित सदुपयोग हुने विश्वाससहित आगामी दिनमा पनि वित्तीय संस्थाले यस्ता सहयोग निरन्तर गर्ने बताए। त्यस्तै, सिनामंगल नगर सेवा समाजका अध्यक्ष विजयराज पौडेलले लघुवित्तले गरेको सहयोगको प्रशंसा गर्दै सेवाको निरन्तरताको कामना पनि गरे।

District Government Attorney Office
Chame, Manang
Gandaki Province, Nepal

NOTICE OF INTENT OF ACCEPTANCE

(Date of Publication 2081-09-23)

For the provision of Section 27 (2) and Section 47 of the Public Procurement Act 2063, this is to notify all bidders who submitted their bids for the contracts as per the notice published on 2081-07-08, that the following mentioned lowest evaluated substantial responsive bidder is intended to award the contract.

Name of Project	Contract no	Name of Successful Bidder	Bid Amount (Excluding VAT)
Construction Work Of District Government Attorney Office Building at Chame, Manang	ATT/MANANG/NCB/ WORKS /081/82/01	JV Name: Ishan- K.I. J/V, Lead: K.I. Construction, Sub: Ishan Nirman Sewa	NRs. 3,15,68,991.94/-

Asst. Government Attorney

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Integrated River Basin Irrigation and Water Resources Management Program

Invitation for Bids

Date of publication: 2081/09/23 B.S.

The Integrated River Basin Irrigation and Water Resources Management Program, Pulchowk, Lalitpur invites electronic bids from the eligible Nepalese bidders for the procurement of works. The details of the individual project are given below:

S. N.	Description of Project	Contract No.	Estimated Amount in NRs. (With VAT)	Bid Security Amount in NRs.	Price of Bidding Document in NRs. (Non-refundable)
1.	Construction of 200 mm (8") dia. Investigation Tube well along the Likhu-Dudhkoshi River Corridor	ITW-081/82-02	87,01,827.51	2,18,000.00	3,000.00
2	Construction of Gajuritaar Irrigation Sub-project, Gajuri-01, Dhading	Works-GTISP-NCB-2081/82-02	82,11,971.41	1,82,000.00	3,000.00
3	Construction of Chepangtari Lift Irrigation Subproject, Gajuri-02, Dhading	Works-CLISP-NCB-2081/82-03	72,49,909.47	1,65,000.00	3,000.00
4	Construction of Bulma Lift Irrigation project at Isma RM-6, Gulmi	Works-BLIP-NCB-2081/82-04	1,59,82,135.45	3,89,000.00	3,000.00
5	Construction of Larang Lift Irrigation Sub-project, Dudhauli-01, Sindhuli	Works-LLISP-NCB-2081/82-05	1,17,55,320.84	2,94,000.00	3,000.00

Only electronic bidding through www.bolpatra.gov.np/egp is permitted and bid shall be submitted on or before 2081/10/25, 12:00 noon. Eligible Bidders may obtain further information from **Integrated River Basin Irrigation and Water Resources Management Program** or may visit PPMO website www.bolpatra.gov.np/egp.

Project Director

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

आ.व. २०८१/८२ को लागि नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन गरि बिक्रि गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

(तेस्रो पटक प्रकाशित मिति : २०८१/०९/२३ गते)

गण्डकी गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने उदेश्यले "स्थानीय सरकार संचालन ऐन, २०७४" को परिच्छेद-३ को दफा ११ को उपदफा २ को खण्ड (घ) को (६)र सोही ऐनको दफा ६२ क. बमोजिम आ.व. २०८१/८२ का लागि यस गाउँपालिका क्षेत्र भित्रका देहाय बमोजिमका स्थानहरूबाट नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा संकलन शुल्क गण्डकी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७ बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा तोकिए बमोजिमको परिमाणमा गण्डकी प्रदेशको आर्थिक ऐन २०८१ ले तोके बमोजिमको दरबाट कायम हुन आएको न्यूनतम रकमबाट बढाबढ हुने गरि ठेक्का बन्दोबस्ती गर्न यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरूले बोलपत्र फारम दस्तुर जम्मा गरी २०८१/१०/०३ गते दिनको ठिक १२:०० बजे भित्र तपशिल बमोजिमका शर्तहरूको अधिनमा रही हार्डकपि तथा E-Bidding मार्फत बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ ।

नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन आदि प्राकृतिक स्रोतको उपयोगमा लिइने करको ठेक्का विवरण

ठेक्का नं.	प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) अनुसारको घाटको विवरण	उत्खनन परिमाण (घ.मि.)	न्युनतम रकम (मु.अ.कर. बाहेक)	बोलपत्र जमानत रकम (धरौटी रकम)	बोलपत्र दस्तुर
GRM/GOODS/ 02/2081/82	त्रिशुली नदीका विभिन्न घाटहरू (गोर्दी घाट १, गोर्दी घाट २,घाट बेसि घाट,ज्यामिरेघाट/तिन भंगाले घाट, अम्बोटे घाट,बर्खे घाट, बादरे घाट)	३५,७४५.००	१,१३,६६,९१०.००	कबोल अंकको ५.००% ले हुन आउने रकम कृषि विकास बैंक ०३२५८०१४९१८३५०४३	प्रत्येक ठेक्काको रु ३००० कृषि विकास बैंक ०३२५८०१४९१८३५१४०
GRM/GOODS/ 03/2081/82	बुढीगण्डकी नदीका विभिन्न घाटहरू (घौसुर खोला घाट, छोटेटार घाट, कौदी घाट,चालिसे घाट, कालिकाटार घाट)	४६,१९०.००	१,४६,८८,४२०.००		

नोटः विस्तृत सूचना यस कार्यालयको website: www.gandakimun.gov.np मा समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

ङादी ग्रुप पावर लिमिटेड
Ngadi Group Power Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. ३., महाराजगंज, चक्रपथ, फोन नं.: ०१-५७०५१५९/५७०५६०८
इमेलः nyadigroup06@gmail.com / वेभसाइट : www.ngpl.com.np

हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

श्री ङादी ग्रुप पावर लिमिटेडको मिति २०८१/०८/१७ गतेसम्म कायम साविक शेयरधनीहरुका लागि १ शेयर बराबर नयाँ १ (१ : १) को अनुपातमा प्रति शेयर रु.१००/- अंकित दरको १,८५,१२,७९२.२२५ कित्ता हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला **आज मिति २०८१/०९/२३ गतेका दिन देखि २०८१/१०/१४ गतेसम्म** गरिएको हुँदा सम्बन्धित सबै शेयरधनी महानुभावहरुको जानकारीका लागि अनुरोध गर्दछौं ।

सि.नं.	हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र दरखास्तसाथ रकम बुझाउने स्थानहरु
१.	श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ ।
२.	श्री सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालयहरुः विराटनगर, विरगञ्ज, नारायणघाट, पोखरा, बेशीसहर, बुटवल, नेपालगञ्ज, धनगढी र सुर्खेत ।
३.	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा सिद्धार्थ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री ङादी ग्रुप पावर लिमिटेडको वेभसाइटः www.ngpl.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लिमिटेडको वेभसाइटः www.siddharthacapital.com मार्फत हेर्न सक्नेछन् ।

साथै, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णयमा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु सिद्धार्थ क्यापिटल लिमिटेड, ङादी ग्रुप पावर लिमिटेड तथा नेपाल धितोपत्र बोर्डको वेभसाइट : www.sebon.gov.np बाट डाउनलोड गरी पढ्न सकिनेछ ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं, फोन नं.०१-५९७०७४७ मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

अन्य विस्तृत जानकारीको लागि **मिति २०८१/०९/०५ गतेको "नयाँपत्रिका"** दैनिकमा प्रकाशित कम्पनीको हकप्रद निष्काशन सम्वन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

Siddhartha Capital Limited
Investing happiness

सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ०१-५९७०७४७, फ्याक्सः ०१-४५२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com

धितोमा रहेको चल/अचल सम्पत्ति बोलपत्र मार्फत लिलाम विक्री गरिने ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८१/०९/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका

साविकको जिएमई बचत तथा ऋण सहकारी संस्था लिमिटेड (एकिकरण पश्चात यस आईएमई को-अपरेटिभ सर्भिस लिमिटेडको सेवाकेन्द्र कार्यालय लैनचौर) र यस संस्थाको सेवाकेन्द्र कार्यालय गोगंबु काठमाण्डौंबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको सावाँ व्याज संस्थासँग गर्नु भएको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक/पटक मौखिक, लिखित पत्राचार तथा एसएमएस बाट बारम्बार तारताकेता गर्दा समेत वेवास्ता गरी ऋण/कर्जा भुक्तान नगर्नु भएकोले राष्ट्रिय दैनिक पत्रिकामा ऋणको साँवा व्याज चुक्ता/भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जाको साँवा व्याज भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भई ऋण लिदाँको बखत गर्नु भएको सम्पुर्ण शर्त/बन्देज तथा सम्झौताहरु उलंघन गर्नु भएकोले सो ऋण लिदाँको बखत सुरक्षण बापत धितो लेखी दिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ, सोहि अवस्थामा नै प्रचलित कानुनको अधिनमा रहि बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गर्नको लागि **पुनः ३५ (पैतिस) दिने लिलाम सम्बन्धि सूचना** प्रकाशित गरिएको छ । धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत खरिद गरिलिनु हुन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य सघं संस्थाले यो सूचना प्रकाशित भएको ३५ (पैतिस) दिन (सो दिन सार्वजनिक बिदा परेमा, बिदा पश्चात् कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्त/बन्देजको अधिनमा रहि, रितपुर्वक बोलपत्र फारम भरि **यस संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको कर्जा असुलि विभागमा** आइपुग्ने गरी बोलपत्र पेश गर्न आह्वान गरिन्छ । साथै लिलाम प्रक्रिया बाट धितोमा रहेको तपसिल बमोजिमको चल/अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम विक्री गर्दा संस्थाको सम्पुर्ण लेना रकम असुल उपर हुन नसकेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको संसोधित कर्जा असुली नियमावली २०८० र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

१. ऋणी तथा व्यक्तिगत जमानिकर्ताको नाम र ठेगाना (सेवाकेन्द्र कार्यालय लैनचौर)

ऋणी : श्री बुद्धि बहादुर अधिकारी
बाबु : भक्त बहादुर अधिकारी
बाजे : मान बहादुर अधिकारी
ना.प्र.नं. : ७९३४५
जारी मिति : २०५७/०७/१८ (गोरखा)
ठेगाना : गोरखा जिल्ला आरुपोखरी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला तारकेश्वर न.पा वडा नं. ६, बस्ने ।

व्यक्तिगत धनजमानिकर्ता : श्री दिपा अधिकारी
पति : बुद्धि बहादुर अधिकारी
ससुरा : भक्त बहादुर अधिकारी
ना.प्र.नं. : ४४-०१-७३-०००३९
जारी मिति : २०७३/०१/०५ (गोरखा)
ठेगाना : गोरखा जिल्ला आरुपोखरी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला तारकेश्वर न.पा वडा नं. ६, बस्ने ।

व्यक्तिगत धनजमानिकर्ता : श्री शारदा जोशी
बाबु : अमृत कुमार जोशी
बाजे : प्रेम बहादुर जोशी
ना.प्र.नं. : ३१२१७
जारी मिति : २०५७/११/१९ (पर्वत)
ठेगाना : पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २६, बस्ने ।

धितोको विवरण

- ❖ बुद्धि बहादुर अधिकारीको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला जुटपानी गा.वि.स. वडा नं. ८ सिट नं. ८ ख स्थित कित्ता नं. ३५५ र १८४२ को क्षेत्रफल क्रमश ३००५.३२ ब.मि. र ३४७.०० ब.मि. गरी जम्मा क्षेत्रफल ३३५२.३२ बर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
- ❖ बुद्धि बहादुर अधिकारीको नाममा मालपोत कार्यालय मनमैजु, काठमाण्डौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला धर्मस्थली गा.वि.स. वडा नं. ५ सिट नं. ५ क स्थित कित्ता नं. ७८३ को क्षेत्रफल १२७.१८ (०-४-०-० रोपनी) वर्गमिटरको पुरा जग्गा र सो जग्गामा बनेको घर सहित उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
- ❖ बुद्धि बहादुर अधिकारीको नाममा मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला कल्याणपुर गा.वि.स. वडा नं. ९ सिट नं. ९ स्थित कित्ता नं. ७१३ को क्षेत्रफल ३३८.५८ (०-१-०-० विघा) वर्गमिटरको पुरा जग्गा र सो जग्गामा बनेको घर सहित उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
- ❖ बुद्धि बहादुर अधिकारीको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला धर्मस्थली गा.वि.स. वडा नं. ५ सिट नं. ५ क स्थित कित्ता नं. १११५ र १११३ को क्षेत्रफल क्रमश १३१.१४ व.मि. र ९५.३७ व.मि. गरी जम्मा क्षेत्रफल २२६.५१ वर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

२. ऋणी तथा व्यक्तिगत जमानिकर्ताको नाम र ठेगाना (सेवाकेन्द्र कार्यालय लैनचौर)

ऋणी : श्री शारदा जोशी
बाबु : अमृत कुमार जोशी
बाजे : प्रेम बहादुर जोशी
ना.प्र.नं. : ३१२१७
जारी मिति : २०५७/११/१९ (पर्वत)
ठेगाना : पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २६, बस्ने ।

व्यक्तिगत धनजमानिकर्ताः श्री बुद्धि बहादुर अधिकारी
बाबु : भक्त बहादुर अधिकारी
बाजे : मान बहादुर अधिकारी
ना.प्र.नं. : ७९३४५
जारी मिति : २०५७/०७/१८ (गोरखा)
ठेगाना : गोरखा जिल्ला आरुपोखरी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला तारकेश्वर न.पा वडा नं. ६, बस्ने ।

धितोको विवरण

- ❖ शारदा जोशीको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २९ सिट नं. १०२९८४२४ स्थित कित्ता नं. ६८६ को क्षेत्रफल ९६.५० वर्गमिटरको पुरा जग्गा र सो जग्गामा बनेको घर सहित उक्त घरजग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

३. ऋणी तथा व्यक्तिगत जमानिकर्ताको नाम र ठेगाना (सेवाकेन्द्र कार्यालय गोगंबु)

ऋणी : श्री कमला देवी शर्मा
पति : रुद्र नाथ आचार्य
ससुरा : हरी प्रसाद आचार्य
ना.प्र.नं. : १९७९५९
जारी मिति : २०६२/०१/१५ (बाग्लुङ्ग)
ठेगाना : बाग्लुङ जिल्ला अमलाचौर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल कास्की जिल्ला सार्दिखोला गा.वि.स.वडा नं. १ ठेगाना भएकी ।

व्यक्तिगत धनजमानिकर्ता : श्री रुद्रनाथ आचार्य
बाबु : हरी प्रसाद आचार्य
बाजे : यदुनाथ आचार्य
ना.प्र.नं. : १०७३२३
जारी मिति : २०५७/०४/१० (कास्की)
ठेगाना : कास्की जिल्ला सार्दिखोला गा.वि.स.वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला नागार्जुन न.पा.वडा नं. २ बस्ने ।

व्यक्तिगत धनजमानीकर्ता : श्री शारदा जोशी
बावु : अमृत कुमार जोशी
बाजे : प्रेम बहादुर जोशी
ना.प्र.नं. : ३१२१७
जारी मिति : २०५७/११/१९ (पर्वत)
ठेगाना : पर्वत जिल्ला कुस्मा न.पा.वडा नं ४ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला का.म.न.पा बडा नं. २६ बस्ने ।

धितोको विवरण

- ❖ कमला देवी शर्माको नाममा मालपोत कार्यालय चावहिल, काठमाण्डौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला विष्णु बुढानिलकण्ठ गा.वि.स.वडा नं. ६, नक्शा सिट नं. ६क स्थित कित्ता नं. १०२३, १०२५ र १०२२ को जम्मा क्षेत्रफल २०३४.८६ बर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

लिलाम बिक्री सम्बन्धि अन्य शर्त र बन्देजहरु

१. लिलाम विक्री सम्बन्धि शर्त/बन्देज सहितको बोलपत्र फारम यस संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको ऋण/कर्जा असुली विभाग वा यस संस्थाको सेवा केन्द्र कार्यालयहरु बाट रु. १०००/- (फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ ।
२. लिलाम विक्री सम्बन्धि सम्पुर्ण शर्त/बन्देजहरु बोलपत्र फारमको सि.नं. १ देखि १५ सम्म उल्लेख भए अनुसार नै हुनेछ ।
३. बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्विकृत गर्ने सम्बन्धि सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
४. लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्न र लिलाम सम्बन्धि विस्तृत जानकारी लिन आवश्यक ठानेमा केन्द्रिय कार्यालय कान्तिपथ, काठमाण्डौं वा सेवाकेन्द्र कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिउँसो ठिक ३:०० बजे बोलपत्र खोलिने हुँदा ऋणी जमानतकर्ता, धितो सुरक्षण दिनुहुने व्यक्ति, बोलपत्रदाता तथा सम्बन्धित सबैलाई केन्द्रिय कार्यालय कान्तिपथ, काठमाण्डौंमा उपस्थित हुनको लागि समेत जानकारी गराइन्छ ।
६. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा (बिदा पश्चात् कार्यालय खुलेको दिन) सोहि समयमा नै बोलपत्र खोलिनेछ ।
७. बोलपत्र फारममा उल्लेखित अन्य सम्पुर्ण शर्त लागु हुनेछ ।
८. संस्थाले चाहेको खण्डमा लिलाम मिति थपघट गर्न सक्ने छ ।

पुनश्चः उल्लेखित धितो लेखिदिएको सम्पत्ती लिलाम विक्री गर्दा वा संस्थाले आफै सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भयो वा उक्त सम्पत्तीको उचित मुल्य प्राप्त नभै कम मुल्यमा लिलाम विक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन ।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय — २०८१/१०/२८ गते कार्यालय समय सम्म
बोलपत्र खोलिने मिति, समय र स्थान — २०८१/१०/२९ गते मंगलबार केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौं दिउँसो ३:०० बजे

नेपाल सरकार साविक डिभिजन सहकारी कार्यालय हालः सहकारी विभागबाट इजाजत प्राप्त संस्था
IME Co-operative Service Ltd.
आईएमई को अपरेटिभ सर्भिस लि.
Kantipath, Kathmandu, Nepal
01-5329601 01-5339602 01-5339603
info@imecsl.com www.imecsl.com

Biratnagar : 021-514540
Nepalgunj: 081-532708
Itahari: 025-590109
Satdobato: 01-5151169
Airport: 01-5903500
Pokhara : 061-541683
Narayanghad : 056-598864
Ghorahi : 082-561717
Newroad : 01-5351581
Lahan : 033-565184
Gongabu : 01-4964761
Butwal : 071-546585
Dhangadhi : 091-590581
Baglung : 068-524280

■ जय ट्रफी एलिट कप

मयनले शतक बनाए पनि रोकियो मधेश प्रदेश

दुईदिवसीय क्रिकेटको पहिलो खेलमा मयन यादवले शतक बनाउँदा स्पिनरद्वय सन्दीप लामिछाने र साहब आलमले लिए समान १० विकेट, दुवै खेल बराबरीमा सकियो

वीरगन्जमा तिवारी यादव
जनकपुरमा हदिश खुद्दार

ओपनर मयन यादवको शतक प्रेरित मधेश प्रदेशले जय ट्रफी दुईदिवसीय एलिट कपको पहिलो खेलमा बागमती प्रदेशविरुद्ध बराबरी खेलेको छ। दोस्रो दिन १६४ रनको लक्ष्य पछ्याएको बागमतीले खेल सकिँदा ६ विकेट गुमाएर ९७ रन बनाएपछि दुवै टोलीले अंक बाँडेका हुन्। दोस्रो दिनको दोस्रो इनिङ्समा १८ वर्षीय मयनले १०२ रन बनाए। जय ट्रफीमा पहिलो शतक बनाउने खेलाडी बन्दा मयनले १०८ बलमा १२ चौका र २ छक्का हिर्काए।

दायाँहाते खेलाडीले प्रधानमन्त्री कपमा सुदूरपश्चिमविरुद्ध पनि शतक बनाएका थिए। प्रतियोगिताको पहिलो दिन स्पिनर हाबी हुँदा कुनै पनि ब्याटरले अर्धशतक बनाउन सकेका थिएनन्। दोस्रो दिन मयनले जनकपुरको रामजानकी मैदानमा शतक बनाए। यता, वीरगन्जको नारायणी रंगशालामा आर्मीका सोमपाल कामीले अर्धशतक बनाएका छन्।

शतक बनाएपछि मयनले योजनाअनुसार सफल भएको प्रतिक्रिया दिए 'शतक प्रहार गर्दा खुसी लागेको छ। सुरुदेखि नै यो खेलमा शतक बनाउने मुड थियो। माइन्ट पोजेटिभ राखेर खेल्दा शतक बनाउन सफल भए,' मयनले शतक बनाएपछि नयाँ पत्रिकासँग भने, 'जस्तो बल आउँछ त्यही रणनीतिअनुसार पनि खेलेको हो। त्यही भएर बल र रन उस्तैउस्तै हुन पुग्यो। यहाँको मैदान डे क्रिकेटका लागि भएकाले पनि राम्रो खेल भइरहेको छ।'

पहिलो दुवै खेल बराबरी

प्रतियोगिताको पहिलो दुवै खेल बराबरीमा सकिएका छन्। सोमबार पहिलो खेलमा बागमती र मधेश प्रदेशले अंक बाँडेका हुन्। मधेशका मयनले शतक बनाउँदा बागमतीका कप्तान सन्दीप लामिछानेले सर्वाधिक १० विकेट लिए। पहिलो इनिङ्मा पाँच विकेट लिएका सन्दीपले दोस्रो इनिङ्समा पनि ५ विकेट लिएका हुन्। यता, वीरगन्जको नारायणी रंगशालामा भएको विभागीय डर्बीमा त्रिभुवन आर्मी र नेपाल पुलिस क्लबले बराबरी गरेका हुन्। आइतबारदेखि सुरु भएको पहिलो खेल निर्धारित समयसम्ममा नतिजाविहीन हुनपुगेको हो।

स्पिनर हाबी हुँदा ब्याटरले रन बनाउन सकेनन्

मञ्जित श्रेष्ठ, प्रशिक्षक
नेपाल पुलिस क्लब

नेपाल पुलिस क्लब सुरुदेखि नै आफ्नो रणनीतिअनुसार खेल खेलेको हो। त्यसैले धेरै अंक पनि पाएको छ। खेलमा पहिलेदेखि नै संघर्ष गर्नुपर्‍यो। यहाँ स्पिनरको दबदबा भइरहेको छ। बिहानदेखि खेल हुँदा अलि पिचमा घाम लागेको छैन। तर, पनि खेलाडीहरूले राम्रो खेलेका छन्। अब आगामी खेलमा योभन्दा बढी मिहिनेत गर्नुपर्छ। यहाँका स्थानीयहरूको पनि राम्रो साथ र सहयोग पाइरहेको अवस्था छ। पहिलाको भन्दा पिच र ग्राउन्ड पनि राम्रो भएको अवस्था छ। आगामी खेलमा घाम लागे झन् राम्रो प्रदर्शन हुने अपेक्षा छ।

फरक अनुभव भएको छ

चन्द्र साउद, प्रशिक्षक
त्रिभुवन आर्मी क्लब

दुई दिनको खेल भन्नुपर्दा समग्रमा राम्रो रह्यो। यस्तो खेल धेरै समयपछि भएको छ। धेरै खेलाडीका लागि पहिलोपटक यो प्रतियोगिता भइरहकाले फरक अनुभव भएको छ। बिस्तारै यस्तो खेलमा अनुभव हुँदै गए राम्रो हुने विश्वास पनि लिएका छौं।

खेलमा बिहानको मौसमले अलिकति समस्या ल्याएको छ। जुन आगामी दिनमा राम्रो हुने आशा छ। यस्तै, अहिले पहिलेको भन्दा ग्राउन्ड पनि राम्रो भएको छ।

भएको दुई दिनको खेलमा आर्मीले पुलिसलाई दिएको लक्ष्य निर्धारित समयमा पुर्‍याउन सकेन। दोस्रो इनिङ्समा १८२ रनको लक्ष्य पाएको पुलिसले दोस्रो दिनको खेल सकिँदा ५ विकेटको क्षतिमा ८८ रन बनाएपछि अंक बाँडिएको हो। पुलिसका लागि अर्जुन साउद १९ रन र शंकर रानाले ५ रन बनाएर अविजित रहे। यसअघि अमित श्रेष्ठले ३६ रन, दिलीप नाथले १० रन, कुशल भुर्तेलले ६ रन, रसिद खान १० रन र गुल्सन झाले १ रन बनाएका थिए।

आर्मीका आकाश चन्दले ७ ओभरमा २४ रन खर्चिएर २ विकेट पाए। साहब आलमले १८ ओभरमा ३२ दिँदै २ विकेट लिए। यसअघि पहिलो इनिङ्समा उनले एक्लै आठ विकेट लिएका थिए। उनी सन्दीपसँगै एकै खेलमा १० विकेट लिने दोस्रो खेलाडी बनेका छन्। बिहान ९ बजे सुरु भएको दोस्रो दिनको खेलमा पुलिस १२५ रनमा अलआउट भएपछि आर्मी ब्याटिङमा आएको थियो। सोमपाल कामीको ८२ रन मद्दतमा आर्मीले १७५ रन बनायो। समग्रमा पुलिसले १७२ रनको लक्ष्य पाएको थियो। यसअघि पहिलो इनिङ्समा पुलिसका गुल्सन झा अर्धशतकबाट ३ रनले चुकेका थिए। ५४ बलमा ४७ रन बनाएका गुल्सनलाई साहबको बलमा कुशल मल्लले क्याच गरेका थिए।

मापदण्ड पूरा नगरे खेल संघ खारेज गर्ने चेतावनी

कास्कीमा रोहितराज पराजुली

प्रदेश खेलकुद परिषद् गण्डकीले दर्ता तथा अध्यावधिक र नवीकरण नभएका जिल्ला खेल संघको दर्ता खारेज गर्ने भएको छ। प्रदेशका ११ जिल्लामा रहेका जिल्ला खेलकुद विकास समितिलाई पत्राचार गर्दै १५ पुससम्मका लागि चेतावनी दिइएको छ। परिषद्का सदस्यसचिव श्रीधर शर्माले जिल्ला खेलकुद विकास समितिलाई सोमबार पत्राचार गर्दै दर्ता तथा अध्यावधिक नवीकरण नभएका जिल्ला खेल संघको दर्ता खारेजसँगै लेटरप्याड, छाप र पदीय हैसियतको प्रयोग रोक्न निर्देशन दिएका हुन्।

पत्रमा प्रदेश खेलकुद विकास ऐन २०७७ को दफा २२ र प्रदेश खेलकुद विकास नियमावली २०७८ को नियम ६, ७, ८, ९ र १० मा प्रदेश र जिल्लास्तरीय विभिन्न खेल विधाको खेल संघको गठन, सञ्चालन, साधारणसभा र दर्ता, नवीकरणसम्बन्धी व्यवस्था गर्ने उल्लेख गरिएको छ। 'जिल्ला समितिमा गत आर्थिक वर्ष ०८०/८१ सम्म दर्ता भएका सबै जिल्ला खेल संघहरूले १५ पुस ०८१ गतेभित्र अघिल्लो वर्षको साधारणसभा सम्पन्न गरी जिल्ला खेलकुद विकास समितिमा नवीकरण गर्न गराउन सार्वजनिक सूचना प्रकाशित गरिन्छ। साथै, सो समयमा दर्ता तथा अध्यावधिक र नवीकरण नभएको जिल्लास्थित खेल संघहरूको दर्ता खारेज गरिन्छ।'

९० दिनको समयसीमा पूरा

ऐनमा प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण गराई आर्थिक वर्ष समाप्त भएको मितिले ९० दिनभित्र खेलसंघ नवीकरण गराइसक्नुपर्नेछ व्यवस्था रहेकोमा परिषद्ले त्यसलाई १५ पुससम्मको समय दिएको थियो। सोबमोजिम नगरेका संघ परिषद्ले खारेज गर्न लागेको हो। यसैगरी खेल संघ, संस्थालाई आर्थिक वर्ष समाप्त भएको ४५ दिनभित्र वार्षिक प्रतिवेदन दर्ता गर्नुपर्ने व्यवस्थासमेत ऐनमा गरिएको छ।

आ-आफनो जिल्लाभित्र दर्ता भएका तर उल्लेखित मितिभित्र साधारणसभा सम्पन्न गरी नवीकरण नगराएका जिल्ला खेल संघहरूलाई उल्लेखित नियमावलीको नियम १० बमोजिम सात दिनभित्र त्यस्ता संघको अनिवार्य दर्ता खारेज गरी विवरण जानकारी गराउन सदस्यसचिव शर्माले ११ जिल्लामा पत्राचार गरेका हुन्। योसँगै जिल्ला समितिमा दर्ता नरहेका वा खारेज भएका कुनै पनि खेल संघको लेटरप्याड, छाप र पदीय हैसियत प्रयोग नगर्न नगराउन हुन भनी त्यस्ता संघलाई जानकारी गराउने तथा सार्वजनिक सूचना प्रकाशित गर्ने व्यवस्था मिलाउने र त्यसयता दर्ता खारेज भएका संघहरू र खेलकुदसँग सम्बन्धित अनधिकृत खेल संघ, संस्थाहरूका गतिविधि र बैंक खातासमेत रोक्का गर्न शर्माले पत्रमार्फत निर्देशन दिएका छन्।

समितिमा दर्ता र अध्यावधिक नवीकरण भएका खेल संघ, संस्थाहरूको नामावली सात दिनभित्र सार्वजनिक सूचना प्रकाशित गर्ने, सो नामावलीबाहेक अन्य खेल संघ, संस्थाहरू अनधिकृत भएको व्यहोरा त्यस जिल्लाका स्थानीय पालिकाहरू, जिल्ला प्रशासन कार्यालयसमेतलाई जानकारी दिने व्यवस्थासमेत मिलाउने गरी पत्राचार भएको परिषद्का कार्यालय प्रमुख तोपलाल भुसालले जानकारी दिए।

■ राष्ट्रिय महिला लिग

रश्मिको लगातार दोस्रो ह्याट्रिक

नयाँ पत्रिका

रश्मिकुमारी घिसिङले राष्ट्रिय महिला लिगको दोस्रो चरणमा लगातार ह्याट्रिक गरेकी छिन्। सोमबार भएको खेलमा विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफले वालिङ नगरपालिकालाई ९-० ले हराउँदा रश्मिले चार गोल गरिन्। उनी दुई खेलमै सात गोल गर्दै उच्च गोलकर्ताको शीर्ष स्थानमा छिन्।

यसअघि १६ भदौदेखि १८ असोजसम्म भएको पहिलो चरणमा पनि रश्मिले तीन ह्याट्रिक प्रहार गरेकी थिइन्। टोलीले ९ खेल खेल्दा सर्वाधिक १८ गोल गरिन्। दोस्रो चरणको पहिलो खेलमा बागमती युवा क्लबविरुद्ध एपिएफ ५-१ ले पराजित हुँदा रश्मिले खेलेको ६, १२ र ७० मिनेटमा गोल गरेकी थियन्। दोस्रो खेलमा रश्मिले पहिलो हाफको १७औं मिनेटमै ह्याट्रिक पूरा गरिन्। खेलको ३, ६, १७ र ७७औं मिनेटमा गरी चार गोल गरेकी हुन्।

मुख्य स्ट्राइकर सावित्रा भण्डारी फ्रेन्च महिला लिग खेल्ने भएपछि एपिएफले राष्ट्रिय टोलीकी सदस्य रश्मिलाई अट्याकको भूमिका सुम्पिएको छ। सावित्राको अभावलाई रश्मिले कमी हुन दिएकी छैनन्। 'रश्मिबाट राम्रो भइरहेको छ। तर, हामीले सोचेजस्तो अझै अट्याकिङ थर्डमा राम्रो हुन सकेको छैन,' एपिएफका प्रशिक्षक जीवेशकुमार पाण्डेले खेलपछि भने, 'अझै फिनिसिङमा समस्या छ। त्यसैमा सुधार गर्नुपर्छ।'

तस्बिर सौजन्य : एन्फा

करिब दुई वर्षअघि भएको लिगमा रश्मिले विभागीय अर्को टोली त्रिभुवन आर्मी क्लबबाट खेलेकी थिइन्। गत वर्ष मात्रै उनी आर्मी छाड्दै एपिएफमा अनुबन्ध भएकी हुन्।

एपिएफको दोस्रो जित

रश्मि चम्किएपछि एपिएफले लिगको दोस्रो चरणमा लगातार दोस्रो जित निकालेको छ। राष्ट्रिय टोलीका ९ खेलाडी मैदान उतारेको एपिएफले कमजोर रहेको वालिङलाई ९-० ले हरायो। पहिलो चरणमा भने टोली मात्र २-१ ले पराजित भएको थियो। दोस्रो चरणमा विदेशी खेलाडी अनुबन्ध गर्न नसक्दा वालिङ ठुलो हार व्यहोर्न बाध्य भएको हो। सोमबार सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा एपिएफलाई जित दिलाउन रश्मिले एक्लै चार गोल गरिन्। रक्षक गीता राना र मिडफिल्डर सरु लिम्बूले समान दुई गोल गरेका हुन्। अर्की मिडफिल्डर अनिता केसीले एक गोल थपिइन्।

वालिङविरुद्ध राष्ट्रिय टोलीकी रश्मि, सरु, गीता, अनिता केसीसँगै, अनिता बस्नेत, रेनुका नगरकोटे, प्रीति राई, सविता रानामगर र निशा थोकर एपिएफको टिममा थिए। त्यस्तै, नेपालको उमेर समूहबाट खेलिसकेकी गोलकिपर सावित्री किसन, प्रतीक्षा चौधरी, मनमाया दमाईं, रेनुका हमाल, हिमा रावत र कुसुम खतिवडालाई एपिएफले मौका दिएको थियो। एपिएफमा जागिरे रहेका सावित्री फ्रान्स र गोलकिपर अञ्जिला तुम्बाप्पो सुब्बा ग्रिसको लिगमा आबद्ध छन्।

लगातार दोस्रो जितपछि एपिएफले ६ अंक जोडेको छ। एपिएफ लिगमा लगातार दुई खेल जित्ने एक्लो टोली हो। लगातार दोस्रो पराजय व्यहोरेको वालिङ पुछारमा छ। पहिलो खेलमा वालिङ अर्को विभागीय टोली नेपाल पुलिस क्लबसँग ५-० ले हारेको थियो। यो हारपछि वालिङको प्लेअफ सम्भावना कमजोर भएको छ।

संकटाको जिमा पेम्बाको ह्याट्रिक

काठमाडौं/ पेम्बा तामाङको उत्कृष्ट प्रदर्शन प्रेरित संकटा क्लबले एन्फा यू-१६ युथ लिगमा सोमबार एफसी खुमलटारविरुद्ध ४-१ को सहज जित दर्ता गरेको छ। जितसँगै सुखद सुरुवात गरेको संकटाले तीन अंक जोडेको छ। खुमलटारले हारबाट प्रतियोगिता सुरु गरेको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा संकटालाई जित दिलाउन पेम्बाले ह्याट्रिक गर्दा एल्सन राईको नाममा एक गोल रह्यो। खुमलटारका लागि सूर्य थापामगरले गोल फर्काए। दिनको अर्को खेलमा थ्री स्टार क्लब र विभागीय टोली शसस्त्र प्रहरी बलको एपिएफ क्लबले गोलरहित बराबरी खेलेका छन्।

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः २०८१/०९/२३)

यस कार्यालयबाट तपशिल बमोजिमको कार्यका लागि प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरूको आर्थिक तथा प्राविधिक मुल्यांकन हुँदा तपशिल अनुसारको वोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही तथा न्युनतम मुल्यांकित समेत भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ एवम दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि. नं.	बोलपत्रको नम्वर र कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रु. (मुअकर र पि.एस. सहित)	सूचना प्रकाशित पत्रिका र मिति
1	RM/01/081/082, Phalate Khola Daurali Hulakchaur lift Drinking Water Supply Project, Ramechhap Municipality-02.	Shree Dhanakrishna Construction Pvt. Ltd.	10248857.55	२०८०/०८/१७, मध्यान्ह राष्ट्रिय दैनिक

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, ईटहरी
सडक डिभिजन, इलाम

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८१/०९/२३

यस कार्यालयको सूचना नं. ०५-०८१-८२ मार्फत् आह्वान भएका देहाय बमोजिमका ठेक्काहरुमा पेश हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहरिएका तपसिल बमोजिमका बोलपत्रहरु स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं.	निर्माण कार्यको विवरण	निर्माण व्यवसायीको नाम	कबोल अंक (मू.अ. कर र पि. एस. सहित)
सूचना नं. ०५-०८१-८२				
1.	RDILAM/3373101 13/081/82-20(Re)	Rigid Pavement and Drainage Works on Nepaltar Mangalbare Road, Ilam	M/S Sandakpur Construction and Suppliers Company Pvt. Ltd., Ilam	NRs. 41,65,283.96
2.	DILAM/3373101 13/081/82-29	Roadside Maintenance Works along Mechi Highway (Chihanedanda - Fikkal and Fikkal-Maikhola Section)	M/S C.T. Builders, Ilam	NRS. 27,51,613.28
3.	DILAM/3373101 13/081/82-30	Roadside Maintenance Works along Mechi Highway (Biblyante-Ranke Section)	M/S Kanta Nirman Sewa, Ilam	NRs. 28,76,167.53
4.	DILAM/3373101 13/081/82-31	Roadside Maintenance Works along Mechi Highway (Ranke - Phidim Section)	M/S Kanta Nirman Sewa, Ilam	NRs. 32,90,752.10
5.	DILAM/3373101 13/081/82-32	Roadside Maintenance Works along Mechi Highway (Phidim - Gopetar Section)	M/S Redmark Construction Pvt. Ltd., Panchthar	NRs. 25,74,140.00
6.	DILAM/3373101 13/081/82-33	Roadside Maintenance Works along Mechi Highway (Gopetar-Kabeli Section)	M/S Taplejung Builders Pvt. Ltd., Kathmandu	NRs. 21,17,313.41
7.	DILAM/3373101 13/081/82-34	Road Safety Works along Fikkal Pashupatinagar Road and Fikkal Chhabise Road	M/S Maila Bro Construction, Ilam	NRs. 28,35,341.76

डिभिजन प्रमुख

एसजेवीएन अरूण-3 पॉवर डवलपमेंट कंपनी प्रा. लि.
SJVN Arun-3 Power Development Company Pvt. Ltd.
(एसजेवीएन की पूर्ण स्वामित्व वाली अधीनस्थ कंपनी)
(A wholly owned subsidiary of SJVN)
900 मेगावाट अरूण-3 जलविद्युत परियोजना
900 MW Arun-3 Hydro Power Project
Regd. No.: 111808/69/070

PRESS NOTICE

SJVN Arun-3 Power Development Company (P) Ltd. (SAPDC) invites sealed open tender enquiries from the eligible bidders/contractors of Nepal as per the following details:

Contract No.	Description of Work	Publishing date/ To be Published on websites.	Last date for Submission/ Opening of bid Proposals
PCD-267/2025	Hiring of Security Services for SAPDC, Nepal at various location (Tumlingtar, Pukhuwa(Power House Site), Phaksinda (Dam Site), Janakpur, Kathmandu etc.).	06.01.2025	**Submission:** at (Tumlingtar Office) 27.01.2025 upto 1530 Hrs. **Opening:** at (Tumlingtar Office) 27.01.2025 at 1600 Hrs.
PCD-268/2025	Hiring of Catering, Housekeeping and Secretarial Services for various locations of offices/sites (Tumlingtar, Pukhuwa (Power House Site), Phaksinda (Dam Site), Khotang, Bhojpur Janakpur, Kathmandu etc.) of SAPDC, Nepal.	06.01.2025	**Submission:** at (Tumlingtar Office) 27.01.2025 upto 1530 Hrs. **Opening:** at (Tumlingtar Office) 27.01.2025 at 1630 Hrs.

Bids are to be submitted either by post/Courier or physically in the SAPDC office at **Tumlingtar,** Distt. Sankhuwasabha, Nepal. The Tender Documents can be downloaded from websites: **https://sapdc.com.np & http://sjvn.nic.in/tender.htm**

Further, Amendment(s) / Notification(s) etc. shall be issued on above websites only.

Sd/-
Chief Engineer (P&C),
Arun-3 HEP, Tumlingtar.
Tel.: +977-29-575154
e-mail: pnc.sapdc@sjvn.nic.in

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com